सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ वैशाख २०८१, आइतबार (28 April 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

वेस्ट इन्डिजविरुद्ध नेपालको सानदार प्रदर्शन

कप्तान रोहितको शतकले सिरिजमा अग्रता



रमेश सुवेदी/नयाँ पत्रिका
तस्बिर : **ज्ञानेन्द्र कार्की**

पाँच दिवसीय टी-२० सिरिजको पहिलो खेलमा नेपालले वेस्ट इन्डिज 'ए' टिमलाई पराजित गरेको छ। कप्तान रोहितकुमार पौडेलको ११२ रनको योगदान नेपालको पक्षमा जित निकाल्न महत्त्वपूर्ण रह्यो। १५ हजारमाथि समर्थकमाझ नेपालले १९.४ ओभरमा ६ विकेट गुमाउँदै जित निकालेको हो। कप्तान रोस्टन चेजको अर्धशतक मद्दतमा वेस्ट इन्डिज 'ए'ले नेपाललाई २०५ रनको लक्ष्य दिएको थियो। आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको तयारीस्वरूप वेस्ट इन्डिज पहिलोपटक नेपालमा खेल्न आएको हो। शृंखलाको दोस्रो खेल आइतबार हुनेछ। तेस्रो १९, चौथो २० र पाँचौं खेल २२ वैशाखमा हुनेछ। वेस्ट इन्डिज दुईपटकको आइसिसी टी-२० विश्वकप विजेता हो।


(विस्तृत समाचार पृष्ठ ८ मा)

■ तेस्रो लगानी सम्मेलन आजदेखि

१५४ परियोजना सोकेसमा

५५ विदेशी राष्ट्रका आठ सय र नेपालबाट एक हजार प्रतिनिधि सहभागी

धेरैभन्दा धेरै लगानीको आशय आउने विश्वास छ



● **सुशील भट्ट**
सिइओ, लगानी बोर्ड

हामीलाई लगानी भित्र्याउनु छ, ज्ञान र प्रविधि भित्र्याउनु छ, लगानीका उपकरण एवं औजार भित्र्याउनु छ, अनुभव सुन्नु छ, यी सबै कार्यसँग सम्बन्धित सरोकारवालालाई लगानी सम्मेलनका लागि निम्ता दिएका थियौं, जसमा उत्साहप्रद सहभागिता हुँदै छ। सरकार-सरकार (जी टु जी) र व्यवसायी-व्यवसायी (बी टु बी) सम्झौता एवं समझदारी गर्ने तयारी भइरहेको छ। सरकारी र निजी क्षेत्रका समेत गरी एक सय ५४ परियोजना सोकेसमा राखिएका छन्। यसमध्ये बोर्डअन्तर्गतका १२ परियोजनामा लगानीका लागि आशयपत्र माग्दै छौं। त्यस्तै, निजी क्षेत्रका ३१ परियोजना पनि सोकेसमा छन्। लगानीका लागि आह्वान गर्नेछौं, आशय माग्नेछौं, आफ्ना प्रतिबद्धता व्यक्त गर्नेछौं, अनि उहाँ (लगानीकर्ता)का कुरा सुन्नेछौं। धेरैभन्दा धेरै लगानीको आशय आउने विश्वास छ।

■ बी टु बी र जी टु जी बैठक तथा समझदारी हुँदै

■ १० छुट्टाछुट्टै सत्रमा ५० भन्दा बढी वक्ता

कृष्ण रिजाल/नयाँ पत्रिका

तेस्रो लगानी सम्मेलन आइतबारदेखि काठमाडौंमा सुरु हुँदै छ। नेपालमा रहेको लगानीको सम्भावना र अवसरको जानकारी दिँदै स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने उद्देश्यले सरकारले दुईदिने सम्मेलन आयोजना गरेको हो। सम्मेलनमा विदेशबाट ५५ मुलुकका आठ सय र नेपालका एक हजार गरी एक हजार आठ सय प्रतिनिधि सहभागी हुँदै छन्। सरकारी र निजी क्षेत्रका समेत गरी एक सय ५४ परियोजना सम्मेलनको सोकेसमा राखिएका छन्।

आयोजनाको सम्पूर्ण तयारी पूरा भएको लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले जानकारी दिए। 'सबै विदेशी प्रतिनिधि आइसक्नुभएको छ, जी टु जी र बी टु बीबीच हुने समझदारीका खाकालाई पूर्ण रूप दिने काम भइरहेको छ,' उनले भने, 'सम्मेलनको पहिलो दिन नेपालमा भएको सोकेस परियोजनासहित लगानीको सम्भावना र अवसर प्रस्तुत गर्दै लगानीका लागि आह्वान गर्नेछौं, हाम्रा प्रतिबद्धता सुनाउँदै लगानीकर्ता र साझेदारका कुरा पनि सुन्नेछौं।'

» पृष्ठ २ मा क्रमश:

अघि बढ्यो देशको सार्वभौम साख मूल्यांकन

लगानीकर्ता र दातृ निकायलाई आकर्षित गर्न 'कन्ट्री रेटिङ' चार महिनासम्म सक्ने फिचको लक्ष्य

पवन तिमिल्सिना/नयाँ पत्रिका

लगानी सम्मेलनलाई लक्षित गरेर सार्वभौम साख मूल्यांकन (सोभरेन क्रेडिट रेटिङ)को प्रक्रिया अघि बढेको छ। अन्तर्राष्ट्रिय एजेन्सी 'फिच क्रेडिट रेटिङ'ले आगामी अगस्टको मध्यसम्ममा रेटिङ सक्ने गरी तयारी थालेको हो। जसमा सरकारको आर्थिक सूचकहरूको मूल्यांकनसँगै सुशासनको पनि रेटिङ हुनेछ।

सार्वभौम साख मूल्यांकन भनेको देशको ऋण तिर्न सक्ने क्षमता र इच्छाशक्ति मापन गर्ने पद्धति हो। यसले वित्तीय दायित्वलाई अल्पकाल र दीर्घकालमा सम्बोधन गर्न सक्ने देशको क्षमतालाई संकेत गर्छ। त्यस्तै, देशले ऋण तिर्न नसक्ने जोखिमलाई पनि आकलन गर्छ। यो रेटिङलाई आधार मानेर लगानीकर्ता र दातृ निकायले लगानीको जोखिम अनुमान गर्न सक्छन्। क्रेडिङ रेटिङ नहुँदा अन्तर्राष्ट्रिय विकास साझेदारबाट नेपालले हालसम्म ठूला पूर्वाधारका लागि अपेक्षित ऋण भित्र्याउन सकेको छैन।

अर्थ मन्त्रालयले शुक्रबार राजधानीमा सरोकारवालासँग 'सार्वभौम क्रेडिट रेटिङ' क्षमता विकास कार्यशाला आयोजना गरेसँगै अब भने प्रक्रिया सुरु भएको छ। कार्यशालामा फिचले प्रस्तुतिमार्फत समयतालिका नै प्रस्तुत गरेको छ। तालिकाअनुसार आगामी मेको मध्यसम्ममा सार्वजनिक क्षेत्रका १४ निकाय र निजी तथा अन्य क्षेत्रका ६ संस्थासँग बैठक सञ्चालन गरिने

» पृष्ठ २ मा क्रमश:

मूल्यांकनपछि नेपालको आर्थिक अनुहार संसारले हेर्नेछन्

● **वर्षमान पुन**, अर्थमन्त्री



मुलुकको वित्तीय स्वास्थ्य कस्तो छ भन्नेबारे लगानीकर्ताले जान्न सोभरेन रेटिङ जरुरी छ। विसं २१०० सम्म नेपाललाई विकसित अर्थतन्त्र भएको मुलुकमा स्तरोन्नति गर्ने गरी दीर्घकालीन लक्ष्य लिएका छौं। त्यसका लागि कम्तीमा पनि लगातार साढे सात प्रतिशतको आर्थिक वृद्धि जरुरी छ। आर्थिक वृद्धिका लागि लगानी चाहिन्छ। यसका लागि ठूलो मात्रामा वैदेशिक लगानी बढाउनुपर्छ। त्यसैले ढिला नगरी सर्वभौम साख मूल्यांकनको काम अघि बढाइनेछ। क्रेडिट रेटिङपछि नेपालको आर्थिक अनुहार संसारले हेर्न पाउँछन्।

इलाम २ मा ६० र बझाङ (१) मा ५० प्रतिशत मतदान, मतगणना आज

मतदाता भन्छन्- **जसले जिते पनि हाम्रो मतको सम्मान होस्**

इलाममा **चिरञ्जीवी घिमिरे**

निर्वाचन आयोगले इलाम र बझाङ उपनिर्वाचन शान्तिपूर्ण र उत्साहजनक रूपमा सम्पन्न भएको जनाएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय इलामका अनुसार यहाँ करिब ६० प्रतिशत मत खसेको छ। उता बझाङमा करिब ५० प्रतिशत मतदान भएको आयोगले विज्ञप्तिमार्फत जनाएको छ।


कुल एक लाख १५ हजार ८८९ मतदाता रहेको यो निर्वाचन क्षेत्रमा ६९ हजार २८७ मत खसेको मुख्य निर्वाचन अधिकृत केशव घिमिरेले बताए। जसमा महिला मतदाता ३४ हजार १५० र पुरुष मतदाता ३५ हजार १३५ रहेको उनले बताए। 'शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भयो। यो प्रहरीको

» पृष्ठ २ मा क्रमश:


सुहाङ नेम्वाङ


डम्बर खड्का


मिलन लिम्बू


डकेन्द्रसिंह लिम्बू

एमाले उम्मेदवार सुहाङ नेम्वाङ र कांग्रेस उम्मेदवार डम्बर खड्काले इलाम नगरपालिका- ७ स्थित महेन्द्ररत्न बहुमुखी क्याम्पसमा मतदान गरे। त्यस्तै, रास्वपा उम्मेदवार मिलन लिम्बूले माडसेबुङ गाउँपालिका- २ स्थित जनता कल्याण आधारभूत विद्यालयमा र स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह लिम्बूले फाकफोकथुम- ३ स्थित सिंहदेवी माबि (क) मा मतदान गरे। मतगणना भने आइतबार मात्र हुने भएको छ। इलामका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार आइतबार बिहान ७ बजे सर्वदलीय बैठक बसेर मतगणनासम्बन्धी निर्णय गरिने बताए। 'भौगोलिक विकटताका कारण मतपेटिका आइपुग्न समय लाग्छ। सबै मतपेटिका आइपुग्दा १ नै बज्न सक्छ। त्यसपछि मात्र सर्वदलीय बैठक बस्छ,' निर्वाचन अधिकृत देवीचरण फुएल्ले भने, 'सम्भवतः आइतबार बिहानबाट मत गणना गरिनेछ।' उता बझाङमा आइतबार बिहानसम्म मतपेटिका संकलन हुने र त्यसपछि गणना प्रक्रिया अगाडि बढाइने आयोगले जनाएको छ।

फर्जी लाइसेन्स जारी गर्ने गिरोहका प्रमुख मानिएका भट्ट पक्राउ

सुवास भट्ट/नयाँ पत्रिका

लिखित र ट्रायलविना नै फर्जी लाइसेन्स जारी प्रकरण छानबिनमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले सक्रियता बढाएको छ। फर्जी लाइसेन्स जारी गर्ने कार्यमा नेतृत्वदायी भूमिका खेलेको आरोपमा हरिश भट्टलाई शनिबार सिआइबीले पक्राउ गरेको छ। उनी यातायात व्यवस्था विभाग र अन्तर्गतका कार्यालयमा कम्प्युटर इन्जिनियरका रूपमा डेढ दशक करारमा काम गरेका पूर्वकर्मचारी हुन्।

यातायात व्यवस्था विभाग तथा कार्यालयका कर्मचारी र बिचौलियासमेतको मिलेमतोमा प्रणालीभित्र छिरेर सर्वसाधारणको डाटामा खेली गैरकानुनी रूपमा एक लाखभन्दा बढी फर्जी लाइसेन्स जारी भएको भेटिएको थियो। यातायात व्यवस्था विभागले गरेको छानबिनले सर्वसाधारणको डाटा तोडमोड गरेर लिखित परीक्षा र ट्रायलविनै एक लाख दुई हजार सात सय ११ फर्जी लाइसेन्स जारी गरिएको तथ्य


हरिश भट्ट

> सर्वसाधारणको डाटा तोडमोड गरेर लिखित परीक्षा र ट्रायलविनै एक लाख दुई हजार ७११ फर्जी लाइसेन्स जारी गरिएको यातायात व्यवस्था विभागको छानबिनले गरेको थियो पुष्टि

सार्वजनिक गरेको थियो।

छानबिनबाट ठूलो संख्यामा फर्जी लाइसेन्स जारी भएको भेटिएपछि विभागले यस विषयमा थप छानबिन गरी संलग्नमाथि कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सिआइबीलाई पत्राचार गरेको थियो। विभागले फर्जी लाइसेन्स जारी भएको यकिन गरेर विवरणसहित थप छानबिन तथा कारबाहीका लागि पत्राचार गरे पनि सिआइबीले लामो समय यत्तिकै थाती राखेको थियो। पहिलोपटक १४ माघमा सिआइबीलाई पत्राचार गरेकोमा आलटाल गरेपछि अरू चारपटक पत्राचार गरेको थियो। सिआइबीमा नयाँ नेतृत्व आएपछि मात्रै छानबिन अघि बढेको थियो।

कर्तैमा कारबाही अघि बढाउन सकिने कानुनी आधार विद्यमान रहेको अवस्थामा जिल्ला सरकारी वकिल कार्यालयले समेत यसमा प्रहरीबाट छानबिन गर्नु उपयुक्त नहुने भन्दै विषयलाई पन्छाएको थियो। सिआइबीका प्रमुख एआइजी श्यामलाल ज्ञवालीले भट्टलाई पक्राउ गरिएको पुष्टि गरे। यस विषयमा थप अनुसन्धान भइरहेको उनले बताए। 'फर्जी सवारी लाइसेन्सको अनुसन्धानका क्रममा हरिश भट्टलाई पक्राउ गरिएको छ,' एआइजी ज्ञवालीले भने, 'अब उनीमाथि म्याद थपसहितको प्रक्रिया अघि बढ्नेछ, थप अनुसन्धान जारी छ।'

ट्रायल फेल भएकालाई अनियमित तरिकाले लाइसेन्स वितरण गरेको आरोपमा अख्तियारले २ भदौ ०७१ मा भट्ट र

» पृष्ठ २ मा क्रमश:

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



'नमुना विद्यालय' बन्न निर्देशिका नै बाधक

शैक्षिक गुणस्तर सुधारेर मात्रै पुग्दैन, निर्देशिकाअनुसार सामुदायिक विद्यालयमा १० रोपनी जग्गा अनिवार्य, शिक्षाविद् भन्छन्- 'नमुना विद्यालय' घोषणा घुस खुवाउने कार्यक्रम बन्यो

■ 'नमुना विद्यालय'ले पाउँछन् वार्षिक डेढ करोडसम्म बजेट

शिवहरि घिमिरे/नयाँ पत्रिका

शैक्षिक गुणस्तर सुधारेर बर्सेनि उत्कृष्ट नतिजा ल्याइरहेका सामुदायिक विद्यालयलाई 'नमुना विद्यालय' बन्न शिक्षा मन्त्रालयले जारी गरेको नमुना विद्यालय व्यवस्थापन निर्देशिका ०७४ नै बाधक बनेको छ। ०७४ मा मन्त्रालयले जारी गरेको निर्देशिकाअनुसार 'नमुना विद्यालय' हुन तराईको हकमा दुई बिघा र अन्य ठाउँको हकमा १० रोपनी आफ्नै जग्गा हुनुपर्छ। तर, काठमाडौं उपत्यकासहित सहरी क्षेत्रका अब्बल सामुदायिक विद्यालय १० रोपनी जग्गा नहुँदा 'नमुना विद्यालय' बन्न सकेका छैनन्।

सरकारले ०७४ देखि ०७९ सम्ममा देशभरबाट चार सय २२ विद्यालयलाई नमुना घोषणा गरेको थियो। ०८० मा भने नमुनाको सूचीमा

» पृष्ठ २ मा क्रमश:

जग्गाभन्दा पनि विद्यार्थीको सीप, सिकाइलाई प्राथमिकता दिनुपर्छ



● **विद्यानाथ कोइराला**, शिक्षाविद्

जग्गाभन्दा पनि विद्यार्थीको क्षमता, सीप, सिकाइलाई प्राथमिकतामा राखेर नमुना घोषणा गर्नुपर्ने हो। यसकारण नमुना विद्यालय घोषणा गर्ने निर्देशिका ठीक छैन। सरकार आफैंले चलाएको विद्यालयको जग्गा छैन भनेर भन्नु उचित होइन, राम्रो विद्यालय छुट्याउने कसी जग्गा होइन।

जग्गा कम भएकाले 'नमुना विद्यालय'मा पर्न सकेनौं



● **रामाशिष यादव**, प्रधानाध्यापक, रत्नराज्य स्कुल, मध्यबानेश्वर

निर्देशिकाअनुसारको १० रोपनी जग्गा नहुँदा हाम्रो विद्यालय नमुना विद्यालयमा पर्न सकेको छैन। यहाँ करिब दुई हजार चार सय विद्यार्थी अध्ययन गर्छन्। जग्गाबाहेक विद्यालयले निर्देशिकाको सबैजसो मापदण्ड पुग्छ। तर, जग्गा कम भएकाले 'नमुना विद्यालय'का रूपमा छनोट हुन सकेको छैन।

■ यस्तो छ कानुनी बाधा ?

नमुना विद्यालय व्यवस्थापन निर्देशिका, ०७४ को परिच्छेद ४ को बुँदा ४.२ को 'ख'मा पर्याप्त जग्गा भएका विद्यालयलाई मात्रै नमुना विद्यालय घोषणा गर्न सकिने उल्लेख छ। 'नमुना विद्यालयका रूपमा विकास गर्न अनुसूची ३ मा उल्लिखित भौतिक र शैक्षिक पूर्वाधार निर्माणका लागि विद्यालय हाताभित्र वा हातासँग जोडिएको तराईमा भए न्यूनतम दुई बिघा र हिमाल, पहाड र उपत्यकामा भए न्यूनतम १० रोपनी जग्गा हुनुपर्नेछ,' निर्देशिकामा भनिएको छ, 'विद्यालयको भौगोलिक अवस्थिति बाढी, पहिरो, भूक्षयलगायत प्राकृतिक प्रकोपको दृष्टिले जोखिमपूर्ण स्थानमा नरहेको हुनुपर्नेछ।' नमुना विद्यालय हुनका लागि शिक्षण तथा कक्षाकोठा बाल र सिकाइमैत्री हुनुपर्ने, प्रशासनिक भवन हुनुपर्ने, आवासीय सुविधा, पुस्तकालय, प्रयोगशाला, विद्यालय संग्रहालय हुनुपर्ने, प्राथमिक उपचार तथा परामर्श कक्ष हुनुपर्ने, व्यावसायिक कार्यशाला कक्ष हुनुपर्ने, खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सुविधा हुनुपर्ने, चमेनागृह, खेलमैदान, घेराबार तथा बगैंचा, वैकल्पिक विद्युतीय व्यवस्थालगायत व्यवस्था गरिएको छ।

'मापदण्ड नै नपुगी पैसा पाउनेको लोभमा नमुना दाबी गर्नु राम्रो होइन'

शिक्षा तथा मानवस्रोत विकास केन्द्रका महानिर्देशक दीपक शर्माका अनुसार नमुना विद्यालयमा पर्ने इच्छा धेरै सामुदायिक विद्यालयको हुन्छ। सबै विद्यालयलाई नमुनामा पार्न नसकिने र केही अप्ठ्यारा मापदण्ड राख्नुपर्ने भएकाले पनि जग्गासम्बन्धी मापदण्ड राखिएको हो। उनले गुणस्तरीय शिक्षा प्रदान गर्न साँघुरो ठाउँमा नमिल्ने भएकाले कम्तीमा १० रोपनी जग्गा हुनुपर्ने मापदण्ड राखेको बताए। 'नमुनामा परिएन भनेर विद्यालयहरूले आफ्नो क्षमता प्रदर्शन गर्न छाड्ने होइन, हामीले राखेको 'कटअप प्वाइन्ट' विद्यालयले पालना गरेको हुनुपर्छ,' उनले भने, 'पैसा पाउने लोभमा मापदण्ड नपुगे पनि कतिपय विद्यालय नमुनामा पर्न खोजिरहेका हुन्छन्, तर हामीले निर्देशिका कडाइका साथ लागू गर्छौं।' उनका अनुसार कतिपय विद्यालयले नतिजा सुधार गरेर पनि सुविधा नपाएको गुनासोसमेत गर्ने गरेका छन्।


दीपक शर्मा

बर्सेनि बिदेसिन्छ आधाभन्दा बढी स्वास्थ्य जनशक्ति



● चार वर्षमा ११ हजार ११२ मेडिकल जनशक्ति उत्पादन भएकोमा ६ हजार ४६७ बाहिरिए

● नेपाल मेडिकल काउन्सिलको तथ्यांकअनुसार प्रत्येक वर्ष २५ सयसम्म चिकित्सक अध्ययन र कामका लागि बाहिरिने गरेका छन्

(विस्तृत पृष्ठ ३)

बैंकको निक्षेपमा रेमिट्यान्सको हिस्सा १.५४ प्रतिशत

● वाणिज्य बैंकहरूका अनुसार गत फागुनसम्म ७७ अर्ब ३० करोड ६८ लाखको रेमिट्यान्स खातामा जम्मा, राष्ट्र बैंकसँग छैन यकिन तथ्यांक

(विस्तृत पृष्ठ ६)

इलाम २...

पृष्ठ १ बाट क्रमशः

रिपोर्टअनुसारको मत संख्या हो,' उनले भने, 'अब ठ्याक्कै कति मत खस्यो भन्नेचाहिँ गणनाका क्रममा थाहा हुन्छ।'

०७९ मा भएको प्रतिनिधिसभा निर्वाचनमा ६२ प्रतिशत मत खसेको थियो। 'हामीले पूर्वानुमान गरेजति नै मत खस्यो। गत निर्वाचनमा पनि यहीहाराहारीमा मत खसेको थियो। यो सन्तोषजनक नै छ,' उनले भने, 'कतिपय वैदेशिक रोजगारीमा छन्। कक्षा १२ को परीक्षा पनि यही वेला भएकाले गाउँ छाडेर परीक्षा केन्द्रसम्म पुगेका विद्यार्थीले मत खसाल्न पाएनन्। तसर्थ, ६० प्रतिशत मात्र पुग्यो।'

त्यस्तै, बझाङ प्रदेश सभा (१) मा प्रदेश सभा सदस्यको उपनिर्वाचनमा ४९.१२ प्रतिशत अर्थात् ३० हजार तीन सय २८ मतदान भएको छ। बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म भएको मतदानमा सो प्रतिशत मतदान भएको मुख्य निर्वाचन अधिकृत सुदर्शन लामिछानेले बताए। उनका अनुसार जिल्लामा ६१ हजार ७४८ मतदाता छन्।

जिल्लाका ७४ वटा मतदानस्थल र ९३ केन्द्रमा मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। उनका अनुसार प्रदेश सभा सदस्यका लागि विभिन्न राजनीतिक दलका ११ उम्मेदवार प्रतिस्पर्धामा छन्।

भौगोलिक विकटता रहेको यो निर्वाचन क्षेत्रका मतदानस्थलको मतपेटिका संकलन गरी इलाम सदरमुकाम लगिएको थियो। सबै मतपेटिका संकलनपछि सर्वदलीय बैठक बसेर गणनाको समय तय जिल्ला निर्वाचन कार्यालय इलामले जनाएको छ। 'भौगोलिक विकटताका कारण मतपेटिका आइपुग्न समय लाग्छ। सबै मतपेटिका आइपुग्दा १ नै बज्न सक्छ। त्यसपछि मात्र सर्वदलीय बैठक बस्छ,' निर्वाचन अधिकृत देवीचरण फुएल्लले भने, 'सम्भवतः आइतबार बिहानबाट मत गणना गरिनेछ।'

मतपेटिका गणनास्थलमा ल्याइसकेपछि लगत्तै प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७९ र मतगणनासम्बन्धी आयोगबाट भएको निर्देशनबमोजिम मतगणना गरिने निर्वाचन आयोगले जनाएको छ।

निर्वाचनको स्वतन्त्रता र निष्पक्षतामा कहींकतैबाट विवाद हुन नदिन र त्यस्तो अवस्था सिर्जना भएमा निर्वाचन विवाद (सुनुवाइ र निरूपण) सम्बन्धी कार्यविधि, २०७६ बमोजिम विवाद निरूपण गरी कार्य गर्न मुख्य निर्वाचन अधिकृतलाई आयोगले निर्देशन दिएको जनाएको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय इलामले मतगणनाका लागि इलाम नगरपालिका- ७ मा रहेको गौतमबुद्ध सभागृहलाई तयारी गरिएको सहायक निर्वाचन अधिकृत इन्द्र श्रेष्ठले जानकारी दिए। उनका अनुसार मतगणनास्थललाई सुरक्षित गर्न सिसिक्यामेरा, तारजालीसहितका आवश्यक पूर्वाधार तयार गरिएको छ।

इलाम २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य तथा एमाले नेता सुवासचन्द्र नेम्वाङको गत २६ भदौमा हृदयाघातबाट निधन भएकाले यहाँ उपचुनाव भएको हो। यहाँको उपनिर्वाचनमा राजनीतिक दलका १२ उम्मेदवार र सात स्वतन्त्रसहित १९ जनाले चुनावी प्रतिस्पर्धामा भाग लिएका थिए। जसमा एमालेका सुहाङ नेम्वाङ, कांग्रेसका डम्बर खड्का, राष्ट्रिय स्वतन्त्र पार्टीका मिलन लिम्बू, पहिचानवादीका डकेन्द्रसिंह लिम्बूबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ।

मतदाता भन्छन्- **जसले जिते पनि मतको सम्मान होस्**

माङसेबुङ- ३ लामिडाँडाका धनबहादुर लिम्बू (६८) डेढ घण्टा हिँडेर खलगेमा रहेको दुर्गा माविको मतदानस्थलमा पुगेर मत खसालेर फर्किए। आफ्नो मतको सदुपयोग गर्नुपर्छ भन्ने लागेर उनी उकालोमा मुस्किलले हिँडेर मतदान गर्न पुगे। मतदान गरेर फर्कंदै गर्दा नयाँ पत्रिकाकर्मीसँग बाटोमा भेट भएका उनले जसले जिते पनि अभिमतको सम्मान गर्दै काम गर्न आग्रह गरे। 'मतदान त गरिसकियो। तर, अब जितेर जानेले हामीले यति दुःख गरेर मतदान गरेको सम्झिऊन्। भोट माग्न आउँदा गरेका वाचा पूरा गरून्,' उनले भने, '२५ वर्षदेखि अलपत्र रहेको दमक-चिसापानी सडक कालोपत्रे गरून्। यही अपेक्षा गरेका छौं।'

चुलाचुली- १ का हेमलाल पौडेल (५८)ले ह्विलचियरमा जनता माध्यमिक विद्यालयको मतदानस्थल पुगेर मतदान गरे। सहयोगीका साथमा मतदानस्थल पुगेका उनी गाउँको विकासमा जित्ने उम्मेदवारले काम गरेको हेर्न चहान्छन्। 'सबैभन्दा पहिला हामीजस्तो अपांगता भएका मान्छेको पक्षमा काम गरून्। हामीले राम्रो जीवन जिउन पाइयोस्,' उनले भने, 'त्यसपछि गाउँको विकास गरून्।'

चुलाचुली- २ का मतदाता कोपिलबहादुर देवानले जितेर जाने प्रतिनिधिले गाउँ सम्झनुपर्ने सुझाव दिए। 'जितेर गएपछि नेताले सधैं गाउँ बिर्सन्छन्। एउटा चुनावमा भोट माग्न आएका नेता एकैपटक अर्को चुनावमा मात्र मत माग्न आउँछन्। अब त्यस्तो नहोस्,' उनले भने, 'भोट माग्दा कुला (सिँचाइ) ल्याउँछौं, खानेपानी ल्याउँछौं भनेर वाचा गरेका छन्। यी वाचा पूरा होस्।'



मतदान गर्न ह्विलचियरमा जनता माध्यमिक विद्यालयको मतदानस्थल पुगेका इलाम चुलाचुली-१ का हेमलाल पौडेल। तस्बिर : **चिरञ्जीवी घिमिरे**/नयाँ पत्रिका

फर्जी लाइसेन्स...

पृष्ठ १ बाट क्रमशः

सवारीचालक अनुमतिपत्र बागमतीका तत्कालीन निमित्त प्रमुखसहित १६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो। त्यतिवेला अख्तियारले प्रतिवादी बनाएर मुद्दा दायर गरेकोमा विशेष अदालतले उनलाई सफाइ दिएको थियो। त्यसपछि भट्ट पुनः यायायात व्यवस्था विभागमै करारमा फर्किएका थिए।

अख्तियारबाट मुद्दा खेपेको करिब दशकपछि भट्ट सिआइबीको फन्दामा परेका छन्। फर्जी लाइसेन्स जारी गर्ने तारतम्य मिलाउनेमा उनी विभागमा करारमै रहे पनि शक्तिशाली मानिन्थे। पछिल्लो समय विभागले उनको करार अवधि नवीकरण गरेको थिएन। तर, उनी शक्ति र पहुँच प्रयोग गरेर विभाग जान खोजिरहेका थिए।

भट्टको पक्राउसँगै फर्जी लाइसेन्स जारी गर्ने काममा संलग्न अन्य कर्मचारी तथा व्यक्तिमाथि सिआइबीले सूक्ष्म निगरानी बढाएको छ। यसमा ठूलै गिरोह संगठित रूपमा लागेको आशंका छ। यही गिरोहले अनुसन्धानलाई प्रभावित पार्दै आएको छ। देशभरका सबैजसो यातायात कार्यालयबाट फर्जी लाइसेन्स जारी भएको विभागको अनुसन्धानबाट खुलेको छ। सवारी र घटनाको संवेदनशीलता हेरेर प्रतिलाइसेन्स ४० हजारदेखि पाँच लाख रुपैयाँसम्ममा लाइसेन्स किनबेच भएको भेटिएका छन्। मरेका व्यक्ति, विदेश गएका तथा पहिल्यै जारी भइसकेको नम्बरमा समेत नयाँ लाइसेन्स जारी भएकासम्म पाइएको छ। फर्जी लाइसेन्स जारी भएको यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि छानबिन गरिरहेको छ।

Invitation for Bids

Sukraraj Tropical & Infectious Disease Hospital

Teku, Kathmandu

Date of publication: 2081/01/16

Invitation for Bids No: STIDH/G/NCB/06-080/81

The, ***Sukraraj Tropical & Infectious Disease Hospital Teku, Kathmandu*** invites ***electronic*** bids from eligible bidders for the procurement of The Procurement of Supply, Delivery and Installatio of Biomedical Waste Management System under National competitive bidding – Single Stage Two Envelope procedures.

1. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Sukraraj Tropical & Infectious Disease Hospital, Teku, Kathmandu,*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank	: Ristriya Banijya Bank, Teku, Kathmandu
Name of Office	: Sukraraj Tropical & Infectious Disease Hospital, Teku, Kathmandu
Office Code no.	: 370013506
Office Account no.	: ***1700100000464001***
Bid documents Fee	: *NRs.*5000/- (Non Refundable)
Rajaswa (revenue) Shirshak no.	: 14229

4. Pre-bid meeting shall be held at 14:00on 2081-02-04
5. Electronic bids must be submitted to the office ***Sukraraj Tropical & Infectious Disease Hospital Teku, Kathmandu*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00*** on ***2081-02-15***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** on ***2081-02-15*** at the office of ***Sukraraj Tropical & Infectious Disease Hospital Teku, Kathmandu.*** Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of ***NRs.3,47,400/-*** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. This section specifies the procedures to be followed by Bidders in the preparation and submission of their Bids. Information is also provided on the submission, opening, and evaluation of bids and on the award of contract.

१५४ परियोजना...

पृष्ठ १ बाट क्रमशः

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोल्टी होटेलमा हुने सम्मेलनको उद्घाटन गर्नेछन्। उद्घाटन सत्रलाई सरकारका तर्फबाट प्रधानमन्त्री प्रचण्ड, अर्थमन्त्री वर्षमान पुन र लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले सम्बोधन गर्नेछन्। त्यस्तै, प्रमुख प्रतिपक्षी दल कांग्रेसका सभापति शेरबहादुर देउवाले पनि सम्बोधन गर्ने कार्यक्रम तय भएको लगानी बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले बताए।

उद्घाटन सत्रमा विदेशी प्रमुख वक्तामा चिनियाँ अन्तर्राष्ट्रिय विकास सहयता नियोग (सिआइडिसिए)का अध्यक्ष लुवो चाओहुई, भारतको उद्योग तथा वाणिज्यमन्त्री पियुष गोयल, बेलायती राज्यमन्त्रीद्वय आन मेरी ट्रिभेलियन र एन्ड्रयु मिचेल र अमेरिकी सहायक विदेशमन्त्री डोलान्ड लु छन्। त्यस्तै, संयुक्त राष्ट्रसंघको व्यापार तथा विकास सम्मेलन महानिर्देशक म्याडम रेबेक ग्रिनस्पान, बेलायतको फरेन, कमनवेल्थ एन्ड डेभलपमेन्ट अफिसका क्षेत्रीय निर्देशक बेन मेलर, विश्व बैंक ग्रुपका उपाध्यक्ष मार्टिन रेजर, एसियाली विकास बैंकका उपाध्यक्ष यिङमिङ याङ र एसियाली पूर्वाधार लगानी बैंकका कार्यवाहक उपाध्यक्ष राजत मिश्र विदेशी प्रमुख वक्ता छन्। नेपालका लागि भारतीय राजदूत नवीन श्रीवस्ताव, नेपालका लागि चिनियाँ राजदूत चेन सङ, नेपालका लागि अमेरिकी राजदूत डिनआर थम्सन, सार्क चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका अध्यक्ष जस्मिन उद्दिन, अमेरिकी चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष अतुल केसप, भारतीय उद्योग परिसंघका प्रमुख प्रतिनिधि सुप्रतिम दत्त र सतलज जलविद्युत् निगम (एसजेभिएन)का अध्यक्ष सुशील शर्माले पनि प्रमुख वक्ताकै रूपमा सम्बोधन गर्दै छन्। त्यस्तै, नेपालका निजी क्षेत्रका तर्फबाट नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले सम्बोधन गर्दै छन्।

दुई दिनसम्म चल्ने सम्मेलनमा नेपालमा लगानीसँग सम्बन्धित विभिन्न विषयमा १० छुट्टाछुट्टै सत्रमा छलफल हुँदै छ। यी सत्रमा ५० भन्दा बढी वक्ताको सहभागिता रहनेछ। दुईदिने सम्मेलनमा विभिन्न कन्क्लेभ, बी टु बी र जी टु जी मिटिङ, नीतिगत छलफल, परियोजना सोकेसिङ, लगानीसम्बन्धी समझदारी र सम्झौता तथा नेटवर्किङ मिटिङ हुने सिइओ भट्टले बताए। नेपाललाई लगानी गन्तव्यका रूपमा विश्व समुदायमाझ उभ्याउने सार्थक प्रयासस्वरूप लगानी सम्मेलन आयोजना गरिएको उनले बताए।

नेपालबाहेक चीनबाट सबैभन्दा धेरै लगानीकर्ता ?

लगानी बोर्डका अनुसार नेपालबाहेक चीनबाट सबैभन्दा धेरै लगानीकर्ता सहभागी हुँदै छन्। चीनका २६५, भारतका १४३ र अमेरिकाका ३३ जना लगानीकर्ता, व्यावसायिक तथा सरोकारवालाले निम्तो स्वीकार गरेका छन्। त्यस्तै, जापानका २८, युकेका १४, बंगलादेश र युएईका १३-१३ र जर्मनीका १० जनाले सहभागिताको प्रतिबद्धता जनाएका छन्। दक्षिण एसिया र अस्ट्रेलियाबाट ९-९, पाकिस्तानबाट ८, सिंगापुरबाट ६, कतार र घानाबाट ५-५, साउदी अरब, फ्रान्स र बहराइनबाट ४-४ तथा स्विट्जरल्यान्ड, फिनल्यान्ड, अस्ट्रिया, रसिया र कोलम्बियाबाट ३-३ जना लगानीकर्ता, व्यावसायिक तथा सरोकारवालाले निम्तो स्वीकार गरेका छन्। यीबाहेक, क्यानडा, कुवेत, पोल्यान्ड, मेक्सिको, दक्षिण अफ्रिका, बेल्जियमलगायत देशका लगानीकर्ताले पनि लगानी सम्मेलनको निम्तो स्वीकार गरिसकेका छन्। विश्व बैंक, एडिबीलगायत बहुपक्षीय विकास साझेदारका प्रतिनिधि पनि सम्मेलनमा सहभागी हुँदै छन्। सम्मेलनमा विदेशी प्रतिनिधिको सहभागीता उत्साहप्रद हुने देखिएको बोर्डका सिइओ भट्टले बताए।

निजी क्षेत्रका ३१ सहित १५४ परियोजना सोकेसमा

सरकारले सम्मेलनमा निजीसमेतको गरी एक सय ५४ परियोजना सोकेसमा राख्दै छ। यसमा निजी क्षेत्रका ३१ परियोजना छन्। जसमध्ये २० वटामा लगानीको आशय मागिनेछ। अवधारणापत्र तयार भएका ३० परियोजना सोकेसमा छन्। त्यस्तै, ९ परियोजना पृष्ठपोषणका लागि सोकेस गरिनेछ। सरकार-निजी क्षेत्र (जी टु पी)का लागि १४ परियोजना राखिएका छन्। वित्तीय सहायताका आगि १८ परियोजना राखिएका छन्। अवधारणापत्र बन्दै गरेका ३२ आयोजना पनि सोकेसमा राखिएका छन्। सम्मेलनकै अवसरमा सोकेसमा राखिने केही परियोजनामा लगानीका लागि समझदारी गर्ने तयारी भइरहेको बोर्डले जनाएको छ। यद्यपी, ती परियोजना सार्वजनिक गरिएको छैन।

अघि बढ्यो...

पृष्ठ १ बाट क्रमशः

उल्लेख छ। 'विसं २१०० सम्म नेपाललाई विकसित अर्थतन्त्र भएको मुलुकमा स्तरोन्नति गर्ने गरी दीर्घकालीन लक्ष्य लिएका छौं,' अर्थमन्त्री वर्षमान पुनले कार्यशालामा भने, 'त्यसका लागि कम्तीमा पनि लगातार साढे सात प्रतिशतको आर्थिक वृद्धि जरुरी छ। आर्थिक वृद्धिका लागि लगानी चाहिन्छ। सार्वजनिक र निजी लगानीबाट मात्र विकासका लक्ष्य पूरा हुन सक्दैन। ठूलो मात्रामा वैदेशिक लगानी बढाउनुपर्छ। वैदेशिक लगानीसँगै अर्थतन्त्रको आकार पनि बढ्छ। बाह्य लगानीसँगै आन्तरिक लगानी पनि वृद्धि हुने भएकाले छिटोभन्दा छिटो सोभरेन रेटिङमा जानैपर्ने भएको छ।'

सर्वभौम क्रेडिट रेटिङका लागि फिचसँग संयोजन गर्न सार्वजनिक क्षेत्रबाट अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महालेखानियन्त्रकको कार्यालय, राष्ट्रिय तथ्यांक कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र कृषि तथा पशु विकास मन्त्रालय संलग्न हुने उल्लेख छ। त्यस्तै, नेपाल राष्ट्र बैंक, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, राष्ट्रिय वाणिज्य बैंक, धितोपत्र बोर्ड, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल विद्युत् प्राधिकरण छन्। निजी क्षेत्र तथा अन्य क्षेत्रबाट निजी क्षेत्रका छाता संगठन, प्राध्यापक तथा विद्वान्, नेपाल बैंकर्स संघ र वातावरण संरक्षणसम्बन्धी गैरसरकारी संस्था सहभागी हुनेछन्। यसमा तीनवटा संयोजन फोरमहरू रेटिङ ओभरसाइट कमिटी, रेटिङ एडभाइजरी टिम र ग्रिन ग्रोथ नेपाल गठन गरिएका छन्। यी फोरमको बैठक साप्ताहिक रूपमा बस्ने उल्लेख छ। यी बैठकबाट सरकारको सुशासनको रेटिङ हुने उल्लेख छ। त्यसपछि तथ्यांक संकलन र निर्माणको काम आगामी जुलाईसम्म सम्पन्न हुने फिचको लक्ष्य छ। जसमा गुणात्मक र मात्रात्मक रूपमा तथ्य संकलन र निर्माण हुने बताइएको छ।

तेस्रो चरणमा नेपालको सार्वभौम साख मूल्यांकनको सबल पक्ष पहिचान गरी रेटिङको भाष्य निर्माण गर्ने तालिकामा उल्लेख छ। त्यसपछि कार्यशाला गोष्ठी सञ्चालन गरि रेटिङ प्रक्रियाको ज्ञान आदानप्रदान र क्षमता अभिवृद्धि गर्ने भनिएको छ। चौथो चरणमा फिचले सरकारी पक्षसँग अन्तर्क्रिया गर्नेछ। अन्तिममा रेटिङको प्रतिवेदन तयार गरी सरकारलाई बुझाउने काम आगामी अगस्टको मध्यसम्म सम्पन्न गर्ने तालिकामा उल्लेख छ। रेटिङपछिका अन्य काम भने डिसेम्बरसम्म सक्ने लक्ष्य फिचको छ।

सरकारले वैदेशिक लगानी बढाउने उद्देश्यले आर्थिक वर्ष ०७५/७६ को बजेटमार्फत नै सार्वभौम क्रेडिट रेटिङ गर्ने घोषणा गरेको थियो। यसका लागि सार्वजनिक सूचना जारी गरी अन्तर्राष्ट्रिय कम्पनीहरूलाई आमन्त्रण गरेकामा रेटिङसम्बन्धी विश्वका तीन प्रमुख कम्पनी फिच, मुडिज र स्ट्यान्डर्ड एन्ड पुअर्सले आवेदन दिएका थिए। यसमध्ये फिच छानिए पनि तत्कालै सुरु भएको कोभिडका कारण रेटिङ प्रक्रिया सुरु हुन सकेको थिएन। रेटिङका लागि त्यतिवेलै तत्कालीन बेलायत अन्तर्राष्ट्रिय सहयोग नियोग (डिएफआइडी) र हालको युके एडसँग प्राविधिक सहयोगसम्बन्धी छुट्टै सम्झौता पनि गरिएको थियो। सो प्रक्रियाका लागि सरकारले स्ट्यान्डर्ड चार्टर्ड बैंकलाई रेटिङ सल्लाहकार तोकेको छ। कोभिड- १९ महामारीका कारण अर्थतन्त्रका सबै सूचक नकारात्मक रहेको र क्रेडिट रेटिङ गर्दा अन्तर्राष्ट्रिय समुदायमा नकारात्मक सन्देश जाने भन्दै यो प्रक्रिया तीन वर्षयता रोकिएको थियो। अर्थमन्त्री पुनको सक्रियतामा प्रक्रिया अघि बढेको हो। तीन वर्षअघि अन्तर्राष्ट्रिय लगानी सम्मेलनका क्रममा विदेशी लगानीकर्ताले सोभरेन क्रेडिट रेटिङका लागि ढिला नगर्न सुझाएका थिए।

अर्थ मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले सोभरेन क्रेडिट रेटिङपछि विश्वले नेपालको आर्थिक अवस्थाका साथै आर्थिक पारदर्शिता र सुशासनको अवस्थाबारे समेत जानकारी पाउने उल्लेख गरे। रेटिङपछि थप वैदेशिक लगानी आउने वातावरण बन्ने उनले बताए।

हालसम्म एक सय १९ देशको सार्वभौम साख मूल्यांकनको अनुभव लिइसकेको फिचले नेपालमा रेटिङको जिम्मा लिएर काम गरिरहेको छ। फिचले रेटिङ गर्न सामान्यतः दुईदेखि तीन महिना लाग्ने बताएको छ। यद्यपि, सरकारी निकायले रेटिङ एजेन्सीलाई मागबमोजिम उपलब्ध गराउने सूचना र यसमा लाग्ने समयका आधारमा रेटिङको समय तय हुने उल्लेख छ। फिचका अनुसार रेटिङमा ११ ग्रेडका सूचक हुन्छन्। जसमा डिफल्ट (ऋण तिर्न नसक्ने) अवस्थालाई अंग्रेजी वर्णमालाको 'डी'ले इंगित गरिन्छ। उच्च साख भएको अवस्थालाई अंग्रेजी अक्षर 'एएए'ले सूचित गरिने उल्लेख छ।

क्रेडिट रेटिङ क्षमता विकासका लागि तालिम

कार्यशालाको दोस्रो सत्रमा क्रेडिट रेटिङसम्बद्ध अन्तर्राष्ट्रिय विज्ञले क्षमता अभिवृद्धिसम्बन्धी सैद्धान्तिक र प्राविधिक तालिम दिएका थिए। तालिममा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, केन्द्रीय तथ्यांक विभाग, सम्पत्ति शुद्धीकरण विभाग, धितोपत्र बोर्ड, राष्ट्रिय बिमा प्राधिकरण, रेटिङ एडभाइजरी कमिटीका सदस्य, टास्क फोर्स कमिटीका सदस्य, रेटिङका फोकल पर्सन तथा अर्थतन्त्रसम्बद्ध सरोकारवाला निकायका प्रतिनिधि गरी ४० सहभागी थिए। तालिमका क्रममा अर्थतन्त्रका संरचनागत व्यवस्था, सूक्ष्म आर्थिक अवस्था, पब्लिक फाइनान्स, आवश्यक तथ्यांक संकलन, क्रेडिट रेटिङका प्रक्रिया तथा रेटिङस्तरीय हुन गर्नुपर्ने कामबारे जानकारी लिइएको अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा प्रमुख नारायणप्रसाद रिसालले बताए।

■ के हो सर्वभौम साख मूल्यांकन ?

सार्वभौम साख मूल्यांकन भनेको देशको ऋण तिर्न सक्ने क्षमता र इच्छाशक्ति मापन गर्ने पद्धति हो। यसले वित्तीय दायित्वलाई अल्पकाल र दीर्घकालमा सम्बोधन गर्न सक्ने देशको क्षमतालाई संकेत गर्छ। त्यस्तै, देशले ऋण तिर्न नसक्ने जोखिमलाई पनि आकलन गर्छ। यो रेटिङलाई आधार मानेर लगानीकर्ता र दातृ निकायले लगानीको जोखिम अनुमान गर्न सक्छन्। क्रेडिङ रेटिङ नहुँदा अन्तर्राष्ट्रिय विकास साझेदारबाट नेपालले हालसम्म ठूला पूर्वाधारका लागि अपेक्षित ऋण भित्र्याउन सकेको छैन।

सन् २०२४ मा नेपालको 'कन्ट्री रेटिङ' सम्बन्धमा फिचको समयतालिका

प्री रेटिङको चरण	
रेटिङको संयोजन गर्ने फोरम गठन र साप्ताहिक बैठक	मध्य मेसम्म
तथ्यांक संकलन र निर्माण	जुलाईसम्म
नेपालको रेटिङको सबल पक्ष पहिचान गरी भाष्य निर्माण र प्रस्तुतिको तयारी	मध्य अगस्टसम्म
ज्ञान आदानप्रदान र क्षमता अभिवृद्धि	मध्य अगस्टसम्म
सरकारी पक्षसँग फिचको अन्तर्क्रिया	मध्य अगस्टसम्म
रेटिङ सम्पन्न	मध्य अगस्टसम्म
पोस्ट रेटिङको चरण	
बाह्य सञ्चार	डिसेम्बरसम्म
तथ्य, भाष्य र रेटिङको स्तरोन्नति	डिसेम्बरसम्म
आन्तरिक रेटिङ (बैंक, कर्पोरेट संस्था, आदि)	निर्धारण हुन बाँकी
पुँजी बजारसम्बन्धी	निर्धारण हुन बाँकी

'नमुना विद्यालय...

पृष्ठ १ बाट क्रमशः

कुनै विद्यालय थपिएनन्। नमुनामा परेका सबै विद्यालयले पाँच वर्षदेखि वार्षिक डेढ करोडका दरले बजेट पाइरहेका छन्। तर, उक्त बजेटको खासै प्रभावकारिता नदेखिएको शिक्षाविद् विद्यानाथ कोइरालाको टिप्पणी छ। उनले 'नमुना विद्यालय' घोषणा कार्यक्रम र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम उस्तै-उस्तै भएकाले यसलाई पनि खारेज गर्नुपर्ने बताए। 'जग्गाभन्दा पनि विद्यार्थीको क्षमता, सीप, सिकाइलाई प्राथमिकतामा राखेर नमुना घोषणा गर्नुपर्ने हो। यसकारण नमुना विद्यालय घोषणा गर्ने निर्देशिका ठीक छैन,' उनले भने, 'सरकार आफैंले चलाएको विद्यालयको जग्गा छैन भनेर भन्नु उचित होइन, राम्रो विद्यालय छुट्याउने कसी जग्गा होइन।'

निर्देशिकाअनुसारको जग्गा नहुँदा मध्यबानेश्वरमा रहेको रत्नराज्य स्कुल नमुना विद्यालयमा पर्न सकेको छैन। यस विद्यालयमा करिब दुई हजार चार सय विद्यार्थी अध्ययन गर्छन्। जग्गाबाहेक विद्यालयले निर्देशिकाको सबैजसो मापदण्ड पालना गरेको छ। तर, जग्गा कम भएकाले 'नमुना विद्यालय'का रूपमा छनोट हुन नसकेको विद्यालयका प्रधानाध्यापक रामाशिष यादवले बताए।

यस्तै, बौद्ध महांकालमा रहेको जनकल्याण माविमा पनि करिब तीन हजार विद्यार्थी अध्ययन गर्छन्। रत्नराज्यको जस्तै यस विद्यालयसँग पनि निर्देशिकाले तोकेअनुसारको जग्गा छैन। यो विद्यालय करिब चार रोपनीमा फैलिएको छ। तर, पर्याप्त जग्गा नभएकै कारण 'नमुना विद्यालय'मा पर्न नसकेको विद्यालयका सूचना अधिकारी तथा सहायक प्रअ सुरेशकुमार कटुवालले बताए। उनले भने, 'हामीसँग निर्देशिकाले तोकेअनुसारको पुग्दो जग्गा छैन, तर शैक्षिक सुधार र गुणस्तरमा हामी चुकेका छैनौं।'

बाफलस्थित ज्ञानोदय माबि, भक्तपुर च्यामासिंहमा रहेको बागीश्वरी माबि, ललितपुरको गोदावरीस्थित फुल्चोकी माबि, बुडमतीमा रहेको आदर्श शौल युवक माविले पनि गुणस्तरीय शिक्षा र उत्कृष्ट नतिजा दिँदै आएका छन्। जग्गाबाहेक यी विद्यालयले सबै मापदण्ड पूरा गरेका छन्। सोही कारण यी विद्यालयमा विद्यार्थी खचाखच छन्। तर, पर्याप्त जग्ग नहुँदा 'नमुना विद्यालय' विद्यालय बन्न सकिरहेका छैनन्।

'नमुना विद्यालय'ले पाउँछन् वार्षिक डेढ करोडसम्म बजेट

'नमुना विद्यालय'हरूलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वार्षिक रूपमा डेढ करोडसम्म बजेट दिने गर्छ। सोही कारण सामुदायिक विद्यालयहरू आफूलाई 'नमुना विद्यालय'मा सूचीकृत गर्न जोडबल गर्छन्। तर, नमुना विद्यालय व्यवस्थापन निर्देशिका, ०७४ मा केही अस्पष्ट व्यवस्थाले शैक्षिक गुणस्तरमा फड्को मारेका विद्यालयहरू नमुनाका रूपमा छनोट हुन सकिरहेका छैनन्।

उपत्यकामा छन् १४ नमुना विद्यालय

देशभरका २७ हजार नौ सय ९० सामुदायिक विद्यालयमध्ये उपत्यकाका १४ विद्यालय नमुनामा परेका छन्। सरकारले हरेक वर्षजसो विद्यालयको मूल्यांकन, पठनविधि, शैक्षिक नतिजालगायत आधारमा सामुदायिक विद्यालयलाई नमुनाका रूपमा घोषणा गर्दै आइरहेको छ।

यी उपत्यकाका नमुना विद्यालय

- कंकाल माबि, नैकाप काठमाडौं,
- मंगल माबि कीर्तिपुर काठमाडौं,
- विश्व निकेतन माबि त्रिपुरेश्वर, काठमाडौं,
- आदर्श माबि, कागेश्वरी, काठमाडौं,
- तिलिङ्गांटार माबि धापासी, काठमाडौं,
- कालिकादेवी माबि, तारकेश्वर, काठमाडौं,
- शान्ति निकुञ्ज माबि भगवतीबारी, काठमाडौं
- जनसेवा माबि, पाँगा, काठमाडौं
- चामुण्डा माबि गोकर्णेश्वर, काठमाडौं
- बालउद्धार माबि, बुढानीलकण्ठ काठमाडौं,
- किटिनी माबि, गोदावरी, ललितपुर
- बज्रवाराही माबि, चापागाउँ, ललितपुर
- श्रीपद्म माबि, दरबार स्क्वायर, भक्तपुर
- चाँगुनारायण माबि, चाँगुनारायण, भक्तपुर

उपत्यकाका यी विद्यालयले पनि निर्देशिकामा उल्लेख भएअनुसारका सबै मापदण्ड पालना नगरी नमुना बनाइएको शिक्षाविद्को दाबी छ। हालसम्म सरकारले नमुना भनेर घोषणा गरेका विद्यालय पनि निर्देशिकाको मापदण्डअनुसार सञ्चालन नभएको र पहुँच र शक्तिका आधारमा नमुना घोषणा गरिएको शिक्षाविद् विद्यानाथ कोइरालाको भनाइ छ।

बर्सेनि बिदेसिन्छ आधाभन्दा बढी स्वास्थ्य जनशक्ति

चार वर्षमा ११ हजार एक सय १२ मेडिकल जनशक्ति उत्पादन भएकोमा ६ हजार चार सय ६७ बाहिरिए



शिक्षाको गुणस्तर र काम गर्न अनुकूल परिवेशमा सुधार ल्याउन जरुरी छ



● **डा. भगवान कोइराला**
वरिष्ठ मुटुरोग विशेषज्ञ

पढ्न बिदेसिएकालाई नेपाल फर्किने वातावरण बनाउनुपर्छ। यसबाहेक विद्यार्थी कुन उमेरमा बाहिरिरहेका छन् भन्ने आधारमा पनि फर्किने-नफर्किने तय हुन्छ। अर्थात् स्नातकअगाडि नै बिदेसिने फर्केर आउने सम्भावना कमै हुन्छ। त्यसकारण जनशक्ति बाहिरियो भन्ने चिन्ता लिनुअघि नेपालको शिक्षाको गुणस्तर र काम गर्न अनुकूल परिवेशमा सुधार ल्याउन जरुरी छ।

मञ्जु टेलर/नयाँ पत्रिका

जनशक्ति अभावमा देशकै जेठो वीर अस्पतालमा सञ्चालन क्षमताको चार सय बेड ठप्प छ। सुविधासम्पन्न भवन, अत्याधुनिक उपकरणले सम्पन्न अस्पतालमा विशेषज्ञ चिकित्सक र नर्स अभाव भएको भन्दै ९६० बेडमध्ये ५६० बेड मात्रै सञ्चालनमा छन्। आइसियू बेड, कार्डियोलोजी, न्युरोलोजी, अर्थोप्लास्टिक वार्डलगायत सेवा क्षमताभन्दा कम सञ्चालनमा छन्। जनशक्ति पर्याप्त नभएको भन्दै अस्पतालले आफ्नो सेवा खुम्च्याउँदै आएको हो।

वीर मात्रै नभई अन्य ठूला अस्पतालले समेत जनशक्ति अभावमा क्षमताभन्दा कम सेवा दिइरहेका छन्। हालै सञ्चालनमा आएका र निर्माणाधीन आधारभूत अस्पतालका लागि समेत ठूलो संख्यामा जनशक्ति आवश्यक भए पनि परिपूर्ति सहज नभएको स्वास्थ्य मन्त्रालयले जनाउँदै आएको छ। स्वास्थ्य मन्त्रालयको नीति योजना महाशाखाका अनुसार ५, १०, १५ बेडका आधारभूत अस्पतालका लागि थप १७ हजार ४७० जनशक्ति र त्यसका लागि आठ अर्ब ७८ करोड ६९ लाख ७२ हजार रुपैयाँ आवश्यक पर्छ। आधारभूत अस्पतालमा हाल कार्यरत एक हजार ९३२ बाहेक पनि अरू थप १५ हजार ५३८ जना जनशक्ति आवश्यक पर्ने आकलन गरिएको छ।

चिकित्सा शिक्षा आयोगले आर्थिक वर्ष ०८७/८८ सम्ममा साढे दुई लाखभन्दा बढी स्वास्थ्य जनशक्ति आवश्यक हुने प्रक्षेपण गरेको थियो। आव ०७७/७८ लाई आधार मानी गरिएको प्रक्षेपणले सो अवधिभित्र सरकारी र निजी स्वास्थ्य संस्थामा तीन लाख ५८ हजार नौ सय ३८ स्वास्थ्य जनशक्ति आवश्यक पर्ने उल्लेख गरेको छ। जसमध्ये दुई लाख ५७ हजार ९१ चिकित्सक र स्वास्थ्यकर्मी मात्रै कार्यरत छन्। नेपालमा उत्पादन भइरहेको जनशक्ति उच्च दरमा बाहिरिएको भन्दै आवश्यकताका आधारमा प्रक्षेपण गरिएको थियो। नेपालमा स्वास्थ्य जनशक्तिको चरम अभाव हुन थालेको विभिन्न अध्ययनले निष्कर्ष निकालेका छन्। बर्सेनि उत्पादन भइरहेको मेडिकल जनशक्तिले आवश्यकता परिपूर्ति हुने भए पनि उत्पादन जनशक्ति विदेश पलायन हुनु ठूलो चूनौतीका रूपमा देखिन थालेको छ। नेपालमा बर्सेनि उत्पादनको आधाभन्दा बढी जनशक्ति बिदेसिरहेको विभिन्न अध्ययनबाट प्राप्त तथ्यांकले देखाउँछ।

नेपाल मेडिकल काउन्सिलको तथ्यांकअनुसार प्रत्येक वर्ष दुई हजारदेखि २५ सयसम्म चिकित्सक अध्ययन र कामका लागि बाहिरिने गरेका छन्। पछिल्लो चार वर्षमा मात्र ६ हजार ४६७ जना दक्ष स्वास्थ्य जनशक्ति बाहिरिएका छन्। जब कि पछिल्लो चार वर्षमा ११ हजार ११२ जना मेडिकल जनशक्ति उत्पादन भएको थियो। न्यून पारश्रमिक, जागिर नपाइने, असुरक्षा वा सेवा-सुविधाको अभावमा बर्सेनि बाहिरिने चिकित्सकको संख्या बढ्दै गएको तथ्यांकले देखाएको हो। पछिल्ला वर्षको तथ्यांक हेर्दा उत्पादनसरहकै संख्यामा चिकित्सकका जनशक्ति बिदेसिएको देखिन्छ।

अध्ययन र कामका लागि विदेश जाँदा मेडिकल काउन्सिलबाट 'गुड स्ट्यान्डर्ड सर्टिफिकेट' लिएकाको तथ्यांकअनुसार बर्सेनि ठूलो संख्यामा चिकित्सकहरू बाहिरिने गरेका हुन्। मेडिकल काउन्सिलको तथ्यांकअनुसार २०२० मा ८६९, २०२१ मा १,३२६, २०२२ मा १,९५४ र २०२३ मा २,३१८ जना बाहिरिएका हुन्।


चिकित्सकहरू थप अध्ययन अर्थात् विशेषज्ञता हासिल गर्न, फेलोसिप र काम खोज्दै बाहिरिने गरेका छन्। नेपाली चिकित्सक सबैभन्दा धेरै अमेरिका, बेलायत, माल्दिभ्सजस्ता देशमा गइरहेका छन्। पछिल्लो वर्षमा सबैभन्दा बढी अमेरिकामा एक हजार ८८८, बेलायत एक हजार ५७८, माल्दिभ्स एक हजार ४६७ र भारतमा ५१३ जना गएका छन्। यस्तै, अस्ट्रेलियामा ४०३, युएई ३४६, क्यानडा ८३, जर्मनी ६१, कतार ३६, सिंगापुर १४, ब्रुनाई १४, आयरल्यान्ड १२, डेनमार्क ११, हङकङ नौ, साउदी अरेबिया तीन, बेल्जियम र बंगलादेश एक-एक र अन्य देशमा २८ जना बाहिरिएका थिए।

नेपालमा गत चार वर्षमा ११ हजार ११२ जना मेडिकल जनशक्ति उत्पादन भएको थिए। जसमध्ये स्नातक तहमा पछिल्लो चार वर्षमा नेपाल मेडिकल काउन्सिलको लाइसेन्स परीक्षामा आठ हजार १३३ जनाले नाम निकालेका थिए। सन् २०२० मा एक हजार ८१३, २०२१ मा एक हजार ३५४, २०२२ मा दुई हजार ३८६ र २०२३ मा दुई हजार ५८० चिकित्सक उत्पादन भएका थिए। यसबाहेक स्नातकोत्तर तहमा दुई हजार ९७९ जना जनशक्ति उत्पादन भएका छन्। जसमध्ये सन् २०२० मा ७५५, २०२१ मा ४९४, २०२२ मा एक हजार २३४ र २०२३ मा ४९६ जनाले लाइसेन्स परीक्षा पास गरेका थिए।

नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. चोपलाल भुसालले नेपालमा मेडिकल जनशक्ति उत्पादनमा समस्या नभएको, तर पढाइमा लागेको खर्च पनि नउठ्ने गरी तलब पाउने अवस्था भएपछि विद्यार्थीहरू बाहिर गइरहेको बताए।

'चिकित्सकहरूको गुणस्तर सुधारमा समेत ध्यान दिनुपर्ने समय आएको छ। वर्षौंसम्म लाइसेन्स परीक्षासमेत पास नभएका विद्यार्थी उत्पादन भइरहेका छन्, त्यसको विषयमा चासो दिन सकिएको छैन। राम्रो जनशक्ति बिदेसिएको छ, उच्च शिक्षाका लागि बिदेसिएकालाई नेपाल फर्किने वातावरण छैन। जसकारण विदेश पलायन हुने समस्या बढेको बढ्दै छ,' उनले भने।

उच्च शिक्षाका लागि बिदेसिएकालाई नेपालमा फर्किने वातावरण छैन



● **डा. चोपलाल भुसाल,**
अध्यक्ष, नेपाल मेडिकल काउन्सिल

चिकित्सकको गुणस्तर सुधारमा समेत ध्यान दिनुपर्ने समय आएको छ। वर्षौंसम्म लाइसेन्स परीक्षासमेत पास नभएका विद्यार्थी उत्पादन भइरहेका छन्, त्यसको विषयमा चासो दिन सकिएको छैन। दक्ष जनशक्ति बिदेसिएको छ, उच्च शिक्षाका लागि बिदेसिएकालाई नेपालमा फर्किने वातावरण छैन। जसकारण विदेश पलायन हुने समस्या बढेको बढ्दै छ।

नर्सिङ जनशक्तिमा पनि उस्तै हालत

नेपालमा काम गर्ने वातावरण नभएको भन्दै नर्सिङ जनशक्तिसमेत बर्सेनि बिदेसिनेको संख्या उच्च छ। श्रम विभागको तथ्यांकअनुसार सन् २०१९ मा १६०, २०२० मा १०९, २०२१ मा २८७, २०२२ मा ५८२ र २०२३ मा ६०७ नर्स विदेश गएका छन्। यसबाहेक उच्च शिक्षाका लागि भन्दै प्रत्येक वर्ष हजारौंको संख्यामा नर्सहरू विदेश पलायन भइरहेको नर्सिङ काउन्सिलले जनाएको छ। काउन्सिलको तथ्यांकअनुसार वर्षमा पाँच हजार ३८४ जना नर्स उत्पादन भइरहेका छन्। जसमध्ये लाइसेन्स परीक्षामा पास हुनेहरू काम र उच्च शिक्षा अध्ययन वा अन्य फेलोसिपलगायत विभिन्न कार्यक्रमका लागि ठूलो संख्यामा बिदेसिएका छन्।

सरकारी अस्पतालले स्थायी दरबन्दी नखुलाउने र निजी अस्पतालले सेवा-सुविधा न्यून दिने गर्दा नर्सहरू बाहिरिनुपरेको नर्सिङ काउन्सिलकी अध्यक्ष प्रा. सरला केसीले बताइन्। 'नर्सिङ जनशक्ति बाहिरिएकोमा हामीलाई समस्या छैन। किनभने नेपालमा नर्सलाई काम गर्ने उपयुक्त वातावरण नै छैन। नर्सबाट यति धेरै अपेक्षा गरिन्छ, तर सुविधा दिइँदैन,' उनले भनिन्।



कामको चाप अत्यधिक हुनु, तर तलब सुविधाले दैनिकीसमेत नचल्नु, जागिर नपाइनु, बिएस्सी नर्सहरूलाई समेत सेवाकालीन तालिमका रूपमा तलब सुविधा नदिई काम लगाइनु र सरकारले व्यवस्थापन गर्न नसकेर जनशक्ति विदेश पलाइन भइरहेको उनको भनाइ छ। 'नेपाल सरकारको मापदण्डअनुसार तलब सुविधा दिने अस्पताल जम्मा तीनवटा छन्। एक रातमा एकजना बिरामीको एक लाख रुपयाँ लिने अस्पतालले पनि नर्सहरूलाई १५ हजार रुपैयाँ तलब दिइरहेका छन्। यसबाहेक जनशक्तिसमेत गुणस्तरीय उत्पादन भइरहेको छैन। हामीकहाँ लाइसेन्स परीक्षा सुरु भएदेखि हालसम्म नियमित परीक्षा दिइरहेकाले अहिलेसम्म पास नगरेका विद्यार्थी पनि हामीसँग छन्,' उनले भनिन्, '१५० अंकको परीक्षामा ७ अंक ल्याउने विद्यार्थी पनि उत्पादन भइरहेका छन्। एकातिर गुणस्तरीय नर्सिङ उत्पादन भइरहेको छैन भने अर्कोतिर उत्पादन भएको जनशक्ति विदेश पलायन भइरहेको छ।'

वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला मेडिकल जनशक्ति बाहिरिनुमा नेपालमा काम गर्ने उपयुक्त वातावरण नहुनु नै मुख्य कारण भएको मान्छन्। 'पढ्न बिदेसिएकालाई नेपाल फर्किने वातावरण बनाउनुपर्छ। यसबाहेक विद्यार्थी कुन उमेरमा बाहिरिरहेका छन् भन्ने आधारमा पनि फर्किने नफर्किने तय हुन्छ। अर्थात् स्नातकअघि नै बिदेसिने फर्केर आउने सम्भावना कमै हुन्छ। त्यसकारण जनशक्ति बाहिरियो भन्ने चिन्ता लिनुअगाडि नेपालको शिक्षाको गुणस्तर र काम गर्न अनुकूल परिवेशमा सुधार ल्याउन जरुरी छ,' उनले भने।

संक्षेप

जापानी विदेशमन्त्री आउँदै

काठमाडौं/ जापानका विदेशमन्त्री योको कामीकावा नेपाल भ्रमणमा आउने भएकी छिन्। उनले दक्षिण एसियामा श्रीलंका र नेपाल भ्रमण गर्न लागेकी हुन्। त्यसअघि उनले माडागास्कार, आइभोरिकोस्ट, नाइजेरिया र फ्रान्सको भ्रमण गर्ने जापानको परराष्ट्र मन्त्रालयले जनाएको छ। 'परराष्ट्रमन्त्रीको भ्रमण हुँदै छ,' जापानका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुवेदीले भने। भ्रमण तयारीका लागि राजदूत सुवेदी पनि आइतबार काठमाडौं आइपुग्दै छन्। जापानकी परराष्ट्रमन्त्री २४ वैशाखमा स्वदेश फर्किने कार्यक्रम छ। परराष्ट्र मन्त्रालयका अनुसार पाँच वर्षअघि जापानका परराष्ट्रमन्त्री तारो कोनोले नेपाल भ्रमण गरेका थिए। त्यसपछि उच्चस्तरमा पहिलोपटक यो भ्रमण हुन लागेको हो। जापानी परराष्ट्रमन्त्रीले उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसँग द्विपक्षीय वार्ता गर्ने कार्यक्रम छ। उनले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलगायतसँग पनि भेटवार्ता गर्ने कार्यक्रम छ।

कान्ति लोकपथ आजबाट दैनिक तीन घण्टा खुल्ने

मकवानपुर/ कान्ति लोकपथ आइतबारबाट दैनिक तीन घन्टा मात्रै खुल्ने भएको छ। १ चैतदेखि १५ वैशाखसम्म सडक खण्ड दैनिक बिहान १० देखि साँझ ५ बजेसम्म बन्द हुँदै आएको थियो। कान्ति लोकपथ सडक योजनाका इन्जिनियर रवीन्द्र महर्जनले लोकपथ आइतबारदेखि बिहान ९ देखि १२ बजेसम्म करिब एक महिनाका लागि दैनिक तीन घन्टा खुल्ने जानकारी दिए। ललितपुरतर्फको काल्चे खण्डमा सडक चौडा र स्तरोन्नति गर्ने काम अझै नसकिएकाले लोकपथ पूर्ण रूपमा सञ्चालनमा ल्याउन नसकिएको उनले बताए। 'मर्मतका लागि १ चैतदेखि ४५ दिनका लागि बन्द गरिएको सडकमा काम पूरा नभएकाले अब दैनिक तीन घण्टामात्र खुलाउन निर्णय भएको छ। काम सम्पन्न गर्न अझै केही समय लाग्ने भएकाले १५ जेठसम्म सडक तीन घन्टा मात्रै खुला हुन्छ,' उनले भने। इन्जिनियर महर्जनका अनुसार ललितपुरको काल्चे खण्डको १.५ किलोमिटर सडक खण्डको साँघुरो ठाउँमा सडकमाथिका कडा चट्टान कटिङ गर्ने काम भइरहेको छ।

बिहान ९ बजेदेखि नै काठमाडौं महानगर खुला

काठमाडौं/ काठमाडौं महानगरपालिकाले शुक्रबारदेखि बिहान ९ बजेदेखि कार्यालय खोल्न थालेको छ। सेवा सहजताका लागि बिहान एक घन्टा अगाडि कार्यालय सञ्चालन गर्न थालेको हो। महानगरका प्रवक्ता नवीन मानन्धरका अनुसार बेलुकाको समय भने परिवर्तन भएको छैन। यो सेवा महानगरपालिकाका सबै विभाग, वडा, सचिवालय, आयोजनासमेतका कार्यालयको हकमा लागु हुनेछ। थप समय काम गर्नका लागि कर्मचारीहरूलाई प्रोत्साहन गर्न 'काठमाडौं महानगरपालिका कर्मचारी सेवा सुविधासम्बन्धी मापदण्ड ०८०' नगर कार्यपालिकाबाट स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भइसकेको छ। सेवाको गुणस्तरीयता र प्रभावकारिताका लागि अतिरिक्त समयमा समेत कार्यसम्पादन गर्न आवश्यक रहेकाले पदीय जिम्मेवारी बहन गर्न उपलब्ध गराउने स्रोत-साधनसम्बन्धी व्यवस्था मापदण्डले गरेको छ। बिहान १० बजेबाट सरकारी तथा निजी क्षेत्रका कार्यालयमा काम गर्ने कर्मचारीलाई यो व्यवस्थाले महानगरपालिकाबाट सेवा प्राप्त गर्न सहज हुनेछ।

संसद् अधिवेशन अन्त्य गरेर अध्यादेश जारी गरेकोमा कांग्रेसको आपत्ति

काठमाडौं/ कांग्रेसले संसद्को अधिवेशन अन्त्य गरेर लगानी सम्मेलनका लागि अध्यादेश जारी गरेकोमा आपत्ति जनाएको छ। गत अधिवेशनमा सहकारी पीडितलगायतका समस्या समाधानका लागि प्रयास नगरी अध्यादेश ल्याउनु लोकतन्त्रको मर्मविपरीत र गैरजिम्मेवार कार्य भन्दै कांग्रेसले विरोध जनाएको छ।

'नेपाल सरकारले देश र जनतासँग प्रत्यक्ष रूपले सम्बन्धित केही महत्त्वपूर्ण कानुनलाई संशोधन गर्न अध्यादेश जारी गर्ने निर्णय गरी सम्माननीय राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको विषयतर्फ कांग्रेसको ध्यान गम्भीर रूपले आकृष्ट भएको छ,' कांग्रेस प्रमुख सचेतक रमेश लेखकले शनिबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सरकारले संघीय संसद् को गत अधिवेशनभन्दा पनि महिनौअगाडिदेखि तयारी प्रारम्भ भएको लगानी सम्मेलनलाई सम्बोधन गर्ने निहुँमा अध्यादेश जारी गरेको छ। सरकारको यो कामले प्रचलित संविधानको अपव्याख्या हुनुका साथै संसदीय व्यवस्था र लोकतन्त्रको मर्मविपरीत छ।' अधिल्लो अधिवेशनमा कानुन निर्माण गर्ने पर्याप्त समय र अवसर हुँदाहुँदै संसद् अधिवेशन अन्त्य गरेको कांग्रेसको छ।

सहकारी बोर्डको अनियमितताका तीन कर्मचारी मन्त्रालय तानिए

नयाँ पत्रिका

अनियमितताका संलग्न भएको आरोपमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले राष्ट्रिय सहकारी विकास बोर्डका तीन कर्मचारीलाई जिम्मेवारीबाट हटाएको छ। उपनिर्देशकद्वय मुकेश कर्ण र टाइन्द्र अधिकारी तथा लेखा अधिकृत विनिता धिताललाई मन्त्रालयमा तानिएको छ। बोर्डको ठेक्कामा शंकास्पद भूमिका खेलेको र नक्कली रसिद खडा गरेको विषयमा गल्ती देखिएपछि मन्त्रालयले उनीहरूलाई जिम्मेवारीबाट हटाएको हो।

कर्मचारीकै संलग्नतामा शृंखलाबद्ध रूपमा अनियमितता गरेको उजुरीपछि मन्त्रालयले सहसचिव ज्ञानराज सुवेदीको नेतृत्वमा छानबिन गरेको थियो। सोही समितिको सिफारिसका आधारमा तीन कर्मचारीलाई बोर्डबाट हटाइएको हो। 'तीन कर्मचारीलाई मन्त्रालयमा पठाउने पत्र आएको छ,' मित्रराज दवाडीले भने, 'सायद छानबिन समितिकै प्रतिवेदनका आधारमा हटाउने निर्णय भएको हुनुपर्छ।' मन्त्रालयले उपसचिव विष्णु पौडेललाई बोर्डमा सदस्यसचिवका रूपमा काम गर्ने गरी खटाउने निर्णयसमेत गरेको छ। मन्त्रालय स्रोतका अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई समेत बोधार्थ दिएर उनीहरूलाई हटाइएको छ। तीन कर्मचारीमाथि अख्तियारबाट थप छानबिन गर्नसमेत पत्राचार भइसकेको छ।

लगनखेलमा रहेको बोर्डको भवन लिजमा लगाउँदा कर्मचारीकै मिलेमतोमा अनियमितता भएको हो। २ वैशाख ०७८ मा बोर्डले प्रतीक ढकालसँग मासिक सात लाख १८ हजार पाँच सय रुपैयाँ भाडा तिर्ने गरी लिज सम्झौता भएकोमा सम्झौता कार्यान्वयन हुन नसक्दा बोर्डले करोडौं नोक्सान व्यहोरेको छ। यसमा कर्मचारीको मिलेमतो देखिएको भन्दै मन्त्रालयले छानबिन गरेको हो। ठेक्का लिने ढकालले एक महिनामै सम्झौता रद्द गर्न बोर्डमा निवेदन दिएका थिए। सम्झौता रद्द गर्दा उनले बोर्डलाई दिनुपर्ने क्षतिपूर्ति हालसम्म बुझाएका छैनन्, उल्टै बोर्डविरुद्ध जिल्ला अदालत, ललितपुरमा मुद्दा दिएका छन्। जब कि उनले यहीबीचमा व्यवसायीहरूसँग सम्झौता गरेर सो भवनबाट भने भाडा उठाएको पुष्टि भएको थियो। त्यतिबेला बोर्डले आफैं भाडा उठाएको नक्कली रसिद खडा गरेर कर्मचारीले ढकाललाई बुझाएपछि कर्मचारीको मिलेमतो पुष्टि भएको हो।

बोर्डको बैठकले २ भदौ ०७८ बाट सम्झौता रद्द गर्ने निर्णय गर्दै सो अवधिको ५३ लाख बुझाउन पत्राचार भएको थियो। सो मुद्दामा पनि बोर्डका प्रशासन तथा लेखाका कर्मचारीको भूमिका शंकास्पद देखिएको छानबिन प्रतिवेदनमा उल्लेख छ ।

आगलागीले गहुँबाली सखाप भएपछि गुजाराको पिरलो

धनगढीमा **तेजराज भट्ट**
संखुवासभामा **नवीन गुरुङ** र
महोत्तरीमा **रञ्जन भण्डारी**

कैलालीको जोशीपुर गाउँपालिका- ६ सिमरीका फूलराम चौधरी अधियाँ लिएको करिब एक बिघा जमिनमा लगाएको गहुँबाली भित्र्याउँदै थिए। उनले केही काटेर खेतमै सुकाउन राखेका थिए, केही गहुँ काट्न बाँकी थियो। गत साता भएको आगलागीले खेतमा लगाएको पूरै गहुँबाली जलेर नष्ट भएपछि उनलाई परिवारको खाने गुजारा कसरी गर्ने भन्ने पिरलो छ।

लगाएको बाली सबै सखाप भएपछि परिवारको गुजारा कसरी चलाउने भन्ने चिन्ता रहेको उनले बताए। 'गुजाराको माध्यम खेतबारी नै हो, लगाएको गहुँ सबै जलेर नष्ट भयो,' चौधरीले भने, 'छाक टार्न समस्या हुने भयो।' १० जनाको परिवार अधियाँमा लिएको खेतीमा निर्भर रहेको उनले बताए।

सिमरीकै रामचन्द्र कठरिया पनि खेतमा लगाएको गहुँबाली जलेर नष्ट भएपछि गुजारा कसरी गर्ने भन्ने चिन्तामा छन्। आगलागीबाट आठ कट्ठा जमिनमा लगाएको गहुँबाली जलेर खरानी भएपछि आफू समस्यामा परेको उनले गुनासो गरे। 'बाली लगाउँदा भएको सबै लगानी र आफ्नो मिहिनेत खरानी बन्यो,' उनले भने, 'आगलागीले धेरै किसान समस्यामा परेका छन्।' आफ्नोसहित पाँच भाइको करिब डेढ बिघामा लगाएको गहुँबाली जलेर नष्ट भएको कठरियाले बताए।

९ वैशाखमा भएको आगलागीबाट जोशीपुर गाउँपालिकाको सिमरी र पर्कडिया तथा बर्दगोरिया गाउँपालिकाको जोकाहीमा गरी करिब आठ बिघा जमिनमा लगाएको गहुँबाली नष्ट भएको तथ्यांक प्रहरीले संकलन गरेको छ। जोकाहीमा स्थानीय एक महिलाले बारीमा लगाएको आगो खेतमा सल्किएर सँगै जोडिएको सिमरी र पर्कडियासम्म पुगेको थियो। गर्मीयाम सुरु भएसँगै कैलालीमा आगलागीका घटना बढेका छन्। शुक्रबार मात्रै लम्कीको डुडेझारी जंगलमा भीषण आगलागी भएको छ।

समयमै आगलागी नियन्त्रण भएपछि जोगियो बादी बस्ती



कैलालीको लम्की-चुहा नगरपालिकास्थित बलचौरमा आगलागी हुँदा एक घर जलेर नष्ट भएको छ। स्थानीय पारस वादीको खरले छाएको घर जलेको हो। आगलागीबाट घरभित्र रहेको अन्नपात र लुगाफाटो जलेको प्रहरीले जनाएको छ। लम्की-चुहा नगरपालिकाको दमकलले आगो नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय चिसापानीका इन्चार्ज प्रहरी निरीक्षक हरिराम डाँगीले बताए। दमकल र स्थानीयको सहयोगमा आगो वादी बस्तीमा फैलन नपाएको उनको भनाइ छ। प्रहरीका अनुसार घरमा विद्युत् सर्ट भएर आगलागी भएको हो। आगलागीले घर खरानी बनेपछि बादी परिवार विचल्लीमा परेको छ। शनिबार नै जोशीपुर गाउँपालिका- १, स्थित कुखुरा फममा आगलागी हुँदा करिब चार क्विन्टल कुखुरा जलेको प्रहरीले जनाएको छ। विद्युत् सर्ट भएर स्थानीय नन्दन बोहराको कुखुरा फर्ममा आगलागी भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। गर्मीयाम सुरु भएसँगै कैलालीमा आगलागीका घटना बढेका छन्। ठाउँठाउँमा भएका आगलागीका घटनाले ठूलो क्षति भएको छ। शुक्रबार मात्रै लम्कीको डुडेझारी जंगलमा भीषण आगलागी भएको थियो। जिल्लाभरि वन क्षेत्रमा डढेलो फैलिएको छ।

मकालुमा घर आगलागी हुँदा एक घाइते

संखुवासभा/ मकालु गाउँपालिका- ५ खोकताकमा घर आगलागी हुँदा एक महिला घाइते भएकी छिन्। शुक्रबार राति मकालु- ५ मा स्थानीय भीमबहादुर तामाङको घरमा आगलागी हुँदा उनकी श्रीमती भीममाया जलेर घाइते भएकी हुन्। घरबाट सामान बाहिर निकाल्ने क्रममा जलेर घाइते भएकी उनको नुम स्वास्थ्य चौकीमा उपचार भइरहेको स्वास्थ्यकर्मी विक्रम कुमालले बताए। रातिको समयमा भान्सा कोठामा विद्युत सर्ट भई घरमा आगलागी भएको नुम प्रहरी चौकीका सई गणेशकुमार राईले जानकारी दिए। घरबाट कुनै पनि सामान निकाल्न नसकेको र पूर्ण रूपमा जलेर नष्ट भएको प्रहरीको भनाइ छ। घरभित्र रहेको सुन, चाँदी, भाँडाकुँडा, खाद्यान्न, काठपातसमेत जलेर नष्ट हुँदा ११ लाखबराबरको क्षति भएको सइ राईले बताए।

मधेशका मुख्यमन्त्रीले भेटे मटिहानीका अग्निपीडित

महोत्तरी/ मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मटिहानीका अग्निपीडितलाई भेटेका छन्। बुधबार अपराह्न करिब १ बजे मटिहानी नगरपालिका-६ जरलहवा बस्तीमा आगलागी हुँदा १०३ घरपरिवार विस्थापित भएका थिए। घटनाको चौथो दिन शनिबार मुख्यमन्त्री यादव मटिहानी आइपुगेका हुन्। उनले प्रधानमन्त्रीले काठमाडौंमा बैठक राखेकाले आगलागीको दिन आउन नसकेको जानकारी दिए। मुख्यमन्त्री यादवले क्याबिनेट बैठक बसेर चाँडै मटिहानीका अग्निपीडितका लागि राहत प्याकेज घोषणा गर्ने बताए। मुख्यमन्त्री यादवले सरकारी जमिनमा रहेको बस्तीमा आगलागी भएकाले अब त्यहाँ घरसमेत बनाउन नसकिने बताए। उनले सरकारी जमिनमा घर बनाउँदा प्रदेश सरकारमाथि समस्या आइपर्ने भएकाले कानुनसम्मत पीडितहरूलाई राहत पुग्ने गरी काम गर्ने बताए।

कमजोर शैक्षिक गुणस्तरबारे केही प्रश्न

राम्रो शैक्षिक प्रतिफलको श्रेय आफूले लिने र नराम्रोजतिको अपजसचाहिँ अरूलाई दिन खोज्ने गलत संस्कारले शैक्षिक गुणस्तर सुध्रिँदैन



● एसपी ढकाल

अग्रलेख

भर्खरै नयाँ शैक्षिक सत्र सुरु भएको छ। शैक्षिक सत्र सुरुवाती दिनहरूमा शैक्षिक माहोल तातिने र बाँकी दिनमा चाहिँ कानमा तेल हालेर बस्ने हाम्रो प्रवृत्ति नै बनेको छ। शैक्षिक सत्र सुरु भएसँगै शिक्षा सुधारका लागि सबैको चेत खुलेजस्तो गरी गर्मागर्मी बहस चल्छ। हिजोआज विद्यालय, सरकारी कार्यालय, चोक चौतारी र चिया पसलमा समेत शिक्षा क्षेत्र सुधारको चासो र चिन्ता बढेको छ।

सरकारले बर्सेनि शिक्षा क्षेत्रमा लगानी बढाउने चेष्टा गरेको छ। परिणाम भने निराशाजनक छ। शैक्षिक उपलब्धि चित्तोबुझ्दो छैन। आर्थिक वर्ष ०८०/८१ मा शिक्षातर्फ एक खर्ब ९७ अर्ब २९ करोड अर्थात् कुल बजेटको ११.२६ प्रतिशत विनियोजन भएको छ। आर्थिक वर्ष ०७९/८० मा कुल एक खर्ब ९६ अर्ब ३३ करोड छुट्याइएको थियो जुन कुल बजेटको १०.९४ प्रतिशत हो। २००७ सालमा हेर्दा शिक्षातर्फ पाँच लाख ५६ हजार अर्थात् १.०५ प्रतिशत विनियोजन भएको थियो। उपलब्धितिर हेर्दा कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता ४३.७१ प्रतिशत रहेको छ। आधारभूत तह पूरा गर्ने प्रतिशत ७७.१ छ। अझै ३.९ प्रतिशत बालबालिका विद्यालयबाहिरै रहेको तथ्यांक छ। यसले आहा! हाम्रो शैक्षिक अवस्था भन्ने स्थिति छैन।

परिवर्तित सन्दर्भमा विद्यालय शिक्षा सञ्चालन तथा व्यवस्थापनमा स्थानीय तहलाई बढी जिम्मेवार बनाइएको छ। तर, परिणाम भने अपेक्षाकृत बन्न सकेको छैन। न त अभिभावक, न त विद्यार्थी न त सरोकारवाला नै सन्तुष्ट बन्न सकेको अवस्था छ। आधारभूत तहको शिक्षा पूरा गर्दासमेत राम्रोसँग अक्षर फुटालेर पढ्न नसक्ने अवस्था छ। माध्यमिक तहको शिक्षा पूरा गर्दा पनि आधारभूत आवश्यकता टार्न सक्ने सक्षमता देखिँदैन। यसबाट पढेर पनि के नै हुन्छ र भन्ने भाष्य निर्माण हुँदै गएको छ।

शैक्षिक गुणस्तर खस्किंदो छ। विद्यार्थीको स्तर कमजोर भयो। प्रतिस्पर्धात्मक क्षमता अपेक्षाअनुसार भएन भन्नेमा सबैको एकमत छ। अवस्था यस्तो हुनुमा जिम्मेवार को हो? भन्नेमा अपजस कसैले लिन चाहेको देखिँदैन। शिक्षक, विद्यार्थी, अभिभावक र सरकारबीच आरोप-प्रत्यारोप चलिरहेको देखिन्छ। त्यसैको गोलचक्करमा नेपालको शिक्षा फसेको छ। राम्रो शैक्षिक प्रतिफलको श्रेयचाहिँ आफूले लिने र नराम्रोजतिको अपजसचाहिँ अरूलाई दिन खोज्ने हाम्रो गलत संस्कार छ। चाहिएको शैक्षिक गुणस्तर हो। राम्रो नतिजा हो। उच्च प्रतिस्पर्धात्मक क्षमता हो। पाठ्यक्रमले निर्धारण गरेबमोजिमको अब्बल समक्षमता हो। दोष अरूलाई दिएर पानीभित्रको ओभानो बन्ने छुट कसैलाई छैन।

शैक्षिक गुणस्तर कायम गर्ने गराउने मुख्य भूमिका शिक्षकमा छ। जिम्मेवारीप्रतिको समर्पणले मात्रै परिणाम राम्रो बन्छ। पेसाप्रतिको प्रतिबद्धता कत्तिको छ? के सबै शिक्षकको वार्षिक शैक्षिक योजना बन्यो? प्रभावकारी शिक्षणका लागि एकाइ र दैनिक योजना चाहिन्न? शैक्षिक सामग्री तयारी र प्रयोग गर्नुपर्दैन? परिवर्तित सन्दर्भमा नवीतम सूचना सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने क्षमता विकास गर्नुपर्दैन? एकाइ परीक्षा, मासिक परीक्षा, त्रैमासिक परीक्षा सञ्चाल गरियो? मूल्यांकन र पृष्ठपोषण कतिपटक भयो? कतै कर्मकाण्ड मात्रै पूरा त भएन? पाठ्यक्रम र शिक्षक निर्देशिकाको अध्ययन र प्रयोग कस्तो छ? के शिक्षण सुधार योजना बन्यो? सिकाइ उपलब्धि वृद्धिको वार्षिक लक्ष्य बन्यो? विद्यार्थीको नियमित गृहकार्य जाँच र पृष्ठपोषणलाई नियमित र व्यवस्थित गर्न सकियो वा सकिएन? शिक्षकले यसको आत्मसमीक्षा गरेर सच्चिन जरुरी छ।

विद्यालय व्यवस्थापन समितिलाई समग्र व्यवस्थापनको जिम्मेवारी छ। शैक्षिक गुणस्तरको अवस्थाबारे बैठकमा कतिपटक समीक्षा भयो? विद्यालय सुधारको योजना र कार्यान्वयनको अवस्था के भयो? विद्यालय सुधारको प्रतिवद्धताबारेको हेक्का कति छ? नमुना विद्यालय बनाउन समितिसँग के-कस्ता योजना छन्? शिक्षा ऐन र नियमावलीले दिएका अधिकारबारे समिति कति जानकार छ? यदि जानकारी छ भने कार्यान्वयन गर्न तयार भयो कि भएन? उत्कृष्ट नतिजा ल्याउने कतिजना शिक्षक पुरस्कृत भए? अनियमितता गर्ने गैरजिम्मेवार कति शिक्षकलाई कानुनी दायरामा ल्याइयो? कति शिक्षकको बढुवा रोक्का भयो? कति शिक्षक ग्रेडवृद्धि रोक्कामा परे? राम्रोलाई प्रोत्साहन र गलत प्रवृत्तिलाई कानुनी दायरामा ल्याउने कसैबाट हिम्मत भयो?

प्रधानाध्यापकमा समग्र प्रशासनको जिम्मेवारी छ। विद्यालयको वार्षिक योजना बन्यो कि बनेन? शिक्षक, कर्मचारीको नियमित बैठक भयो कि भएन र वार्षिक योजना कार्यान्वयनको विषयमा समीक्षा भयो कि भएन? शिक्षक र विद्यार्थीका समस्या कति सम्बोधन हुन्छन्? अभिभावक भेला र छलफलले कति नियमितता पाएका छन्? नतिजाबोध र प्रतिस्पर्धात्मक क्षमता जागृत गर्ने वातावरण कस्तो छ? खराब आचरणका अटेरी कतिजना शिक्षकलाई नसिहत दिइएको रेकर्ड छ? कतिजना शिक्षकको तलब वृद्धि रोक्का गरियो? कतिजनालाई उत्कृष्ट कार्यसम्पादन गरेबापत सम्मान गरियो? त्यसको रेकर्ड कहीं कतै छ? यसको जिम्मेवारी प्रधानाध्यापक स्वयंले लिनुपर्छ।


विद्यार्थीका पनि आफ्नै जिम्मेवारी र कर्तव्य छन्। शिक्षाप्रतिको सकारात्मक चिन्तनले नै सफलता दिलाउँछ। शिक्षकप्रतिको आदरभाव कायम कति गर्न सकियो? शिक्षकलाई आदर्श व्यक्तिका रूपमा लिइयो कि लिइएन? पढाइलाई उत्साहका रूपमा लिइयो कि जोरजुलुमपूर्ण कार्य ठानियो? अभिरुचिविनाको कार्यले सहज गन्तव्य भेट्दैन। नवीनतम सूचना प्रविधिको सही सदुपयोग कत्तिको भयो? घरमा अध्ययन तालिका बनाएर त्यसको कार्यान्वयन भयो कि भएन? अभिभावक र शिक्षकको निर्देशन कत्तिको पालना भयो? वियवस्तुको गहिराइमा पुग्ने चेष्टा मनैदेखि किन जागेन? छोराछोरीको पढाइका लागि आमाबुबाले गरेको दुःखलाई किन मनन गर्न सकिएन? आमाबुबाको खुसी र सुन्दर जीवनका लागि मैले मिहिनेत गर्नुपर्छ भन्ने कुरा बुझ्न किन असहज भएको होला? यस्ता सन्दर्भको पनि आत्मसमीक्षा जरुरी छ। के यी प्रश्नको जवाफ खोज्न विद्यार्थीले कुनै प्रयास गरेका छन् होला त?

शैक्षिक गुणस्तरका लागि अभिभावकको भूमिका पनि विशेष छ। छोराछोरीको अवस्था बुझ्न विद्यालयमा कतिपटक पुगियो? पढ्नका लागि घरमा उपयुक्त कोठाको व्यवस्था गर्न सकिएको छ कि छैन? राति पढ्नका लागि बत्तिको व्यवस्था गरिएको छ कि छैन? कापी-कलम, खाजाको प्रबन्ध गर्न सकिएको छ वा छैन? दिनभरको पढाइप्रति दैनिक चासो राखेर छोराछोरीसित कति संवाद गरिएको छ? आफू जाँडरक्सीको कुलतमा त हुनुहुँदैन नि? छोराछोरीका आधारभूत आवश्यकता पूरा गर्न सचेत कत्तिको हुनुहुन्छ? यी सवालको जवाफ खोज्नु अभिभावकका लागि पनि महत्त्वपूर्ण छ।

सरकार समग्र पक्षको व्यवस्थापक हो। नीति-निर्माता हो। तर, के सरकारले शिक्षामा पर्याप्त लगानी गरेको छ? अनुगमन र शिक्षकको पेसागत सहयोगको अवस्था कस्तो छ? शिक्षक प्रोत्साहनका कार्यक्रम सञ्चालन भएका छन् कि छैनन्? कमजोर आर्थिक अवस्थाका विद्यार्थीका लागि के-कस्ता विशेष कार्यक्रम छन्? पुरस्कार र दण्डको नीति कस्तो छ? शिक्षक र विद्यालयका समस्या कत्तिको चासोका साथ सम्बोधन भए? परीक्षा प्रणालीलाई व्यवस्थित गर्न कस्तो संयन्त्र विकास गरिएको छ? क्षमता विकासका कार्यक्रम सञ्चालन गरियो कि गरिएनन्? अभिभावक शिक्षाप्रधान भयो? शैक्षिक सुधारको बहस कत्तिको चल्यो? यसको पनि आत्मसमीक्षा हुन जरुरी छ।

अन्त्यमा, सामुदायिक विद्यालयको शिक्षा सबैको भयो, तर कसैको हुन सकेन। एकले अर्कालाई दोष देखाएर समाधान हुने विषय यो होइन। पानीभित्रको ओभानो कोही बन्न सक्दैन। आफ्नो भूमिका पूरा गर्न को कहाँ चुक्यो? आत्मसमीक्षा गर्न जरुरी छ। दोष जति अरूलाई लगाएर आफू उत्कृष्ट रहेको स्वघोषणा गर्ने प्रवृत्ति सच्चिन जरुरी छ। सकारात्मक सोच र जिम्मेवारीको दृढ कार्यान्वयनले मात्र उत्कृष्ट गुणस्तरीय शैक्षिक परिणाम प्राप्त गर्न सकिन्छ।

(ढकाल चौरजहारी नगरपालिका रुकुम पश्चिमका निमित्त प्रमुख प्रशासकीय अधिकृत हुन्)



> शैक्षिक गुणस्तर खस्किंदो। विद्यार्थीको स्तर कमजोर भयो। अपेक्षाअनुसार प्रतिस्पर्धात्मक क्षमताको विकास भएन। अवस्था यस्तो हुनुमा एकअर्कामाथि दोषारोपण गरेर शिक्षक, विद्यार्थी, अभिभावक र सरकारबीच आरोप-प्रत्यारोप र जुहारी चल्दैमा कसरी सुध्रिन्छ शैक्षिक गुणस्तर?

> शैक्षिक गुणस्तर कायम गर्ने/गराउने मुख्य भूमिका शिक्षकको हो। उनीहरूमा पेसाप्रतिको प्रतिबद्धता कत्तिको छ? के सबै शिक्षकको वार्षिक शैक्षिक योजना बन्यो? प्रभावकारी शिक्षणका लागि एकाइ र दैनिक योजना चाहिन्न? शैक्षिक सामग्री तयारी र प्रयोग गर्नुपर्दैन?

---

३ प्रश्न



इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्वप्रमुख एवं वरिष्ठ जनस्वास्थ्यविद् **डा. बाबुराम मरासिनी**लाई

नेपालमा औलो रोगको स्थिति कस्तो छ?

सामान्यतः औलो दुई किसिमको हुन्छ। यतैका रोगीलाई एनोफिलिस नामको लामखुट्टेले टोकेर अर्को स्वस्थ व्यक्तिलाई सार्छ भने त्यसलाई हामी रैथाने औलो भन्छौं भने विदेशबाट आएका रोगीबाट सर्ने औलोलाई आयातित औलो भन्छौं। विशेषगरी छिमेकी भारतका महाराष्ट्र, चन्डीगढजस्ता राज्यबाट औलो नेपाल भित्रिने गरेको छ। महाराष्ट्रमा त औलो सहरभित्रै पसिसकेको अवस्था छ। हामीकहाँ आयातित औलोका रोगी निकै धेरै र स्थानीय औलोका रोगी निकै कम छन्।

उच्च पहाडी र हिमाली क्षेत्रमा पनि औलो भेटिनुले के संकेत गर्छ?

नेपालमा विसं २०२५ मै पनि मुगुमा औलोका रोगी भेटिएका थिए। तर, सामान्यतः ३५ सय मिटरभन्दा माथि औलो जाँदैन र त्यसभन्दा माथि बसोबास गर्नेलाई 'डाइनोसिस' गरिरहनुपर्दैन भन्ने मान्यता छ। तर, सानो भए पनि लामखुट्टेलाई अति ठुलो बुद्धि भएको जीव मानिन्छ। 'ग्लोलब वार्मिङ'का कारण तराई क्षेत्रमा बस्ने नसक्नेगरी तापक्रम वृद्धि हुन थालेपछि लामखुट्टे खोलैखोलाबाट चुरे पहाड हुँदै माथितिर उक्लिँदै गएपछि औलो पनि माथिमाथि सर्दै गएको हो। अहिले चर्को गर्मीमा तराई क्षेत्रमा लामखुट्टे त्यति धेरै नदेखिनुको कारण पनि त्यही हो। लामखुट्टे नै माथिमाथि सर्दै गएपछि औलो पनि सर्ने नै भयो।

सन् २०२५ सम्ममा नेपाल औलोमुक्त हुन सक्ने सम्भावना कति छ?

अहिलेको स्थिति हेर्दा त्यो सम्भव छैन। यसका लागि निकै ठुलो मिहिनेत र सशक्त कार्यक्रम आवश्यक छ। बजेटभन्दा पनि प्रतिबद्धता र कार्यक्रमको खाँचो छ।

प्रेरक प्रसंग

बालकको स्वाभिमान

यो घटना भारत स्वतन्त्रताभन्दा केही वर्षअगाडिको हो। उडिसाको ढेन्कानाल जिल्लामा अनगुल नामको एउटा सानो गाउँ थियो। त्यसवेला देशभरि अंग्रेजविरोधी आन्दोलनको लहर चलिरहेको थियो। त्यसै लहरमा ढेन्कानालका जनता त्यहाँका राजाविरुद्ध एकजुट हुन थाले। त्यहाँ प्रजापरिषद् गठनको माग हुन थाल्यो। त्यहाँका राजा अंग्रेजका कठपुतली थिए। जनताको आन्दोलनदेखि दिक्क भएर उनले अंग्रेजसँग सहायता मागे। तर, अंग्रेजले सहायता दिनुको साटो राजासित एउटा सर्त राखे। आन्दोलन दबाइसकेपछि अंग्रेजहरूलाई नै त्यो राज्य सञ्चालनको जिम्मा सुम्पनुपर्नेछ। केही नलागेर राजाले उनीहरूको सर्त स्वीकार गरे।

ती राजाको सहायताका लागि एक दिन अंग्रेज फौज अनगुल जानका लागि नदीपारि आए। नदी किनारमा डुंगा चलाइरहेको एक १२ वर्षीय केटासँग फौजको एउटा टुकडीका कप्तानले कड्केर भने, 'ए केटा, डुंगा ठीक पार् हामी पारि जानु छ।' कप्तानले सोचेका थिए। अरू केटाजसरी नै ऊ पनि लगलग कामेर उनको आदेश तत्काल पूरा गर्नेछ। तर, त्यो केटाले उनको आज्ञा अटेर गरेर चुपचाप बस्यो। केटाको यस्तो चालामाला देखेर कप्तान छक्क परे र रिसाउँदै भने, 'जा डुंगा ठीक पार्। मैले भनेको तैंले सुनिनस्?' 'नाइँ, म तिमीहरूलाई पारि लान सक्दिनँ,' केटाले पनि त्यसैगरी कड्केर जवाफ दियो। 'कुरा बढी नै भइसक्यो डुंगामा चढ,' गोरा कप्तानले आफ्ना सैनिकलाई आदेश दियो। 'खबरदार, कोही पनि यो डुंगामा चढ्ने होइन,' केटो बहना लिएर डुंगाको बीचमा उभिइरह्यो।

उसको यस हठलाई बच्चाको चञ्चलता सम्झेर एक अंग्रेज सिपाही अगाडि बढ्यो। तब बहनाको चौडा भागले केटाले उसको टाउकोमा जोडदार रूपमा प्रहार गऱ्यो र उसको टाउको रगतले लतपत भयो। यो दृश्य देखेर अंग्रेज कप्तान हिंस्रक भयो र उसले पिस्तोल झिकेर त्यो बालकमाथि गोली प्रहार गऱ्यो। यसरी अनगुलको त्यो साहसी किशोर बाजीराव आफ्नो गाउँको स्वतन्त्रता कायम राख्ने प्रयासमा सहिद भयो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

हामी सुखी र समृद्ध हुने कहिले?

दलहरूले 'सुखी नेपाली समृद्ध नेपाल'को नारा लगाउन थालेको धेरै भइसक्यो। तर, नेपाली जनता सुखी र समृद्ध हुने दिन भने कहिले आउने हो, त्यसको कुनै टुंगो छैन। राजनीतिक दलहरूले भाषणसिवाय केही गर्दैनन्। जसले गर्दा उनीहरूको भनाइ र गराइमा कहिल्यै एकरुपता देखिन्न। त्यसैले पनि हामी नेपाली सुखी र समृद्ध बन्ने दिन कहिल्यै आउलाजस्तो नै लाग्न छाडिसक्यो। दलहरूले नेपाली जनतालाई सुखी र सम्पन्न बनाउन यहाँ उपलब्ध मानव स्रोतलाई समुचित परिचालन गर्नेतर्फ दल तथा तिनका नेताको कुनै प्रस्ट भिजन र योजना केही देखिन्न। अनि कसरी बनौंला हामी सुखी र समृद्ध?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

डढेलो लगाउनेलाई कारबाही गर

'नियन्त्रणबाहिर आगलागी र डढेलो' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। सामान्यतः कुनै पनि जंगलमा लागेको डढेलो मान्छेकै कारण लाग्ने हो। सीमित प्राकृतिक कारणबाहेक अरू सबै ठाउँको डढेलो मान्छेले नै लगाउने हो। त्यसैले, यस्ता घटनाको गम्भीरतापूर्वक सूक्ष्म अनुसन्धान गरी दोषी फेला परेको अवस्थामा तिनलाई गम्भीर अपराधमा जस्तै कडा सजाय दिनु जरुरी छ। अन्यथा, यस्तो डढेलो नियन्त्रण सम्भव छैन।

● **वन्दना सिंह**
टाँडी, चितवन

आफ्नो उडान बढाऊ

नेपालका आन्तरिक तथा बाह्य गन्तव्यमा हुने उडानबान आवत-जावत गर्ने यात्रुहरूको संख्या उल्लेख्य रूपमा बढेको समाचार पढ्दा खुसी लाग्यो। तर, अन्तर्राष्ट्रिय उडानको क्षेत्रमा भने नेपालको आफ्नो हवाईजहाजबाट यात्रु आउने र जाने क्रम भने खासै उत्साहजनक छैन। किनकि, एकातिर नेपाल युरोपको कालोसूचीमा छ भने अर्कातिर नेपाल वायुसेवा निगमको आफ्नो विमान संख्या भने निकै कम छ। यस्तोमा आफ्नो उडान बढाऊ।

● **भुवन विक**
थापाथली, काठमाडौं

लगानी सम्मेलन सफल पार्ने मोडेल

तेस्रो लगानी सम्मेलन सफल पार्न नेपालले पनि भारतीय मोडेल अपनाउनु जरुरी छ। भारतमा कुनै पनि वैदेशिक लगानीको सानो समस्या आए पनि त्यो सीधै प्रधानमन्त्रीस्तरबाट हेर्ने र सम्बोधन गर्ने गरिन्छ। प्रधानमन्त्री कार्यालयमा रहेको वैदेशिक लगानी शाखाबाट हरेक समस्या सीधै प्रधानमन्त्रीलाई सुनाइन्छ। प्रधानमन्त्रीले नै सीधै समस्या सुन्ने भएपछि कर्मचारीले तलमाथि गर्ने प्रश्नै उठ्दैन। यसैले भारतमा ठूलो स्तरमा वैदेशिक लगानी आएको छ। हुन त नेपालमा पनि लगानी बोर्ड नभएको होइन। तर, प्रधानमन्त्रीस्तरबाट सीधै सुनुवाइ नहुँदा लगानीकर्ता उत्साहित हुन सकेका छैनन्।

विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषलगायत ५२ देशका उत्सुक लगानीकर्ता अहिले नेपालले आयोजना गरेको तेस्रो लगानी सम्मेलनमा भाग लिन आउँदै छन्। हाम्रा लागि यो खुसीको विषय हो। तर, वास्तविक खुसी त्यो वेला प्राप्त हुनेछ जब नेपालले प्रस्तुत गरेको करिब नौ खर्बको एक सय ४८ आयोजनामा उनीहरूले लगानी गर्ने प्रतिबद्धता जनाएर वास्तवमै लगानी गर्छन्।

सन् २०१७ र १९ को लगानी सम्मेलनमा प्रतिबद्धता गरिएकोमध्ये १५ प्रतिशत लगानी पनि आउन सकेन। प्रतिबद्धता जनाउने, तर काम नहुने हो भने त्यसको कुनै अर्थ छैन। यसर्थ, किन बोलेअनुरूप वैदेशिक लगानी आउन सकिरहेको छैन? के-के कुरामा कमी देखियो? के-के कुरामा सुधार गर्नु आवश्यक छ? यसबारे यसपालिको सम्मेलनमा गम्भीर चिन्तन-मनन हुनु जरुरी छ।

● **गोपाल देवकोटा**, गौरीनगर, काठमाडौं
gopaldevkota@gmail.com

प्यालेस्टिनी बहसबाट सन्त्रस्त उत्तरी गोलार्धका सम्भ्रान्त

६ महिनामा अमेरिकाका पत्रपत्रिका र टेलिभिजन कार्यक्रमले नरसंहारकारी हिंसाबारे सामान्यतया कर्ताविहीन कर्मवाची भाषामा लेख्ने गरेका छन्



देश/विदेश

● विजय प्रसाद

इजरायली बमबारीले गाजामा विनाश गरिरहेकै छ, जहाँ ठूलो संख्यामा नागरिक मारिँदै छन्। इजरायली बमले गाजाका २४ अस्पताल ध्वस्त भएको अलजजिराले जनाएको छ। र, मारिएका ३५ हजार प्यालेस्टिनीमध्ये आधा बालबालिका छन्, जहाँ शवगृह र मस्जिद सबैभन्दा ठूलो तारो बनेका छन्। मानव अधिकारका लागि राष्ट्रसंघका पूर्वसहायक महासचिव एन्ड्रयु गिलमोरले बिबिसी न्युज नाइटलाई प्यालेस्टिनीले 'सामूहिक सजाय'को सामना गरिरहेको बताएका छन्। गाजामा सन् १९९४ मा रुवान्डा नरसंहारपछि सम्भवतः सबैभन्दा उच्च मृत्युदर देखिएको छ। यसैबीच ह्युमन राइट्स वाचका अनुसार प्यालेस्टाइनको वेस्ट बैंकमा इजरायली सेनाले २० समुदायका प्यालेस्टिनीको विस्थापन गरेका छन् र अक्टोबर २०२३ यता कम्तीमा सात समुदायको निस्तेनाबुद गरिएको छ। यी स्थापित तथ्य हुन्। तैपनि, यी तथ्य न्युयोर्क टाइम्सको 'पत्रिकाको रेकर्ड'मा राख्न नसकिने नोटको खुलासा भएको छ। पत्रिकामा पत्रकारलाई 'नरसंहार', 'जातीय सफाया', र 'अतिक्रमित क्षेत्र' शब्द प्रयोग नगर्न भनिएको छ। वास्तवमा विगत ६ महिनामा अमेरिकाका पत्र-पत्रिका र टेलिभिजन कार्यक्रमले सामान्यतया कर्मवाची भाषामा नरसंहार हिंसाबारे लेख्दै आएका छन् जहाँ कर्ताको नाम छुटाइन्छ। सामान्यतया कम नियमन हुने सामाजिक सञ्जालमा पनि केही शब्दावली वा वाक्यांशमाथि सेन्सरसिप हुने गरेको छ। एलन मस्कले स्वतन्त्रताको डिङ हाँके पनि 'डिकलनाइजेसन' (विऔपनिवेशीकरण) जस्ता शब्द र 'फ्रम द रिभर टु द सी' (नदीदेखि समुद्र सम्म)जस्ता वाक्यांश एक्सmमा निषेधित हुने संकेत दिएका छन्। साउथ क्यालिफोर्निया विश्वविद्यालय (युएससी)मा सन् २०२४ को कक्षाको दिक्षान्त प्रवचनकर्ता असना तबस्सुमले ६५ हजार मानिसलाई सम्बोधन गर्ने तयारी गरेकी थिइन्, तर इजरायल-प्यालेस्टाइन द्वन्द्वको विषयमा उनले बोल्ने हुन् कि भन्ने खतरा महसुस गरेर इजरायली समर्थक कार्यकर्ताको विरोधपछि उनको भाषण रद्द गरियो। जवाफमा, बायोमेडिकल इन्जिनियरिङ र इतिहास पढ्दै आएकी २१ वर्षीया विद्यार्थी तबस्सुमले सेन्सरसिप र कट्टरतामाथि संवाद एवं सिकाइको महत्त्वबारे जोड दिँदै आफ्ना सहपाठीलाई समानता एवं मानवीय मर्यादालाई घृणाको अभिव्यक्तिका रूपमा दुरुपयोग नगर्न आग्रह गरेकी थिइन्।

अमेरिकी कलेजका विद्यार्थीले इजरायल र कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रसँग सम्बन्ध भएका कम्पनीबारे जागरुक हुन र तिनको बहिष्कार गर्नका लागि जोशका साथ पैरवी गरिरहेका छन्। सुरुमा विरोध प्रदर्शनलाई अनुमति दिइएको थियो, तर परिस्थिति तब बदलियो जब अमेरिकी नेताले संसदीय सुनुवाइका क्रममा चीन र रुसबाट विदेशी कोष आएको भन्ने आरोप लगाए। कलेज प्रशासकले दाताको प्रभाव र राजनीतिक दबाबको डरले विद्यार्थीमाथि सेन्सर गर्न र गिरफ्तार गर्न थाले। नतिजा कोलम्बिया विश्वविद्यालयदेखि पोमोना कलेजसम्मका शैक्षिक संस्थाबाट प्रदर्शनकारी विद्यार्थीलाई निलम्बन गर्न थालियो। यसका बाबजुद रुटगर्सदेखि युसी डेभिससम्मका विद्यार्थी युनियन इजरायलबाट विनिवेशका लागि दबाब दिन आन्दोलनरत छन्। १२ अप्रिल २०२४ मा बर्लिन प्रहरीले प्यालेस्टाइन सम्मेलनमा रोक लगायो जहाँ गाजा द्वन्द्वको प्रत्यक्ष अनुभव गरेका बेलायती-प्यालेस्टिनी चिकित्सक घसान अबु सित्तालाई देशनिकाला गरियो। ग्रिसका पूर्वअर्थमन्त्री यानिस भारुफाकिसलाई अनलाइन कार्यक्रममा सम्बोधन गर्न मात्र नभई जर्मनीमा कुनै राजनीतिक गतिविधिमा संलग्न हुनबाट पनि रोक लगाइयो। भारुफाकिसले यो कदमलाई जर्मन लोकतन्त्रका लागि गम्भीर दुर्घटनाका रूपमा निन्दा गरेका थिए।



तस्बिर : वायत सोयर्स

बर्लिनमा भएको सम्मेलनको केही दिनअघि प्राध्यापक जोडी डिनले भर्सो प्रकाशनको ब्लगमा 'प्यालेस्टाइन सबैका लागि बोल्छ' भन्ने निबन्ध प्रकाशित गरेकी थिइन्। उत्पीडित जनतालाई आफ्नो मुक्तिका लागि लड्ने अधिकार छ भन्ने सरल र गैरआपत्तिजनक विचारमा निबन्ध लेखिएको थियो। यो विषय मानव अधिकारको अन्तर्राष्ट्रिय घोषणाको आधार पनि हो जसलाई भारुफाकिसले बारम्बार उद्धृत गर्दै आएका थिए र छन्। बर्लिनमा प्यालेस्टाइन सम्मेलन बन्द भएको भोलिपल्ट जोडी डिनको नियोक्ता होबार्टका अध्यक्ष मार्क गियरन र अमेरिकाको विलियम स्मिथ कलेजले एक विज्ञप्ति प्रकाशित गर्दै प्राध्यापक डिनले आफ्ना बाँकी कक्षालाई यो सत्रमा अध्यापन गराउन नपाउने निर्णय गऱ्यो। गियरनले सो विज्ञप्तिमा आफू डिनसँग 'पूर्ण रूपमा असहमत' मात्र नभई आफूले उनको टिप्पणीलाई 'घृणास्पद' भएको पनि पाएको उल्लेख गरेका थिए। चाखलाग्दो के छ भने गियरनले हमासको निन्दा गर्ने गरी सार्वजनिक बयान मात्र जारी गरेका छन्, तर प्यालेस्टिनीविरुद्धको भयानक नरसंहारबारेमा केही उल्लेख गरेका छैनन्।

जोडी डिनले के यस्तो लेखेकी थिइन् जुन 'घृणास्पद' भयो? गियरनले 'उत्साहजनक' शब्दमा ध्यान केन्द्रित गरेका थिए जसलाई डिनले गाजावरपर इजरायलले अतिक्रमण गरेको क्षेत्रका बार नाघेका पाराग्लाइडरप्रति प्रयोग गरेकी थिइन्। उनले वास्तवमा ७ अक्टोबरका हमलालाई लिएर खुसी मनाएकी थिइनन्, तर प्यालेस्टिनी दृष्टिकोणबाट आशा र मुक्तिको राजनीतिको संकेत दिने पाराग्लाइडरलाई प्रतीकका रूपमा मात्र प्रयोग गरेकी थिइन्। उनले ६ डिसेम्बर २०२३ मा इजरायलद्वारा मारिएको रेफात अलारिरको अन्तिम कविता उद्धृत गरेकी थिइन्। गियरनले अतिक्रमण वा नरसंहारबारे संवाद गर्न चाहेनन्। न्युयोर्क टाइम्सका सम्पादक र प्रकाशक, जर्मन सरकार र अन्य अमेरिकी कलेज अध्यक्षले भने गियरन पनि संवादमाथि लगाम लगाउन चाहन्थे। प्यालेस्टाइनबारे कुरा गर्न डराउने वा नरुचाउनुको कारण तबस्सुमको 'संवाद र सिकाइ'को बिन्तीलाई उपेक्षा गरियो। वास्तवमा गियरनजस्ता मानिस तबस्सुमकै भाषामा 'पाखण्ड र सेन्सरसिप' रुचाउँछन्।

(प्रसाद भारतीय इतिहासकार, सम्पादक एवं पत्रकार हुन्)
पिपुल्स डिस्प्याचबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

किन महत्त्वपूर्ण छ यसपटकको भारतीय चुनाव ?

सन् १९७० को दशकमा इन्दिरा गान्धीले अधिनायकवादलाई उनको पारिवारिक शासनप्रतिको निष्ठासँग जोडिन् । अहिले नरेन्द्र मोदीले अधिनायकवादलाई हिन्दु बहुसंख्यकवादको भक्तिसँग जोडेका छन् ।



● रामचन्द्र गुहा

गुहा भारतीय इतिहासकार, वातावरणविद् र सार्वजनिक बौद्धिक मानिन्छन् ।





अप्रिल १९ बाट भारतमा १८औँ आमनिर्वाचन (लोकसभा चुनाव) सुरु भएको छ । यसअघि सम्पन्न १७ निर्वाचनमध्ये दुईवटा विशेष महत्त्वपूर्ण थिए । त्यसमा एउटा थियो, सन् १९५१-१९५२ मा सम्पन्न पहिलो आमनिर्वाचन । भारतको स्वतन्त्रतापछि पहिलो निर्वाचनअघि धेरैले अत्यन्त गरिब, विभाजित र व्यापक रूपमा अशिक्षित भारतीयको नेता छान्न क्षमतामाथि नै खिल्ली उडाएका थिए । अनिच्छापूर्वक भारतीय संघमा सामेल भएका एकजना महाराजाले एक अमेरिकी दम्पतीसँगको कुराकानीमा निरक्षरले भरिएको देशमा सबै वयस्कलाई मताधिकारको अधिकार दिने संविधानलाई 'बहुलट्ठीपूर्ण'को संज्ञा दिएका थिए ।

मद्रासबाट निस्किने एक पत्रिकाका सम्पादकले गुनासो गर्दै लेखेका थिए 'धेरै ठूलो जनसंख्याले पहिलोपटक तिनको मताधिकार प्रयोग गर्दै छन्, धेरैलाई मतदान भनेको के हो भन्ने नै थाहा छैन । तिनलाई मतदान किन गरिन्छ भन्नेसमेत थाहा छैन । त्यस्तोमा कसलाई मत हाल्ने भन्ने थाहा हुने कुरा भएन । भारतमा अहिले जे भइरहेको छ, यो इतिहासको सबैभन्दा ठूलो दाउको रूपमा मूल्यांकन गरिनेछ ।' र, राष्ट्रिय स्वयंसेवक संगठन(आरआरएस)को साप्ताहिक प्रकाशन अर्गनाइजरले यस प्रक्रियाप्रति आशंका जताउँदै लेखेको थियो- 'पण्डित नेहरूले एक दिन भारतमा सबैलाई बालिग मताधिकार दिने कार्य असफल भएको स्विकार्नुपर्नेछ ।' तर आखिरमा दाउ सफल रह्यो । विभिन्न राजनीतिक विचारधारा बोकेका दल र स्वतन्त्र उम्मेदवारले चुनाव लडे । बालिग मतदाताले स्वतन्त्र रूपमा आफूलाई मन पर्ने उम्मेदवारलाई मत हाले । देशको स्वतन्त्रतापछि पहिलो चुनावको सफल आयोजना भारतीय इतिहासमा एक प्रमुख कोसेढुंगा साबित भयो । त्यसपछि सन् १९५७, १९६२, १९६७ र १९७१ को चुनावले सन् १९५२ मा हासिल गरेको उपलब्धिलाई सुदृढ गरे ।

भारतको दोस्रो महत्त्वपूर्ण लोकसभा चुनाव मार्च १९७७ मा सम्पन्न भयो । सन् १९७५ जुन महिनामा प्रधानमन्त्री इन्दिरा गान्धीले आपत्काल लगाएकी थिइन् । धेरैले आपत्कालपछि भारतको खुला प्रतिस्पर्धात्मक राजनीतिको अन्त्य भएको र यो देश पनि निरंकुश शासन अवलम्बन गर्ने अन्य एसियाली र अफ्रिकी देशहरूको पंक्तिमा सामेल भएको ठानेका थिए । हुन पनि आपत्कालपछि सशक्त विरोध उठ्नसकेको थिएन । सन् १९७६ मा सडक उल्लेखनीय रूपमा शान्त थिए । इन्दिरा गान्धीले उनको निरंकुश शासनविरुद्ध उल्लेखनीय चुनौती वा जोखिम सामना गरेकी थिइनन् । यस्तोमा उनलाई आपत्काल हटाउन र नयाँ चुनावको आह्वान गर्ने बाध्यता थिएन । तैपनि उनले चुनाव घोषणा गरिन् । इतिहासकारहरू सन् १९७७ को लोकसभा निर्वाचन उलेखनीय हुनाका तीन कारणमाथि प्रकाश पार्ने गर्छन् । पहिलो, निर्वाचन हुनु नै आफैंमा महत्त्वपूर्ण थियो भने दोस्रो, मतसर्वेक्षणकर्ताको प्रक्षेपणविपरीत चुनाव इन्दिरा गान्धीले हार्नु ।

आपत्कालपछि पनि आमभारतीयमाझ गान्धी अत्यन्त लोकप्रिय रहेको मानिन्थ्यो । विशेषतः सन् १९७१ मा पाकिस्तानविरुद्ध चालिएको सैन्य अभियानको सफलताको आभा इन्दिरामा अझै कायम रहेको मानिएको थियो । यसबाहेक, उनको पार्टी संगठन राम्रो अवस्थामा थियो । धेरै उद्योगपतिले आपत्काललाई समर्थन गरेका कारण पार्टीलाई पैसाको कमी थिएन । अर्कोतर्फ, विपक्षी गठबन्धन विभिन्न दलको कमजोर गठजोड मात्र थियो जो विभाजित थिए । उनीहरूमा वित्तको पनि समस्या थियो । त्यसमाथि तिनका अधिकाशं नेता र कार्यकर्ताहरू लामो समय जेलमा बिताउनु परेकाले जनतामाझ भिजिसकेका थिएनन् । मतसर्वेक्षणकर्ताले इन्दिराले जित्ने बताइरहँदा कांग्रेसले बहुमत गुमायो । इन्दिरा गान्धी स्वमंले उनको सिट जोगाउन सकिनन् । यस चुनावले भारतको स्वतन्त्रतापछि पहिलोपटक केन्द्रमा गैर-कांग्रेसी सरकार बन्ने बाटो खुलायो । एक, निर्वाचिन आयोजना हुनु, त्यसमा कांग्रेसको हार हुनु र भारत एकदलीय राज्य बन्नबाट बच्ने अवस्था आउनु सन् १९७७ को चुनावका तीन उल्लेखनीय विशेषता थिए । यदि चौथो विशेषता थप्नैपर्‍यो भने त्यो थियो, लामो समयसम्म वर्चस्वशाली कंग्रेसलाई हराउने शक्ति एउटा दल नभएर विभिन्न दलको गठबन्धन हुनु । 'जनता पार्टी' खासमा इन्दिराको निरंकुशतालाई परास्त गर्ने र लोकतन्त्रको पुनर्स्थापना गर्ने एक मात्र उद्देश्यका साथ एक ठाउँमा आएका फरक सिद्धान्त र विश्वास प्रणाली भएका चार दलको गठजोड थियो ।

> मोदी तेस्रो कार्यकालका लागि विजयी भए भने उनको पार्टी भाजपाले मिडियामाथिको नियन्त्रणलाई थप कठोर पार्नेछ । पार्टीले निजामती सेवा, न्यायपालिका र सार्वजनिक संस्थानको स्वतन्त्रतालाई कमजोर बनाउनेछ । भारतीय संघीयताको संरचना अहिलेभन्दा कमजोर बन्न सक्छ ।

सन् १९७७ को निर्वाचनदेखि २०१४ सम्म नयाँदिल्लीमा कुनै पनि एउटा दल वा गठबन्धन लगातार दुई कार्यकालभन्दा बढीपटक सत्तामा आएनन् । दुई कार्यकालपछि शक्तिमा निरन्तर बदलावले भारतीय लोकतन्त्रलाई राम्रो गर्‍यो । लामो समय एउटै पार्टीको वर्चस्व नरहने अनुभूतिका कारण ती वर्षमा प्रेस बढी स्वतन्त्र भए । निजामती सेवा बढी स्वतन्त्र र न्यायपालिका बढी दृढ देखियो । यस अवधिको प्रतिस्पर्धात्मक राजनीतिले भारतीय संघीयतालाई पनि राम्रो गर्‍यो । राज्य सरकार तिनका फरक आर्थिक र सामाजिक एजेन्डा पछ्याउन स्वतन्त्र रहे । के अहिल जारी चुनावले यस प्रवृत्तिलाई उल्ट्याउन सक्छ ? प्रायः मतसर्वेक्षणकर्ताको यही धारणा छ । नरेन्द्र मोदी र उनी नेतृत्वको भारतीय जनता पार्टी(भाजपा)ले लगातार तेस्रोपटक बहुमत ल्याउने उनीहरूको विश्वास छ । त्यस्तो परिणाम आए के हुन्छ ? मैले सम्मान गर्ने एक विश्लेषक पाराकला प्रभाकरले मोदी र भाजपाले तेस्रो कार्यकालमा पनि बहुमत हासिल गरे भने 'देशमा अर्को चुनाव नहुने'सम्म भनेका छन् । निश्चित रुपमा, इन्दिरा गान्धीमा जस्तै मोदीमा पनि अधिनायकवादी प्रवृत्ति र पूर्ण प्रभुत्वको चाहना देखिन्छ । तथापि यी दुई नेताको राजनीतिक अवस्थितिबीचमा एउटा महत्त्वपूर्ण भिन्नता छ; सन् १९७७ मा देशभरका एउटा राज्यमा बाहेक सबैमा कांग्रेसको सरकार थियो (एउटा राज्य तमिलनाडुमा कांग्रेसको सरकार नभए पनि त्यहाँका मुख्यमन्त्री नयाँदिल्लीको सरकारप्रति नरम थिए) । तर सन् २०२४ मा भाजपा सबै दक्षिणी राज्यमा मात्र होइन केही महत्त्वपूर्ण पूर्वी र उत्तरी राज्यमा पनि सत्ता बाहिर छ । सन् १९७५ र सन् १९७७ बीचमा इन्दिरा गान्धी र कांग्रेस प्रतिपक्षीहरूलाई पूर्ण मौन बनाउन सफल भएका थिए । मोदी र भाजपाले अहिले भनेजस्तै लोकसभामा ३७० सिट नै जिते भने पनि त्यसैगरी सबै प्रतिप्रक्षीलाई मौन बनाउन निकै कठिन हुनेछ ।

यस लोकसभा चुनावपछि तमिलनाडु, केरला, पश्चिम बंगाल, तेलंगानालगायत अन्य ठूला राज्यमा अझै पनि गैरभाजपा दलको सरकार कायम रहनेछन् । त्यस्तोमा मोदी र अमित शाहले के गर्लान् त ? गैरजिम्मेबारपूर्वक अनुच्छेद ३५६ लागू गर्लान् ? वा फरक दलका विधायकहरूलाई पैसामा किन्लान् ? तानाशाही प्रवृत्तिका नेताका लागि लोभलाग्दो यी विधिविरुद्ध गैरभाजपाको सरकार रहेका राज्य वा मोदी लहरबाट अझै प्रभाहिन रहेका लाखौं नागरिक विरोधमा उत्रनेछन् । यस्तोमा सन् २०२४ पछि भारत आपत्कालीन वर्षकै जस्तो पूर्णस्तरको अधिनायवादवाद फर्कने सम्भावना छैन । भावी दिनमा अधिनायकवाद फर्किने कुरामा धेरै चिन्तित हुन आवश्यक नभए पनि पूर्ण ढुक्क अवस्था छैन । विशेषतः भाजपाले फैलाएको हिन्दुत्वको विचारधाराले समाजमा घृणा र विभाजन बढाएकाले सतर्क हुनु आवश्यक छ ।

■ ह्रासोन्मुख लोकतन्त्र

नरेन्द्र मोदी सत्तामा रहेका पछिल्ला दश वर्षमा धार्मिक अल्पसंख्यक, त्यसमा पनि विशेषतः भारतीय मुस्लिम समुदाय, राजनीतिको किनारामा धकेलिएका छन् । उनीहरूले दैनिक जीवनमा सडकमा, बजारमा, विद्यालयमा, अस्पतालमा, कार्यालयमा भेदभावको सामना गर्नुपर्छ । भाजपाका सांसद र मन्त्रीहरू नियमित रूपमा भारतीय मुस्लिमहरूको खिल्ली उडाउँछन् । नेताका ती सन्देश समर्थक ह्वाट्सएप र युट्यूबमार्फत थप विस्तार गर्छन् । स्कुले बालबालिकाको कलिलो मस्तिष्कमा गैरहिन्दु नागरिकप्रति शत्रुता फैलाउने गरी पाठ्यपुस्तक पुनर्लेखन गरिन थालेका छन् । नरेन्द्र मोदी र भाजपाले तेस्रो कार्यकालमा सत्तामा विजयी भएमा मुस्लिमप्रति घृणा जारी रहनेछ, सम्भवतः झन् बढ्नेछ ।

मोदी तेस्रो कार्यकालमा फर्किए भने (अझ थप सहज बहुमतको साथ) मोदी र उनको पार्टीले मिडियामाथिको नियन्त्रणलाई अझ कडा बन्नेछ । त्यस्तै, पार्टीले निजामती सेवा, न्यायपालिका र सार्वजनिक संस्थानको स्वतन्त्रतालाई थप कमजोर पार्ने हौसला पाउनेछ । केन्द्रीय विश्वविद्यालय, आइआइटी र आइआइएम हिन्दुत्व प्रचारका केन्द्रमा रूपान्तरित हुन सक्छन् । र भारतीय संघीयताको संरचना अहिलेभन्दा कमजोर बन्न सक्छ । जनसंख्याका आधारमा लोकसभा सिट पुनर्विभाजन यसरी अघि बढाइनसक्छ, भाजपा बलियो रहेको उत्तरी राज्यको जनसांख्यिकीय लाभलाई भाजपा कमजोर रहेका दक्षिण राज्यहरूलाई स्थायी राजनीतिक अधीनतामा ल्याउन प्रयोग गरिन सक्छ । दक्षिणले त्यस्तो दमनप्रति नम्रतापूर्वक घुँडा टेक्नेछैन, तर पनि मोदी र भाजपा तिनको योजना अघि बढ्न सक्छन् ।

सन् २००७ मा प्रकाशित एउटा पुस्तकमा मैले भारतलाई '५०-५०'को लोकतन्त्रको रूपमा चित्रण गरेको छु । डेढ दशकपछि सो पुस्तकको नयाँ संस्करण निकाल्दा मैले त्यसलाई '३०-७० लोकतन्त्र'मा फार्रें । मोदी र भाजपा पुनः तेस्रो बहुमत लिएर फर्किए भने यस गिरावट थप तीव्र हुनेछ । यसले भारतीय समाजको सामाजिक संरचना, आर्थिक सम्भावना र हालसम्म नजन्मेका भारतीयहरूको भविष्यका लागि हानिकारक परिणाम ल्याउनेछ । सन् १९७० को दशकमा इन्दिरा गान्धीले अधिनायकवादलाई उनको पारिवारिक शासनप्रतिको निष्ठासँग जोडिन् । अहिले नरेन्द्र मोदीले अधिनायकवादलाई हिन्दु बहुसंख्यकवादको भक्तिसँग जोडेका छन् ।

परिवारवाद खराब हो र बहुसंख्यकवाद सायद त्योभन्दा पनि खराब हो, जुन कुरा इस्लामिक वा बौद्ध बहुसंख्यकवाद अँगालेका भारतका छिमेकी देशको स्थितिले देखाउँछ । हिन्दु बहुसंख्यकवादको नतिजा मात्र फरक हुने कुरा हुँदैन । अधिनायकवादले मानव जोशलाई कुल्चन्छ; बहुसंख्यकवादले दिमाग र हृदयलाई दूषित बनाउँछ । यसले निम्त्याउने घृणा र कट्टरता शरीरमा क्यान्सर फैलिएजस्तै गरी राजनीतिमा फैलिन्छ, जसले व्यक्ति र समाजको शिष्टता, सभ्यता, करुणा, मानवता नै लुट्छ । त्यसकारण अझै पनि यसको उदयलाई उपलब्ध सबै लोकतान्त्रिक माध्यमबाट नियमन गरिनुपर्छ । त्यसैले गर्दा हाल जारी निर्वाचन भारतमा सन् १९७७ पछिको सबैभन्दा महत्त्वपूर्ण आमनिर्वाचन भनिएको हो ।

- द टेलिग्राफबाट

इतिहासमा आज

अप्रिल २८



सन् २००१ : डेनिस टिटो इतिहासमा पहिलो अन्तरिक्ष पर्यटक बनेको दिन । एउटा रुसी रकेटले क्यालिफोर्नियाका अर्बपतिलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) मा लगेको थियो ।

सन् १९६९ : चार्ल्स डी गालद्वारा फ्रान्सको राष्ट्रपतिबाट राजीनामा । गालले सन् १९५८ मा फ्रेन्च फिफ्थ रिपब्लिक स्थापना गरेका थिए । त्यसको अर्को वर्ष उनी त्यसको पहिलो अध्यक्ष बनेका थिए ।

सन् १९९४ : अमेरिकी गुप्तचर निकाय सिआइएका पूर्वअधिकारी एल्ड्रिक एम्सद्वारा अमेरिकी गोप्य कागजात सोभियत युनियनलाई पठाएको स्वीकारोक्ति । सो वदनियतपूर्ण कार्यकाल लागि एम्सलाई आजीवन कारावासको सजाय सुनाइएको थियो । उक्त घटना अमेरिकी गुप्तचर निकायलाई बदनाम गराउने इतिहासकै एक कुख्यात कार्य थियो ।

सन् २००४ : इराक युद्धको प्रारम्भिक चरणमा अमेरिकी सेनाका सदस्य र केन्द्रीय गुप्तचर निकायले इराकको अबु घरएब कारागारमा शृंखलाबद्ध ढंगले मानवअधिकार उल्लंघन र युद्ध अपराधका घटना गरेको थियो । बन्दीमाथि यातना दिएका दृश्यलाई सन् २००४ मा अमेरिकी टेलिभिजन कार्यक्रम ६० मिनेटले सार्वजनिक गरेको थियो ।

विश्व संक्षेप

दक्षिण अफ्रिकामा प्रजातन्त्र स्थापनाको ३० वर्ष पूरा

केप टाउन/ दक्षिण अफ्रिकाले लोकतन्त्र स्थापनाको ३०औँ वर्षगाँठ मनाएको छ । वर्षगाँठ मनाइरहँदा राष्ट्रपति सिरिल रामाफोसाले आफ्नो पार्टीको नेतृत्वमा प्राप्त उपलब्धिको प्रशंसा गरे । 'दक्षिण अफ्रिका आज ३० वर्षअघिको तुलनामा निकै राम्रो ठाउँ बनेको छ,' रामाफोसाले प्रिटोरियास्थित युनियन बिल्डिङमा 'स्वतन्त्रता दिवस'को अवसरमा गरेको सम्बोधनमा भने । सन् १९९४ मा भएको पहिलो प्रजातान्त्रिक निर्वाचनले नेल्सन मन्डेला र अफ्रिकी नेसनल कंग्रेस (एएनसी) पार्टीलाई सत्तामा ल्याएको तीन दशकपछि दक्षिण अफ्रिकीहरूले मे २९ मा मतदान गर्दै छन् । निर्वाचनमा राम्रो नतिजा प्राप्त गर्न दलहरूले व्यापक प्रचारप्रसार गरिरहेको समय पहिलोपटक आफ्नो पूर्ण संसदीय बहुमत गुमाउने जोखिम रहेको एएनसी नेताले आफ्नो दलले गरेका सुधारको सूचीको फेहरिस्त प्रस्तुत गरेका थिए ।

चीन-अमेरिका सम्बन्ध स्थिर अवस्थामा : वाङ यी

बेइजिङ/ चीनका विदेशमन्त्री वाङ यीले हाल चीन-अमेरिका सम्बन्ध स्थिर रहेको बताएका छन् । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँग बेइजिङमा भएको भेटवार्तामा विदेशमन्त्री वाङले सो धारणा राखेका हुन् । चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको राजनीतिक विभागका सदस्यसमेत रहेका वाङले भने, 'सम्बन्धहरू सामान्यतया स्थिर भएका छन्, थप बिग्रनबाट जोगिएका छन्, तर नकारात्मक कारकहरू अझै बढ्दै छन् ।' चीनको दृष्टिकोण, अडान र आवश्यकता सधैं समान रहेको बताउँदै वाङले भने, 'चीन-अमेरिका सम्बन्धलाई मानवताका लागि साझा भविष्यसहितको समुदाय निर्माण गर्ने विश्वव्यापी दृष्टिकोण, पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवैको हित र सहयोगका सिद्धान्तको पालना गर्ने र एक-अर्काको मुख्य हितका लागि सम्मान प्रस्ताव चीनले गर्छ ।'

सुधारोन्मुख दिशामा पाकिस्तानी अर्थतन्त्र

इस्लामाबाद/ पाकिस्तानका प्रधानमन्त्री साहबाज सरिफले आफ्नो सरकारले वित्तीय क्षेत्रमा जारी चुनौतीलाई सम्बोधन गर्न लगनशील भई आर्थिक सुधारका मार्ग पछ्याउँदै गएको बताएका छन् । संघीय मन्त्रिपरिषद्को बैठकमा उनले सबै सरकारी विभागको सामूहिक प्रयासबाट देशको अर्थतन्त्र सुधारको बाटोमा रहेको बताए । आर्थिक सूचक र तथ्यांकमा देखिएको सुधारलाई अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले पनि हेरेको र स्वीकार गरेको उनको भनाइ थियो ।

अमेरिकी सहायताले युक्रेन युद्धमा पार्ने प्रभाव

अमेरिकाले २०२२ जनवरीदेखि हालसम्म युक्रेनलाई ७४.३ अर्ब अमेरिकी डलर आर्थिक सहयोग गरेको छ

अमेरिकी संसद्को तल्लो सदन 'हाउस अफ रिप्रिजेन्टिभ'ले गत शनिबार युक्रेनका लागि ६१ अर्ब अमेरिकी डलरको सहायताको प्याकेज अनुमोदन गर्‍यो । यस विशाल आर्थिक सहायता प्याकेजले युक्रेनलाई रुसविरुद्ध जारी युद्धमा महत्त्वपूर्ण सहयोग गर्ने विश्लेषण गरिँदै छ । त्यो कसरी सम्भव हुनेछ भन्ने बारेमा यहाँ चर्चा गरिएको छ :

युक्रेनलाई अमेरिकी सहयोगको निरन्तरता : रुसले युक्रेनमा आक्रमण सुरु गरेपछि युक्रेनलाई सबैभन्दा ठूलो आर्थिक सहयोग अमेरिकाले गरिरहेको छ । रुसको आक्रमणपछि युक्रेनले पाएको सबै प्रकारको सहयोगको तथ्यांक राख्दै आएको जर्मन अनुसन्धान संस्था 'किइल इन्स्टिच्युट फर द वर्ल्ड इकोनोमी'का अनुसार अमेरिकाले युक्रेन युद्ध सुरु हुनुभन्दा एक महिनाअघि अर्थात् सन् २०२२ जनवरी २४ देखि यो वर्ष जनवरी १५ सम्म युक्रेनलाई ७४.३ अर्ब अमेरिकी डलरको आर्थिक सहयोग गरेको छ । यो रकम मानवीय, वित्तीय र सैन्य गरी विभिन्न शीर्षकमा छुट्याइएको भए पनि यसको ठूलो हिस्सा सैन्य प्रयोजनमा खर्च हुनेछ । कुल अमेरिकी सहयाता प्रतिबद्धताको ६२ प्रतिशत अर्थात् ४६.३ अर्ब डलर सैन्य प्रयोजनमा खर्च गरिएको किइल इन्स्टिच्युटको तथ्यांकले देखाउँछ ।

अमेरिकाभित्र युक्रेन युद्धप्रति समर्थन घट्न थालेपछि र रिपब्लिकन पार्टीभित्र युक्रेनलाई सहयोग दिन हुँदैन भन्ने धारणा बलियो हुँदै जान थालेपछि अमेरिकी सहयोग प्रभावित हुन थाल्यो । अघिल्लो वर्ष (सन् २०२३)को अन्त्यदेखि भने अमेरिकी सैन्य सहायता लगभग ठप्प भएको थियो । आफ्नो सबैभन्दा ठूलो दाता मुलुकबाट सहयोग रोकिएपछि युक्रेनले रुसविरुद्ध आक्रमण गर्ने त परको कुरा रुसबाट हुने निरन्तरको बमबारी रोक्नसमेत संघर्ष गर्नुपर्ने स्थिति आयो । युक्रेनी सेनासँग रुसी फौजलाई रोक्न हतियार नभएकै कारण फेब्रुअरीमा दोनवास क्षेत्रमा अवस्थित अभ्दिभ्का सहरबाट पछि हट्न बाध्य भएको थियो । अहिले 'चासिभ यार' नामक सहरमा पनि युक्रेन पछि हट्न दबाब खेपिरहेको छ । रुसी सेना कम्तीमा पनि पाँच-एकको अनुपातमा किभविरुद्ध हाबी भएकाले युक्रेनी फौज रुसी फौजलाई अघि बढ्नबाट रोक्न अक्षम हुँदै गएको छ ।

अभाव यति चर्को बनेको छ कि केही युक्रेनी सैनिकले अगाडि बढिरहेका रुसी फौजलाई तर्साउन धुवाँ मात्र निकाल्ने नक्कली गोलाबारुद प्रयोग गर्न बाध्य भएका छन् । सक्कली गोलाबारुद बाँकी नरहेकाले यस्तो रणनीति अपनाउन बाध्य भएको उनीहरूको भनाइ छ । त्यस्तै युक्रेनलाई क्षेप्यास्त्र प्रतिरक्षाको पनि ठूलो अभाव भएको छ । यसले रुसी क्षेप्यास्त्रले विनाअवरोध सजिलै युक्रेनी ऊर्जा पूर्वाधार ध्वस्त पारिरहेका छन् । रुसले मार्चमा खार्किभ क्षेत्रमा दुईवटा र अप्रिलको सुरुमै किभको दक्षिणी भागको ऊर्जा केन्द्र नष्ट गर्‍यो । १३ लाख जनसंख्या भएको खार्किभ सहरमा अहिले २४ घन्टामा केही घन्टा मात्रै बिजुली उपलब्ध गराइन्छ ।

सहायता हतियार कहिले युद्धमैदानमा आउला ? : अमेरिकी रक्षा मन्त्रालय पेन्टागनका अधिकारीले गत शुक्रबार सहायता प्याकेज स्वीकृत भएपछि टिप्पणी गर्ने क्रममा केही दिनमै प्रारम्भिक प्याकेज पठाउने तयारी गरिरहेको बताए । यसका लागि आफूहरूले तल्लो सदनबाट अनुमोदन भएको अनुदान प्याकेज माथिल्लो सदन (सिनेट)बाट अनुमोदन हुने र राष्ट्रपति जो बिडेनको हस्ताक्षरको पर्खाइमा रहेको तिनले बताए । यस सहायता प्याकेजमाथि मंगलबार नै माथिल्लो सदनमा मतदान हुने अपेक्षा गरिएको छ । सिनेटमा सहायता प्याकेज समर्थन गर्ने डेमेक्रेटिकको बहुमत रहेकाले त्यहाँबाट सजिलै पारित हुने अपेक्षा छ । पेन्टागनको प्रारम्भिक प्याकेजमा सम्भवतः हातहतियार र वायु प्रतिरक्षा रहने अनुमान छ । यो युरोपमा राखिएका अमेरिकी हतियार भण्डारणबाट निकासा गरिनेछ, जसलाई युक्रेन पुऱ्याउन एक वा दुई हप्ता लाग्नेछ । हतियार युक्रेन पुगेपछि असर देखिन केही समय लाग्ने विज्ञहरू बताउँछन् । उता युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी हतियार युक्रेन भित्रिनुअघि रुसले आक्रमण तीव्र पार्न सक्ने चेतावनी दिएका छन् ।

> अमेरिकी सहायता प्याकेजले यस वर्षभरि युक्रेनी सैन्य स्थितिलाई स्थिर बनाउन र सन् २०२५ मा युद्ध अभियान सञ्चालनको तयारी सुरु गर्न मात्र मद्दत गर्न सक्छ

सहयोगले कस्तो प्रभाव पार्न सक्छ ?: युक्रेनलाई पश्चिमी सहायता बढिरहेको सन्दर्भमा रुसले पनि आफ्नो रक्षा खर्च बढाउँदै लगेको छ । केही अनुमानअनुसार रुसको रक्षा बजेट कुल गार्हस्थ उत्पादनको ७.५ प्रतिशतसम्म पुगेको छ । त्यस्तै उसले युद्ध मैदानमा नवीनता शैलीको प्रयोग पनि बढाएको छ । मस्कोले युद्धको अग्रमोर्चा कमजोर बनाउन कच्चा तर घातक ग्लाइड बमको प्रयोग बढाएको छ । लामो दूरीबाट प्रहार गरिने यी बमलाई निस्तेज बनाउन किभले संघर्ष गर्नु परिहेको छ । त्यस्तै, युक्रेनी सिपाहीका अनुसार रुसले ठूलो संख्यामा ड्रोन प्रयोग गर्न थालेको छ ।

रुसलाई युद्ध मैदानमा जनशक्तिको उच्च संख्याको लाभ छ, जसलाई उसले भारी हतियार दिएर युद्धमैदानमा पठाइरहेको छ । हालसम्मको पश्चिमी सहयोगबाट युक्रेनले सन् २०२४ भित्र रुससँग गुमाएको भूमि फिर्ता ल्याउन सक्ने सम्भावना नरहेको विज्ञहरूको विश्लेषण छ । 'अमेरिकी सहायता प्याकेजले यो वर्षभरि युक्रेनी सैन्य स्थितिलाई स्थिर बनाउन र सन् २०२५ मा युद्ध अभियान सञ्चालनको तयारी सुरु गर्न मात्र मद्दत गर्न सक्छ,' रुसी सैन्य थिंक ट्यांकका म्याथ्यु सेभिललले भने । युरोपमा तैनाथ अमेरिकी सैन्य पूर्वकमान्डर बेन होडज पनि यस कुरामा सहमति जनाउँछन् । उनका अनुसार दुवै पक्षले यो वर्षलाई अर्को वर्ष निर्णायक प्रहार गर्न सक्षम हुने गरी स्रोतहरू निर्माण गर्न प्रयोग गरिरहेको जस्तो देखिन्छ ।

- द गार्जियनबाट



तस्बिरः एपी

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार १६ वैशाख ०८१

वाणिज्य बैंकको निक्षेपमा रेमिट्यान्सको हिस्सा साढे एक प्रतिशत

वाणिज्य बैंकहरूका अनुसार गत फागुनसम्म ७७ अर्ब ३० करोड ६८ लाख रेमिट्यान्स खातामा जम्मा, राष्ट्र बैंकसँग छैन यकिन तथ्यांक

पवन तिमिल्सिना/नयाँ पत्रिका

बैंक तथा वित्तीय संस्थामा जम्मा भएको रेमिट्यान्सको यकिन तथ्यांकबारे नेपाल राष्ट्र बैंक नै अनभिज्ञ छ। जबकि, करिब तीन वर्षअघि बैंक तथा वित्तीय संस्थामा रेमिट्यान्सको रकम जम्मा गर्दा एक प्रतिशत विन्दु थपेर ब्याज दिनुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको थियो।

केन्द्रीय बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरु पौडेलले हालसम्म रेमिट्यान्स खातामा जम्मा भएको निक्षेपको यकिन तथ्य नभएको बताए। उनले भने, '६ महिनाअघिसम्म बुझ्दा बैंक तथा वित्तीय संस्थाहरूको रेमिट्यान्स खातामा एक खर्ब २४ अर्ब रहेको जानकारी पाइएको थियो। तर, बैंकहरूसँग हामीले कसले कति लिएको यकिन तथ्यांक मागेका छैनौं।' राष्ट्र बैंकले उपलब्ध गराएको तथ्यांकअनुसार गत वैशाखसम्म ८८ अर्ब रेमिट्यान्स निक्षेप संकलन भएको थियो।

२९ साउन ०७८ मा नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत वैदेशिक श्रमिकले पठाएको रेमिट्यान्स रकम बैंकमा जम्मा गरिदिए साधारणको निक्षेपभन्दा १ प्रतिशत थप ब्याजदर दिने घोषणा गरेको थियो। वैदेशिक रोजगारीमा रहेका नेपालीको रेमिट्यान्स बैंकिङ प्रणालीमार्फत भित्र्याउन र बचत गर्न प्रोत्साहित गर्ने उद्देश्यले बैंकिङ प्रणालीबाट प्राप्त हुने रेमिट्यान्स रकम बैंक तथा वित्तीय संस्थाहरूमा जम्मा गरेमा न्यूनतम १ प्रतिशत विन्दु थप ब्याज पाउने व्यवस्था मिलाइने मौद्रिक नीतिमा उल्लेख थियो। त्यसलाई निरन्तरता दिँदै यो व्यवस्था लागू भएको दुई वर्ष आठ महिना १४ दिन बितिसकेको छ। कुनै पनि कार्यक्रम ल्याइसकेपछि त्यसको कार्यान्वयन पक्षको मूल्यांकन तथा अनुगमन हुनुपर्ने सर्वमान्य सिद्धान्त छ। तर, केन्द्रीय बैंक यो सुविधा लागू भएको तीन वर्ष बित्दै लाग्दा पनि यो कार्यक्रमको प्रभावकारिता मात्र होइन, यस्तो निक्षेप संकलनको तथ्यांकमा समेत बेखबर छ।

नयाँ पत्रिकाले १७ वटा वाणिज्य बैंकबाट प्राप्त गरेको जानकारीअनुसार गत फागुन मसान्तसम्म १७ वाणिज्य बैंकको ७७ अर्ब ३० करोड ६८ लाख रुपैयाँ रेमिट्यान्स खातामा जम्मा भएको छ। यसमा स्ट्यान्डर्ड चार्टर्ड, प्राइम कमर्सियल, सानिमा, एभरेष्ट, कृषि विकास, माछापुच्छ्रे, हिमालयन, नबिल, राष्ट्रिय वाणिज्य, सिद्धार्थ, कुमारी, नेपाल, लक्ष्मी सनराइज, ग्लोबल आइएमई, सिटिजन्स इन्टरनेसनल, प्रभु र नेपाल एसबिआई छन्।

१७ वाणिज्य बैंकले फागुन मसान्तसम्म ४४ खर्ब ९० अर्बको निक्षेप संकलन गरेका थिए। जसअनुसार कुल निक्षेपको तुलनामा रेमिट्यान्स निक्षेपको हिस्सा १.७२ प्रतिशत हुन आउँछ।

सबैभन्दा बढी रेमिट्यान्स निक्षेप संकलन गर्नेमा ग्लोबल आइएमई बैंक रहेको छ। यो बैंकले १३ अर्ब १७ करोडको रेमिट्यान्स निक्षेप संकलन गरेको छ। जुन कुल निक्षेपको २.८१ प्रतिशत हुन आउँछ। बैंकका अनुसार ०७५ साउनदेखि ०८० असारसम्म १२ अर्ब ४७ करोड ३१ लाख एक हजार दुई सय ८४ रुपैयाँ रेमिट्यान्स निक्षेप संकलन गरेको थियो। ०८० साउनदेखि ०८० फागुनसम्म ६९ करोड ७५ लाख ७४ हजार १० रुपैयाँ संकलन गरेको बैंकले जानकारी दिएको छ।





■ नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरु पौडेल भन्छन्-

अहिलेसम्म रेमिट्यान्स खातामा जम्मा भएको निक्षेपको यकिन तथ्यांक छैन। ६ महिनाअघिसम्म बुझ्दा बैंक तथा वित्तीय संस्थाहरूको रेमिट्यान्स खातामा एक खर्ब चार अर्ब रहेको जानकारी पाइएको थियो। तर, बैंकहरूसँग हामीले कसले कति लिएको यकिन तथ्यांक भने मागेका छैनौं।

चालू आर्थिक वर्षको फागुन मसान्तसम्म वाणिज्य बैंकहरूबाट संकलित रेमिट्यान्स निक्षेप र कुल निक्षेपमा हिस्सा

बैंक	रेमिट्यान्स खातामा निक्षेप	कुल निक्षेपमा रेमिट निक्षेपको हिस्सा (प्रतिशतमा)
स्ट्यान्डर्ड चार्टर्ड बैंक	५ करोड ७ लाख ५६ हजार	०.०४
प्राइम कमर्सियल बैंक	४७ करोड ३९ लाख १३ हजार	०.२३
सानिमा बैंक	१ अर्ब ६२ करोड ४१ लाख ८९ हजार	०.८७
एभरेष्ट बैंक	२ अर्ब ९३ करोड ९५ लाख ६ हजार	१.३५
कृषि विकास बैंक	२ अर्ब १७ करोड २३ लाख ७२ हजार	०.९३
माछापुच्छ्रे बैंक	७५ करोड	०.४९
हिमालयन बैंक	१० अर्ब ८५ करोड २४ लाख २० हजार	३.६१
नबिल बैंक	२ अर्ब १९ करोड १० लाख	०.४९
राष्ट्रिय वाणिज्य बैंक	८ अर्ब ८० करोड ४६ लाख ३ हजार	२.४३
सिद्धार्थ बैंक	१ अर्ब ९९ करोड ७५ लाख ७१ हजार	०.८७
कुमारी	११ अर्ब	३.२८
नेपाल बैंक	२ अर्ब ८ करोड	०.७७
लक्ष्मी सनराइज बैंक	२ अर्ब ४६ करोड ६० लाख ७० हजार	०.७८
ग्लोबल आइएमई	१३ अर्ब १७ करोड ६ लाख ७५ हजार	२.८१
सिटिजन्स इन्टरनेसनल	२ अर्ब ४४ करोड १० लाख	१.३४
प्रभु	१० अर्ब ५२ करोड ९ लाख ५६ हजार	३.६७
नेपाल एसबिआई	तीन अर्ब ७६ करोड ६९ लाख ११ हजार	२.१६
जम्मा-औसतमा	७७ अर्ब ३० करोड १९ लाख	१.५४

२९ साउन ०७८ मा नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत वैदेशिक श्रमिकले पठाएको रेमिट्यान्स रकम बैंकमा जम्मा गरिदिए साधारणको निक्षेपभन्दा १ प्रतिशत थप ब्याजदर दिने घोषणा गरेको थियो। तर, यो सुविधा लागू भएको तीन वर्ष बित्न लाग्दासमेत यो कार्यक्रमको प्रभावकारिता मात्र होइन, यस्तो निक्षेप संकलनको तथ्यांकमा केन्द्रीय बैंक बेखबर छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit सहज रेमिट

दोम्रोमा कुमारी बैंकले सबैभन्दा बढी रेमिट्यान्स निक्षेप ११ अर्ब संकलन गरेको छ। यो बैंकले संकलन गरेको कुल निक्षेपको तुलनामा ३.२८ प्रतिशत हो। बैंकहरूको कुल निक्षेपको अनुपातमा रेमिट्यान्स निक्षेपको भार बढी बहन गर्ने बैंकमा प्रभु बैंक छ। यो बैंकले संकलन गरेको निक्षेपमा ३.६७ प्रतिशत हिस्सा रेमिट्यान्स निक्षेपको छ। प्रभु बैंकले फागुनसम्म १० अर्ब ५२ करोड रेमिट्यान्स निक्षेप संकलन गरेको छ।

राष्ट्रिय वाणिज्य बैंकले हालसम्म रेमिट्यान्स खातामा आठ अर्ब ८० करोड ४६ लाखको निक्षेप जम्मा गरेको छ। जुन उसले संकलन गरेको कुल निक्षेपको २.४३ प्रतिशत हो। यो बैंकले संकलन गरेको रेमिट्यान्स निक्षेपमध्ये हालसम्म बचततर्फ तीन अर्ब ८६ करोड ५६ लाख संकलन भएको छ भने मुद्दातीतर्फ चार अर्ब ९३ करोड ८९ लाख संकलन भएको छ। आर्थिक वर्ष ०७८/७९ मा बचततर्फ २७ करोड ४५ लाख संकलन गरेको थियो। त्यसपछि ०७९ /८० मा एक अर्ब ५९ करोड २२ लाख संकलन भएको थियो। ०८०/८१ को फागुनसम्म एक अर्ब ९९ करोड ८८ लाख संकलन भएको बैंकले जानकारी दिएको छ।

हिमालयन बैंकले फागुनसम्म १० अर्ब ८५ करोड रेमिट्यान्स निक्षेप संकलन गरेको छ। जसमा चार अर्ब ७४ करोड २७ लाख रुपैयाँ बचत खातामा संकलन गरिएको छ भने ६ अर्ब १० करोड ९६ लाख मुद्दतीमा जम्मा भएको छ। चार वर्षअघि ०७६ असारसम्म चार अर्ब ८५ करोड बचततर्फ रेमिट्यान्स निक्षेप संकलन गरेको यो बैंकको यस्तो निक्षेप ०७७ असारसम्म आइपुग्दा पाँच अर्ब ७२ करोड ९३ लाख पुगेको थियो। ०७८ असारसम्म ६ अर्ब ५३ करोड ४० लाख रुपैयाँसम्म पुगेको थियो। तर, ०७८ साउनको मौद्रिक नीतिले १ प्रतिशत थप ब्याजदर दिने निर्णय गरेसँगै बचततर्फको यस्तो निक्षेप ०७९ असारसम्म आइपुग्दा घटेको थियो। त्यतिवेला यस्तो निक्षेप पाँच अर्ब आठ करोड ७८ लाख कायम थियो। त्यसपछि ०८० मा त यस्तो निक्षेप ओरालो लाग्न थाल्यो। ०८० असारसम्म चार अर्ब ७४ करोड ९५ लाख कायम भएको निक्षेप फागुनसम्म घटेर चार अर्ब ७४ करोड २७ लाख पुग्यो।

साधारण निक्षेप घटे पनि मुद्दती निक्षेपमा भने वृद्धि भइरहेको देखिन्छ। ०७९ असारसम्म दुई अर्ब २१ करोड ९८ लाख जम्मा भएको यस्तो मुद्दती निक्षेप दोब्बरले बढेर ०८० असारसम्म चार अर्ब ५२ करोड २९ लाख पुगेको थियो। गत फागुनसम्म त यस्तो निक्षेप ६ अर्ब १० करोड ९६ लाखसम्म पुगेको थियो।

गत १६ माघमा स्ट्यान्डर्ड चार्टर्ड बैंकले रेमिट्यान्स खातामा पाँच करोड सात लाख ५६ हजार नौ सय ११ रुपैयाँको निक्षेप संकलन गरेको छ। सानिमा बैंकले गत ०८० असार मसान्तसम्ममा पाँच करोड ८७ लाख ८३ हजार आठ सय २२ रुपैयाँ बचततर्फ संकलन गरेको थियो। फागुनमा यो बढेर आठ करोड ५५ लाख तीन हजार ६ सय ६२ रुपैयाँ कायम भएको छ। त्यस्तै, गत असारसम्ममा मुद्दतीतर्फ एक अर्ब ८५ करोड १० लाख ६६ हजार दुई सय दुई रुपैयाँ निक्षेप संकलन भएकोमा फागुनमा घटेर एक अर्ब ५३ करोड ८६ लाख ८६ हजार दुई सय ६६ रुपैयाँ कायम भएको छ। गत वर्षको असारसम्म मुद्दतीतर्फ एक अर्ब तीन करोड ११ लाख ९१ हजार आठ सय ४७ रुपैयाँ संकलन भएको थियो। त्यस्तै, नबिल बैंकले गत असार मसान्तसम्म एक अर्ब ४३ करोड ५० लाखको निक्षेप संकलन गरेकोमा फागुनसम्म दुई अर्ब १९ करोड १० लाख पुगेको छ।

नेपाल एसबिआई बैंकले गत फागुनसम्म तीन अर्ब ७७ करोड १८ लाख रेमिट्यान्स निक्षेप संकलन गरेको छ। जसमा बचततर्फ २४ लाख ६९ हजार तीन सय ६२ रुपैयाँ मात्रै छ। मुद्दतीतर्फ तीन अर्ब ७६ करोड ६९ लाख ११ हजार दुई सय ५५ रुपैयाँ संकलन भएको छ। ०७८/७९ मा कुल ५२ करोड ७३ लाख मात्रै रेमिट्यान्स निक्षेप भित्र्याएकोमा ०७९/८० सम्म बैंकले तीन अर्ब ३२ करोड रेमिट्यान्स निक्षेप पुऱ्याएको थियो। एसबिआईले भित्र्याएको रेमिट्यान्स निक्षेप कुल निक्षेपको २.१७ प्रतिशत हो। एभरेष्ट बैंकले दुई अर्ब ९३ करोडको निक्षेप संकलन गरेको छ। जुन उसले संकलन गरेको कुल निक्षेपको १.३५ प्रतिशत हो। लक्ष्मी सनराइज बैंकले दुई अर्ब ४६ करोडको रेमिट्यान्स निक्षेप संकलन गरेको छ भने सिटिजन्स इन्टरनेसनल बैंकले दुई अर्ब ४४ करोडको निक्षेप संकलन गरेको छ। सिटिजन्सले कुल निक्षेपको १.३४ प्रतिशत रेमिट्यान्स निक्षेप संकलन गरेको छ। बाँकी कृषि विकास, नेपाल, सिद्धार्थ, माछापुच्छ्रे, प्राइम कमर्सियल र स्ट्यान्डर्ड चार्टर्ड बैंकले संकलन गरेको रेमिट्यान्स निक्षेप कुल निक्षेप संकलनको दाँजोमा नगण्य छ।

नेपालमा लगानी भित्र्याउन नीति स्पष्ट हुनुपर्छ : अमेरिकी राजदूत थम्पसन



काठमाडौं/ नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसनले नेपालमा विदेशी लगानी भित्र्याउनका लागि नीतिगत स्थिरता र स्पष्टता आवश्यक भएको बताएका छन्।

अमेरिकी चेम्बर अफ कमर्स नेपालको आयोजनामा आज राजधानीमा आयोजित 'युए-नेपाल व्यावसायिक सम्बन्ध अभिवृद्धि' विषयक अन्तर्क्रियामा उनले नीतिगत तहमा स्पष्ट नभएसम्म नेपालले स्वदेशी वा विदेशी लगानी बढ्न कठिन हुने बताए। उनले आर्थिक समृद्धिका लागि नीति पारदर्शिता, स्थिरता र अनुमानयोग्य हुनुपर्ने भन्दै सरकारले त्यसतर्फ ध्यान दिनुपर्ने बताए।

'अमेरिका र नेपालबीच लामो समयदेखि सम्बन्ध रहिआएको छ। अमेरिका नेपालले समृद्ध लोकतन्त्र, आर्थिक वृद्धि तथा विकास र मानव अधिकार, सामाजिक न्यायका क्षेत्रमा प्रगति गरेको हेर्न चाहन्छ,' उनले भने, 'लोकतन्त्र र सामाजिक न्याय भयो भने आर्थिक समृद्धि हासिल गर्न सकिन्छ।'

राजदूत थम्पसनले पछिल्लो समय अमेरिकी सरकारले विद्युतीय प्रसारणलाइन, सडकलगायत पूर्वाधार क्षेत्रमा लगानीका साथै महिलाद्वारा सञ्चालित साना उद्यममा पनि सहयोग गरिरहेको जानकारी दिए। उनले नीतिमा स्पष्टता भए थप अमेरिकी लगानी नेपालमा आउन सक्ने विश्वास व्यक्त गरे।

युएस चेम्बर अफ कमर्सका दक्षिण एसियाका वरिष्ठ उपाध्यक्ष अतुल केसपले आइतबारदेखि सुरु हुन लागेको लगानी सम्मेलनको पूर्वसन्ध्यामा आयोजित यसप्रकारको कार्यक्रमले सकारात्मक सन्देश प्रवाह भएको बताए। उनले नेपालमा डिजिटल अर्थतन्त्र, सूचना प्रविधि, कृषिलगायत क्षेत्रमा लगानीको ठूलो सम्भावना भएको भन्दै यी क्षेत्रको विकासबाटै मुलुकले समृद्धि हासिल गर्ने बताए। 'अहिले नेपालमा भित्रिने कुल प्रत्यक्ष विदेशी लगानीमा अमेरिकी लगानी ३ प्रतिशत मात्रै छ, लगानीमैत्री वातावरण र नीति हुने हो भने आगामी दिनमा यसलाई बढाउन सकिन्छ,' उनले भने।

अमेरिकी चेम्बर अफ कमर्स नेपाल (एमच्याम)का अध्यक्ष तथा मेटलाइफ नेपालका उपाध्यक्ष तथा प्रबन्ध निर्देशक निर्मलकाजी श्रेष्ठले नेपाल लगानीको ठूलो सम्भावनाको मुलुक भएको बताए। 'नेपाल लगानीको सम्भावना भएको मुलुक हो, हाम्रो अहिलेको प्राथमिकता नै हालको लगानीलाई दिगो बनाउने र आगामी दिनमा अमेरिकी लगानी बढाउनु हो,' उनले भने, 'यसका लागि सबै साझेदारहरूको सहयोग आवश्यक छ।'

सो अवसरमा अमेरिकी चेम्बर अफ कमर्स इन नेपाल (एमच्याम) र अमेरिकी वाणिज्य मन्त्रालयको अन्तर्राष्ट्रिय व्यापार प्रशासनबीच अमेरिकी व्यापार र लगानी रणनीतिक सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षरसमेत भएको थियो।

त्यसैगरी, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग युएसएड नेपालका मिसन निमित्त निर्देशक करिन वेल्चले आफूहरूले सरकारी र निजी क्षेत्रसँगको सहकार्यमा विभिन्न काम गरिरहेको बताइन्। उनले नेपालको आर्थिक विकासका लागि युएसएडले पर्यटन, सूचना प्रविधि, कृषि र क्लिन इनर्जीका क्षेत्रमा युएसएडले काम गरिरहेको बताए। उनले नेपालको पर्यटन क्षेत्रमा ठूलो सम्भावना रहेको समेत उल्लेख गरिन्। 'नेपालको पर्यटन क्षेत्र यतिवेला नयाँ ढंगले अगाडि बढिरहेको छ, पर्यटन क्षेत्रमा ठूलो सम्भावना छ। पर्यटनमा लगानी गरी आर्थिक विकास गर्न सकिन्छ,' उनले भनिन्।

नेपाल-भारतका चेम्बर अफ कमर्सबीच समझदारी



काठमाडौं/ नेपाल चेम्बर अफ कमर्स र इन्डियन चेम्बर अफ कमर्स तथा मिलेनियल चेम्बर अफ कमर्सबीच आर्थिक र व्यापारिक क्षेत्रमा सहकार्य गर्नेबारे समझदारी भएको छ। आजदेखि सुरु हुने अन्तर्राष्ट्रिय लगानी सम्मेलनको सन्दर्भमा नेपाल र भारतका चेम्बर अफ कमर्सबीच दुई पक्षीय लगानी एवं व्यापार सहजीकरणबारे समझदारी भएको हो।

नेपाल चेम्बर अफ कमर्सको निमन्त्रणामा इन्डियन चेम्बर र मिलेनियल चेम्बर अफ कमर्सका पदाधिकारी एवं व्यावसायिक प्रतिनिधिमण्डल नेपाल आएका हुन्। दुवै चेम्बरका पदाधिकारीलाई नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले स्वागत गरे।

लगानी सम्मेलनअघि दुवै देशका चेम्बर पदाधिकारीबीच नेपालमा लगानीको वातावरण, कानुनी पाटोलगायतका विषयमा छलफल भएको छ। चेम्बर अध्यक्ष अग्रवालले नेपालमा रहेको श्रमशक्ति, मूल्य, प्रतिफलको सुनिश्चिततालगायत कारण लगानीका लागि उत्कृष्ट गन्तव्य रहेको बताए। 'दुई मुलुकबीचको आर्थिक सम्बन्ध र अर्थतन्त्रका विभिन्न आयाममा छलफलका लागि यो भेट विशेष भएको ठानेको छु,' अग्रवालले भने, 'हामी निजी क्षेत्रबाट प्रतिनिधित्व गर्ने भएकाले नेपाल-भारत आर्थिक सम्बन्ध हाम्रो मुख्य चासो हो।'

चेम्बरसँगको छलफलमा इन्डियन चेम्बर अफ कमर्स र मिलेनियल चेम्बर अफ कमर्सका पदाधिकारीले लगानी सम्मेलनमा आमन्त्रण गरेकोमा नेपाल चेम्बरलाई धन्यवाद दिए। चेम्बरसँग मिलेर नेपालमा लगानी गर्न आफूहरू इच्छुक रहेको बताउँदै सहजीकरणका लागि आग्रह गरे। विशेष गरी ऊर्जा, पर्यटनलगायत क्षेत्रमा लगानीका लागि आफूहरू इच्छुक रहेको मिलेनियल चेम्बरका अध्यक्ष अनिल त्रिगुनायतको भनाइ छ।

थारू बस्तीमा मधेशकै पहिलो होमस्टे

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको लहान नगरपालिका-१५ मा पर्ने चुरेको काखमा रहेको थारू गाउँ बानो। थारू संस्कृतिसँग सम्बन्धित चित्र र पेन्टिङले रंगिएको माटो तथा इँटाले बनाइएका पुराना तथा मौलिक परम्पराका घरका भित्ता। पशुपालन र कृषि कर्म गरेर जीविका चलाउँदै आएको थारू बस्तीमा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याएर समुदायको आर्थिक सबलीकरण र स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने उद्देश्यले लहान नगरपालिकाको आर्थिक तथा लहानस्थित पर्यटन विकास कार्यालयको प्राविधिक सहयोगमा 'बानो गाउँ थारू सामुदायिक होमस्टे' सञ्चालन गरिएको छ।

पूर्व-पश्चिम लोकमार्गको लहानदेखि करिब १० किलोमिटर उत्तरमा पर्ने बानो गाउँको थारू बस्तीमा रहेका एक सय आठ घरमध्ये तत्काल ११ घरधुरीबाट थालिएको सामुदायिक होमस्टेमा आन्तरिक तथा बाह्य पर्यटकका लागि थारू माछा, घुडी, सिद्रा, बगियाजस्ता खानाका परिकार उपलब्ध छन्। साथै, वास बस्ने र गाउँनजिकै रहेको पर्यटकीय ताल झौवाई खोल्सीको भ्रमण गराइने सामुदायिक होमस्टेकी अध्यक्ष गीता चौधरीले बताइन्। 'थारू संस्कृतिको जगेर्ना, प्रचारप्रसारसँगै समुदायको आय-आर्जनका लागि थालिएको होमस्टेमा विशेषतः ग्रामीण महिला लागेका छौं,' उनले भनिन्।

प्रदेशकै पहिलो होमस्टे

अन्य प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याएर स्थानीय तह, समुदाय, जिल्ला तथा प्रदेशले मनग्य आम्दानी गरिरहेका वेला बानोको थारू बस्तीमा थालिएको सामुदायिक होमस्टे मधेश प्रदेशकै पहिलो होमस्टे रहेको पर्यटन विकास कार्यालय लहानका प्रमुख सत्यनारायण साहले जानकारी दिए।

'चितवन-पूर्व र कोशी-पश्चिम थारू बस्तीको पहिलो सामुदायिक होमस्टेको प्रचारप्रसार गर्न जरुरी छ,' उनले भने, 'चितवनको अमलटारी र बर्दियाको थारू बस्तीको होमस्टे जसरी बानोको होमस्टेको विकास हुँदा स्थानीय समुदायको आय-आर्जन बढ्ने र रोजगारी सिर्जना हुन्छ।' सामुदायिक होमस्टेका लागि स्थानीय ११ जना थारू महिला आबद्ध रहेको सामुदायिक होमस्टे सञ्चालक समिति गठन गरिएको लहान १५ का वडाध्यक्ष तेजनारायण चौधरीले जानकारी दिए।



संग्रहालय बनाउन नगरको सहयोग

होमस्टेमा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई स्थानीय थारू कला-संस्कृति, पहिचान, वेशभूषा, मौलिक खानाजस्ता विषयमा जानकारी गराउने उद्देश्यले थारू संग्रहालय निर्माणका लागि चालू आर्थिक वर्ष ०८०/८१ मा लहान नगरपालिकाले ३५ लाख रुपैयाँ उपलब्ध गराएको लहान नगर प्रमुख महेशप्रसाद चौधरीले बताए। नगर प्रमुख चौधरीले थारू समुदायको खानपान, मौलिक कला-संस्कृति, वेशभूषाको जगेर्ना गर्दै भावी सन्ततिलाई समेत जातीय परम्परा, संस्कृति जोगाउन प्रेरित गर्ने तथा स्थानीयस्तरमै रोजगारीको सिर्जना गर्न सामुदायिक होमस्टे प्रभावकारी हुन सक्ने बताए।

लहान-१५ का वडाध्यक्ष चौधरी भन्छन्, 'थारू कला-संस्कृतिको प्रचारप्रसारसँगै घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटक चुरेको काखमा रहेको थारू गाउँमा रमाउन सक्ने वातावरण छ।' अतिथि सत्कारमा रमाउने थारू समुदाय होमस्टेमार्फत बाहिरबाट आउने पाहुनाको स्वागत, सत्कारका लागि थारू कला-संस्कृति झल्काउने मौलिक प्रदर्शन र खानपानमा जोड दिइने पनि उनले बताए।

आइपिओ निष्कासन अनुमति अझै अनिश्चित

भोजराज भण्डारी/नयाँ पत्रिका

नेपाल धितोपत्र बोर्डमा दर्ता भएर सार्वजनिक निष्कासन (आइपिओ) अनुमतिको पर्खाइमा रहेका कम्पनीको संख्या ३४ पुगेको छ। ६ महिनादेखि रोकिएको आइपिओ निस्कासन कहिले खुल्ने हो टुंगो छैन। तत्कालीन बोर्ड अध्यक्ष रमेशकुमार हमालको कार्यकाल गत पुसमा सकिएपछि कुनै पनि कम्पनीले आइपिओको स्वीकृति पाएको छैन। चैतको पहिलो साताबाट निमित्त अध्यक्षको जिम्मा हालका कार्यकारी निर्देशक डा. नवराज अधिकारीलाई दिइएको थियो। सो समयमा अधिकारीलाई आइपिओ निष्कासनको अनुमति दिन अर्थमन्त्री वर्षमान पुनले निर्देशन दिएका थिए। तर, उनले आइपिओ निष्कासनको अनुमति दिएनन्।

विशेष गरी, प्रिमियम मूल्यमा आइपिओ निष्कासन गरेका कम्पनीको विषयमा छानबिन भइरहेको छ। अंकित मूल्यमै आएका कतिपय कम्पनीको वित्तीय विवरण पनि कमजोर भएको भन्दै आलोचना भइरहेको छ। लगानीकर्ता र सासंदले अर्थमन्त्री पुनलाई भेटेर वित्तीय विवरण कमजोर भएका र प्रिमियम मूल्यमा आउन लागेका कम्पनीको आइपिओ निष्कासन रोक्नुपर्ने भन्दै ध्यानाकर्षण गराएका थिए। आइपिओ निष्कासनमा सबैतिरबाट प्रश्न उठ्न थालेपछि कुनै पनि पदाधिकारीले जोखिम मोल्न नचाहेको बोर्डका एक अधिकारीले बताए। उनले भने, 'आइपिओको विषय अहिले निकै गम्भीर छ, त्यसैले पूर्णरूपमा अध्यक्ष नआएसम्म जोखिम नमोलौं भन्ने हो।'

हालै प्रमाणीकरण भएको धितोपत्रसम्बन्धी ऐन २०६३ को संशोधनले अर्थ मन्त्रालयको सदस्यलाई नै बोर्ड अध्यक्षको अधिकार दिएको छ। अर्थ मन्त्रालयको बोर्ड सदस्यको हकमा धितोपत्रमा सहसचिव रितेश शाक्य रहेका छन्। शाक्यलाई अध्यक्षबराबरकै अधिकार प्राप्त भए पनि बोर्डमा गएका छैनन्। शाक्य अहिले अर्थमन्त्रालयको बजेट लेखन शाखामा छन्। बजेट लेखनमा व्यस्त भएपछि उनी बोर्डमा नआएको बोर्डकै एक अधिकारीले बताए। 'अर्कोतर्फ शाक्यलाई अध्यक्षबराबरको अधिकार मात्र रहेको हो, पूर्ण अध्यक्ष होइनन्,' ती अधिकारीले भने, 'पूर्ण अधिकार हुन र बोर्डमा काम नै गर्न आउन त अर्थ मन्त्रालयको जिम्मेवारी छाडेर शपथ खाएर आउनुपर्छ।' शाक्यको अनुपस्थितिमा पनि बोर्ड बैठक बसेको छ। बैठकले अन्य नीतिगत निर्णय गरे पनि आइपिओ निष्कासनको विषय प्रवेश नै नपाएको ती अधिकारीले बताए। धितोपत्र बोर्डका उपकार्यकारी निर्देशक अम्बिका गिरीले अध्यक्ष छनोटको प्रक्रिया अघि बढिसकेको र नयाँ अध्यक्ष आएपछि अघि बढ्ने बताए।

तीन देशमा एनसेलको सुलभ डेटा रोमिङ

काठमाडौं/ एनसेलले प्रयोगकर्ताको आवश्यकतालाई ध्यानमा राख्दै आकर्षक बोर्डर रोमिङ प्याक ल्याएको छ।



कम्पनीले छिमेकी देश भारत, चीन र बंगलादेश जाने प्रयोगकर्तालाई सहजता हुने गरी रोमिङ प्याक ल्याएको जनाएको छ। उल्लिखित देश भ्रमणमा जाँदा सुलभ दरमा सहजै परिवारसँग सम्पर्कमा बस्न सकिने कम्पनीले जनाएको छ।

प्रयोगकर्ताले प्याक सुचारु गर्नासाथ तत्कालै पाँच सय एमबी बोनस डेटा प्राप्त गर्नेछन्। यो प्याकको मूल्य करसहित सय रुपैयाँ रहेको छ। ग्राहकले तीन दिनका लागि बोनस डेटा र रोमिङ सेवा पाउने कम्पनीले जनाएको छ।

प्याक सुचारु गर्न एस्ट्रिक्स १७१२९ एस्ट्रिक्स ५ ह्यास डायल गर्नुपर्नेछ। साथै, एनसेल एप, वेबसाइट र डिजिटल माध्यमबाट पनि सेवा लिन सकिने बताइएको छ। भ्रमणमा जाने व्यक्तिले आवश्यकताअनुसार जतिपटक पनि यो प्याक खरिद गर्न सक्नेछन्।

यो प्याकले सीमावर्ती सहरबाट भारत भ्रमण गर्ने साना व्यवसायी, यातायात मजदुरजस्ता ग्राहकको रोमिङ सेवाको मागलाई सम्बोधन गर्ने कम्पनीले जनाएको छ। साथै, व्यापार-व्यवसाय, अध्ययनलगायत विभिन्न प्रयोजनका लागि चीन र बंगलादेश जाने थुप्रै ग्राहकलाई पनि यो प्याक महत्त्वपूर्ण हुने एनसेलले जनाएको छ

भारतको हकमा भने प्रयोगकर्ताले इनकमिङ कल उठाउन र भारतमा कल गर्नका लागि पेएजयुगो शुल्कमा ३२ प्रतिशत छुट पाउनेछन्। साथै, पेएजयुगोको प्रतिएसएमएस शुल्कमा २९ प्रतिशत छुटका साथ करसहित ६.३४ रुपैयाँमा एसएमएस पठाउन सकिने बताइएको छ।

चीन र बंगलादेशको हकमा भने ग्राहकले बोनस रोमिङ डेटा प्रयोग सम्पर्कमा रहन सक्छन् र विद्यमान दर र शुल्कमा अन्य सेवा प्रयोग गर्न सक्छन्।

ज्योति क्यापिटलको स्वतन्त्र सञ्चालकमा गौतम र वशिष्ठ

काठमाडौं/ ज्योति क्यापिटल लिमिटेडको स्वतन्त्र सञ्चालकमा प्रा.डा. ध्रुवकुमार गौतम र सिए मन्दीप वशिष्ठलाई नियुक्त गरेको छ। बिहीबार सम्पन्न सञ्चालक समितिको ४८औं बैठकले गौतम र वशिष्ठलाई स्वतन्त्र सञ्चालक पदमा नियुक्त गरेको छ।

त्रिभुवन विश्वविद्यालय व्यवस्थापन केन्द्रीय विभागका प्राध्यापक डा. गौतमले रणनीतिक व्यवस्थापनमा विद्यावारिधि तथा व्यवस्थापन र सार्वजनिक प्रशासनमा स्नातकोत्तर गरेका छन्। साथै, उनीसँग बिरला इन्स्टिच्युट अफ म्यानेजमेन्ट एन्ड टेक्नोलोजीको केस अध्ययन केन्द्रको बोर्ड सदस्य, दक्षिण कोरियाको दोङ-ए विश्वविद्यालयका भिजिटिङ प्रोफेसर तथा टेक्सास क्रिस्चियन विश्वविद्यालयको रिसर्च एसोसिएट भई काम गरेको अनुभव रहेको छ।

त्यस्तै, वशिष्ठले नेपाल बोर्डबाट चार्टर्ड एकाउन्टेन्सी गर्नुका साथै डिप्लोमा इन आएफआरएस गरेका छन्। एसएमई क्षेत्रको परामर्शदाता तथा विभिन्न कम्पनीका लागि ऋण तथा सेयर पुँजी परिचालन गरेको अनुभव भएका सिए वशिष्ठले स्विस राजदूतावास तथा युएसएआइडीको एसएमइज फर ग्रोथ फाइनान्सिङको विशेषज्ञका रूपमा काम गरिसकेका छन्।

नवनियुक्त स्वतन्त्र सञ्चालकद्वयलाई क्यापिटलका अध्यक्ष प्रकाश बरालले पद तथा गोपनीयताको शपथ गराए। लामो कार्य-अनुभव तथा कुशल व्यवस्थापकीय क्षमता भएका व्यक्तिको नियुक्तिले कम्पनीको व्यवसाय विस्तार तथा सेवालाई सर्वसुलभ बनाउने क्यापिटलले विश्वास लिएको छ।

'सफल ह्याप्पी काउ मिल्क' काठमाडौंमा

काठमाडौं/ काठमाडौंका उपभोक्तालाई लक्षित गरी सुजल डेरीले 'सफल काउ मिल्क' उपलब्ध गराउन थालेको छ। उपभोक्ताको मागअनुसार गाईको शुद्ध दुध उपलब्ध गराउन थालेको कम्पनीको भनाइ छ।



कम्पनीले गाईको दुधको प्राकृतिक सुगन्ध, स्वाद र पौष्टिकतालाई ध्यान दिई अत्याधुनिक प्रविधिबाट प्रशोधन गरिएको बताएको छ। प्रत्येक प्याकेट क्रिमयुक्त रहेको र यसले उपभोक्तालाई शुद्धता र गुणस्तर दिने कम्पनीको दाबी छ।

साथै, सफल ह्याप्पी काउ मिल्कमा एनएनएफ र फ्याट सन्तुलन मिलाइएकाले स्वादिष्ट, क्रिमयुक्त र स्वास्थ्यवर्द्धक बनेको बताइएको छ। यसमा क्यालिसयम, प्रोटिन र भिटामिनका साथै मिनरल पनि पूर्ण रूपमा पाइनेछ। आधा लिटरको प्याकेटमा पाइने यसको मूल्य ६० रुपैयाँ तोकिएको छ।

अभिकर्तालाई नेसनल लाइफको घान्द्रुक भ्रमण



काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले अभिकर्तालाई घान्द्रुक भ्रमण गराएको छ। कम्पनीले ०८० भदौ महिनामा सञ्चालन गरेको अभिकर्ता मासिक योजनाअन्तर्गत देशैभरबाट उत्कृष्ट व्यवसाय गरी लक्ष्य पूरा गर्ने अभिकर्तालाई घान्द्रुक भ्रमण गराएको हो। भ्रमणमा एक सय ४० जनाभन्दा बढी वरिष्ठ अभिकर्ता सहभागी रहेको कम्पनीले जनाएको छ।

भ्रमणमा सहभागी अभिकर्ताले यस्तो भ्रमणले एक-आपसबीचको अन्तर्क्रियाको वातावरण सिर्जना गर्ने र यसबाट धेरै कुरा जान्न-बुझ्न पाउने बताए। भ्रमण तीन रात, चार दिनसम्म सञ्चालन गरिएको कम्पनीको भनाइ छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मितिः २०८१/०१/१६

यस बैंकको शाखा कार्यालय सुनवल शाखा, नवलपरासीबाट तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋण कर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको नाम र ठेगाना

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७४/०७/१४ मा नेपाल सरकार उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग नवलपरासीमा प्रा.फ.द.नं.२६४/८०७८ अर्न्तगत दर्ता कायम भई अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय, बुटवल रुपन्देही बाट स्थायी लेखा नम्बर (PAN) ६०७२८९८७१ प्राप्त गरी नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०४ मा रजिष्टर्ड ठेगाना रहेको **शुसिल ग्रिल उद्योग**।

फर्मको प्रोप्राइटरको नाम र ठेगाना

श्री रामजित केवट/श्रीमती छबिया केवट को नाती ,श्री चक्र वहादुर केवट/श्रीमती राधा कुमारी केवटको छोरा, लुम्बिनी. प्रदेश, नवलपरासी जिल्ला सुनवल गा.वि.स. वडा नं.०४ स्थाई ठेगाना भई हाल लुम्बिनी.प्रदेश, नवलपरासी (ब.सु.प.) जिल्ला, सुनवल न.पा. वडा नं. ०४ बस्ने वर्ष ३१ को श्री **शुशिल कुमार केवट** (ना.प्र.प.नं. ३६-०१-६९-००६३७ मिति बि.सं.२०६९/०२/११,श्री जि.प्र.का.नवलपरासी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री रामअश्रय केवट को नाती श्री राम जित केवट को छोरा नवलपरासी जिल्ला सनई गा.वि.स. वडा नं ०२ स्थाई ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ०४ बस्ने वर्ष ६६ को श्री **चक्र वहादुर केवट** (ना.प्र.न ३९७८, जारी मिति २०३३/०९/१०, प्रथम प्रतिलीपी जारी मिति २०६३/११/२८, जि.प्र.का. नवलपरासी)

२. श्री रामजित केवट नातीनी श्री चक्र वहादुर केवट/श्रीमती राधा कुमारी केवट को छोरी, नवलपरासी जिल्ला सुनवल गा.वि.स. वडा नं ०४ स्थाई ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ०४ बस्ने वर्ष ३६ सुश्री **सुनिता केवट** (ना.प्र.न ३६१०३८/९९६, मिति २०६५/१०/२०, जि.प्र.का. नवलपरासी)

३. श्री रामजित केवट को नाती श्री चक्र वहादुर केवट को छोरा, नवलपरासी जिल्ला सुनवल गा.वि.स. वडा नं ०१ स्थाई ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ०४ बस्ने वर्ष ३७ को श्री **सुरेन्द्र सहानी** (ना.प्र.न ८६३०८, मिति २०६२/१२/०७, जि.प्र.का. नवलपरासी)

४. श्री चक्र वहादुर केवट को बुहारी श्री सुरेन्द्र सहानी को पत्नी, नवलपरासी जिल्ला सुनवल गा.वि.स. वडा नं ०४ स्थाई ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ०४ बस्ने वर्ष ३६ की श्रीमती **दुर्गा कुमारी सहानी** (ना.प्र.न ३६३०३९/२४७५, मिति २०६३/१२/०२ जि.प्र.का.नवलपरासी)

५. श्री चिन्तामणी कार्की को नाती, श्री नन्दलाल कार्की को छोरा, पर्वत जिल्ला ठापाठाना गा.वि.स. वडा नं ०८ स्थाई ठेगाना भई हाल नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ०४ बस्ने बस्ने वर्ष ६१ को श्री **धन वहादुर कार्की** (ना.प्र.नं. ५१ १२५०, मिति २०४९/११/०१ जि.प्र.का.पर्वत)

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

कुमारी बैंक लिमिटेड शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०१/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, धनुषामा मिति २०७५/०६/२९ मा प्रा.फ.र.नं. १२०६२/७७३/२०७५/०७६ कायम भई दर्ता रहेको धनुषा जिल्ला, जनकपुर उप महानगरपालिका वडा नं. ०९ स्थित रजिष्टर्ड कार्यालय रहेको **सन अटो लिंक।** **प्रोप्राईटर - जितेन्द्र कुमार साह**	१. **आशा कुमारी**को नाममा मालपोत कार्यालय, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर उप.महानगरपालिका वडा नं. १० स्थित कित्ता नं. २२३ को क्षे.फ. ०-०-८-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। २. **सुनिल कुमार साह**को नाममा मालपोत कार्यालय, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर उप महानगरपालिका वडा नं. १६ स्थित कित्ता नं. २०१ को क्षे.फ. १३३.१९ (व.मी) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **जितेन्द्र कुमार साह**
ना.प्र.नं.- १७११०२/८५
जारी मिति - २०६४/०९/२५, जि.प्र.का. धनुषा
बाबु - मदन साह
बाजे - सिता राम साह
स्थायी ठेगाना- धनुषा जिल्ला, जनकपुर उप.म.न.पा, वडा नं. ११
हालको ठेगाना- धनुषा जिल्ला, जनकपुर उप.म.न.पा. वडा नं.१०

२. **सुनिल कुमार साह**
ना.प्र.नं.- १७११०२/१२८३
जारी मिति - २०६६/०२/३१, जि.प्र.का. धनुषा
बाबु - मदन साह
बाजे - सिता राम साह
स्थायी ठेगाना- धनुषा जिल्ला, जनकपुर उप.म.न.पा, वडा नं. ११
हालको ठेगाना- धनुषा जिल्ला, जनकपुर उप.म.न.पा वडा नं. १०

३. **मदन साह**
ना.प्र.नं.-१७३१०२/२८०५,
जारी मिति - २०६३/१२/३०, जि.प्र.का. धनुषा
बाबु - सिता राम साह
बाजे - सन्त साह
स्थायी ठेगाना- धनुषा जिल्ला, जनकपुर उप.म.न.पा, वडा नं.११
हालको ठेगाना- धनुषा जिल्ला, जनकपु उप.म.न.पा वडा नं.१०

४. **आशा कुमारी**
ना.प्र.नं.- ३९६९१०९४१,
जारी मिति - २०४५/०२/१२, जि.प्र.का. धनुषा
बाबु - भरत साह
पति- मदन साह
ससुरा-सिता राम साह
स्थायी ठेगाना- धनुषा जिल्ला, जनकपुर उप.म.न.पा, वडा नं. ११
हालको ठेगाना- धनुषा जिल्ला, जनकपुर उप.म.न.पा वडा नं. १०

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय जनकपुर, धनुषा फोन नं.०४१-५९०१३६

बीमालेखको बोनस दर सम्बन्धी सूचना

यस कम्पनीको आ.व. २०७९/२०८० को आर्थिक स्थितीको लेखा जोखा र दायित्वको मूल्याङ्कन सम्बन्धी बीमाङ्कीय प्रतिवेदन श्री नेपाल बीमा प्राधिकरणको मिति २०८१/०१/१२ को पत्र 'जो.व्य.शा. ८३ (२०८०/८१) च.नं. ६६८६' बाट स्वीकृत भई आएको व्यहोरा जानकारी गराउँदछौं। यस कम्पनीले संचालनमा ल्याएको मुनाफामा सरिक हुने (बोनस आर्जन गर्ने) गरी जारी गरिएको सबै किसिमका जीवन बीमालेखहरु अन्तर्गत आ.व.२०७९/२०८० का लागि प्रति वर्ष प्रति हजार बीमाङ्कमा उल्लेखित बोनस दर निर्धारण गरिएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं।

बीमालेखको किसिम	बीमा अवधि (वर्ष)	बोनस (प्रति हजार)	बीमालेख संख्या
सावधिक जीवन बीमालेख (सुरक्षित जीवन, जीवन ज्योति, ग्रामिण सावधिक, सावधिक लघु, केटाकेटी, सुनिश्चित भविष्य तथा शिक्षा जीवन बीमा, जीवन लक्ष्मी, जीवन उदय एकल)	०-१०	६०	३२,५६५
	११-१५	६०	२४५,८७५
	१६-२०	६०	१२८,१८६
	२१-२५	७०	१७,७१८
	२६-३०	८२	२,१२४
	३० भन्दा माथि	८२	१११
सावधिक जीवन बीमालेख (नौलो सुरक्षित, नौलो केटाकेटी जीवन बीमा)	०-१०	६५	३,००४
	११-१५	६५	४१,९८८
	१६-२०	६५	३४,०६१
	२१-२५	७२	७,५१०
	२६-३०	८२	४७६
	३० भन्दा माथि	८२	२७
सावधिक जीवन बीमालेख (जीवन समुन्नत)	०-१०	५६	६१
	११-१५	५६	७६४
	१६-२०	५६	३६६
	२१-२५	६०	१८८
	२६-३०	७०	२६
	३० भन्दा माथि	७०	०
सावधिक जीवन बीमालेख सुनौलो भविष्य जीवन बीमा योजना (विकल्प १ / विकल्प २)	०-१०	६०	१,१७०
	११-१५	६०	८,६९६
	१६- १९	६०	२,१५६
	२०-२५	६२	८४४
	२६-३०	६५	६०
	३० भन्दा माथि	६५	३०
सावधिक जीवन बीमालेख सुनौलो भविष्य जीवन बीमा योजना (विकल्प १) एकल बीमाशुल्क	०-१०	५५	१,१२६
	११-१५	५५	१,२६९
	१६- १९	५५	११४
	२०-२५	५७	११५
	२६-३०	६०	६०
	३० भन्दा माथि	६०	२०
सावधिक तथा आजीवन बीमालेख (जीवन साहारा, अनमोल जीवन)	०-१०	६०	६,९२३
	११-१५	६०	१२३,७९४
	१६-२०	६०	४४,६६८
	२१-२५	७०	१९,२३२
	२६-३०	८२	२,०५८
	३० भन्दा माथि	८२	६२
अग्रिम भुक्तानी सावधिक बीमालेख (जीवन सम्वृद्धि)	१५	५०	२७,१५०
	२०	५०	३,१६३
अग्रिम भुक्तानी सावधिक बीमालेख (धन वर्षा-१५ वर्ष, धन वर्षा-२० वर्ष, नौलो धन वर्षा, जीवन उन्नती, छोराछोरी र सदावहार जीवन)	०-१०	५०	३२९
	११-१५	५०	५,७५६
	१६-२०	५०	५,१४२
	२१-२५	५०	३४
	२६-३०	५०	०
	३० भन्दा माथि	५०	०
अग्रिम भुक्तानी सावधिक बीमालेख (नौलो जीवन सम्वृद्धि)	०-१०	५१	१,२५४
	११-१५	५१	२५,०५७
	१६-२०	५१	६,४९९
	२१-२५	५१	३१६
	२६-३०	५१	०
	३० भन्दा माथि	५१	०
अन्य (जीवन सारथी)	०-१०	६२	०
	११-१५	६२	१०,८८३
	१६-२०	६२	३,५६७
	२१-२५	७२	२,६९७
	२६-३०	८५	३२७
	३० भन्दा माथि	८५	०

कम्पनीको आगामी बीमाङ्कीय मूल्याङ्कन नभएसम्मका लागि अन्तरिम बोनस दर उपरोक्त बमोजिम कायम गरिएको जानकारी गराउँदछौं। कम्पनीको यस सफलताका लागि हामी हाम्रा आदरणिय बीमित, प्रतिवद्ध अभिकर्ता, शेयरधनी महानुभाव, कर्तव्यनिष्ठ कर्मचारी, श्री नेपाल बीमा प्राधिकरण, सरोकारवाला निकाय एवं शुभेच्छुकहरुमा हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछौं।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
NEPALLIFE
जिवनभरि जीवन अमूल्य छ...

रजिष्टर्ड कार्यालयः वीरगञ्ज, पर्सा
केन्द्रिय कार्यालयः क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं
फोन नम्बरः ४७७-१-५४७०४७१
इमेलः info@nepallife.com.np
वेबसाइटः www.nepallife.com.np

Invitation for Bids

Government of Bagmati Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
Infrastructure Development Office
Kavrepalanchok, Nepal
Date of publication: - 28 April, 2024

1. ***The Government of Bagmati Province has allocated funds*** towards the cost of following construction work Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Infrastructure Development Office, Dhulikhel, Kavrepalanchok*** invites electronic bids from eligible bidders for the construction of under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Name: Infrastructure Development Office Location: -Dhulikhel, Kavrepalanchok, Email Address: - idokavrepalanchok1@gmail.com, Telephone: - 011-490713*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Pre-bid meeting	Last Date of Submission	Date of Opening	Bid validity	Bid security Validity Period
17 May, 2024, 11:00 AM	29 May, 2024, 12:00 PM	29 May, 2024, 1:00 PM	90 days from bid opening	30 days beyond bid validity

Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank : Rastriya Banijya Bank, Name of Office : Infrastructure Development Office, Kavrepalanchok,
Office Code no.: 3370126013, Office Account no.: 1000100200010000, Rajaswa (revenue) Shirshak no.: 14229

4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

S.N.	Name of Road	Construction Turnover (NRs)	Bid Security Amount (NRs)	Cost of Bid	Contract ID	Minimum Work experience of similar size and nature
1	Upgrading Works of Panauti-Khopasi Road Section (0+000-0+750), Panauti Municipality	57 million	945,000	5,000	IDOKAVRE/W/NCB/57/080/081	Not Applicable

■ नेपाल र वेस्ट इन्डिज 'ए' टी-२० सिरिज

कप्तान रोहितको सानदार प्रदर्शन

कप्तान रोहितकुमार पौडेलले शतक बनाएपछि घरेलु मैदानमा नेपालले वेस्ट इन्डिज 'ए'विरुद्ध ४ विकेटको जित निकाल्यो, सिरिजमा अग्रता





वेस्ट इन्डिजविरुद्ध विकेट लिएपछि खुसियाली मनाउँदै नेपाली खेलाडी (बायाँ), त्रिवि मैदानमा घरेलु टोलीको समर्थनमा उपस्थित दर्शक (दायाँ) । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

कप्तान रोहितकुमार पौडेलको सानदार शतक प्रेरित नेपाली राष्ट्रिय क्रिकेट टोलीले वेस्ट इन्डिज 'ए' विरुद्धको पहिलो टी-२० खेल चार विकेटले जितेको छ । शनिबार कीर्तिपुरस्थित त्रिवि खेल मैदानमा जित निकालेसँगै नेपालले पाँच खेलको शृंखलामा १-० को अग्रता बनाएको छ । दोस्रो खेल आइतबार नै हुनेछ । नेपालको इनिङ्समा कप्तान रोहितले शतक बनाएका हुन् । अन्य खेलाडीले पनि सम्हालिएर खेलेपछि नेपालले रोमाञ्चक जित निकालेको हो । वेस्ट इन्डिजका कप्तान रोस्टन चेजले पनि अर्धशतक बनाएका हुन् ।

पहिलोपटक नेपाल भ्रमणमा आएको वेस्ट इन्डिजले टस हारेर पलिहे ब्याटिङ गर्दै दुई सय पाँच रनको लक्ष्य प्रस्तुत गरेको थियो । प्रत्युत्तरमा १५ हजारमाथि समर्थकको साथ पाएको नेपालले १९.४ ओभरमा ६ विकेट गुमाउँदै जित निकालेको हो । जित र शतकपछि रोहितले खुसियाली मनाएनन् । 'अन्तिमसम्मै खेल्छु भन्ने थियो । फेरि पपुवा न्युगिनीविरुद्ध शतक बनाउँदा पनि खुसियाली मनाएको थिइनँ । त्यसैले पनि आज शतकको खुसियाली मनाइन्,' रोहितले खेलपछि भने, 'ओमानमा राम्रो हुन सकेन । त्यसैले राम्रो गर्छु भन्ने थियो । सोहीअनुसार नतिजा आएको छ । यो इनिङ्समा अन्य खेलमा आत्मबल बढ्छ ।'

गत साता ओमानमा भएको एसिसी प्रिमियर कपको सेमिफाइनलमा संयुक्त अरब इमिरेट्ससँग पराजित भएपछि नेपालले एसिया कपमा भारत र पाकिस्तानसँग खेल्न अवसर गुमाएको थियो । नेपालको प्रशिक्षक मोन्टी देसाईले पनि रोहितको इनिङ्समा खुसी रहेको प्रतिक्रिया दिएका छन् । 'रोहितले धेरै राम्रो खेले । यस्तो इनिङ्स पहिलोपटक हेरेको छु ।' प्रशिक्षक मोन्टीले पहिलो खेलमा अनुभवी आसिफ सेख, सोमपाल कामी र करण केसीलाई बाहिर राख्दै विकेट किपर तथा ब्याटर अनिलकुमार साह, विवेक यादव र कमलसिंह ऐरीलाई मौका दिएका थिए । आइसिसी ट्वान्टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको तयारीस्वरूप वेस्ट इन्डिज पहिलोपटक नेपालमा खेल्न आएको हो । वेस्ट इन्डिजले सन् २०१२ र २०१६ मा टी-२० आई विश्वकप उपाधि उचालेको थियो । नेपाल र वेस्ट इन्डिजको सिनियर टोलीबीच गत वर्ष जिम्बाबेमा भएको एकदिवसीय विश्वकप छनोटमा प्रतिस्पर्धा भएको थियो ।

यो इनिङ्स खेल्छु भन्ने सोचेको थिइनँ

रोहितकुमार पौडेल, कप्तान, नेपाल



क्रिज पुग्दा यो इनिङ्स खेल्छु भन्ने केही सोचेकै थिइनँ । मेरो दिन छ जस्तो लाग्यो । लाइन क्रस गरे पनि खुसियाली मनाउँछु भनेर शतक बनाउँदा रोकिए । टिम मिटिङमा सबै सकारात्मक कुरा हुन्छ । मनोबल बढाउन केही गर्नुपर्छ त्यसमा ध्यान दिएको हुन्थ्यौं । आजको यो जितले आत्मबल बढाउँछ । सुरुमा जाँदा बल हेरेर खेलेको थिएँ । ओमानसँग हार्दा सबै स्तब्ध थियौं ।

ब्याटिङमा राम्रो गर्‍यौं

मोन्टी देसाई, प्रशिक्षक, नेपाल



हामीले गुजरातमा राम्रो गरेका थियौं । ओमानमा पुग्दा राम्रो भएन । स्तब्धपूर्ण रह्यो । कसैको पनि अनुमान सोचेजस्तो रहेन । तर, फर्किएपछि घरमै राम्रो गर्न सफल भयौं । ब्याटिङमै राम्रो भएको छ । हामी कसरी प्रस्तुत हुन्छौं भन्ने कुरा हो । मैले नेपालमा पहिलोपटक यो इनिङ्स देखेको हो । धेरै खुसी छु । रोहितले विश्वास जितेको छ । हामी सिकिरहेकै छौं । विश्वकपमा राम्रो गर्छौं ।

अन्तिम तीन ओभर राम्रो भएन

फ्लोयद रेफर, प्रशिक्षक, वेस्ट इन्डिज 'ए'



अन्तिम तीन ओभर राम्रो गर्न नसक्दा नेपालविरुद्ध हार व्यहोर्न पुगेका छौं । ब्याटिङमा राम्रो भयो । पावर प्लेमा राम्रो भएको थियो । हाम्रा युवा खेलाडीले राम्रो खेलेका छन् । हामी अझै बाँकी खेल जित्नेमा सकारात्मक छौं । रोहितले धेरै राम्रो खेले खेलेका छन् । उनले धेरै राम्रो सट खेलेका छन् । कप्तानी इनिङ्स खेले ।

रोहितको सम्हालिएको इनिङ्स

नेपालको जितमा कप्तान रोहितले सम्हालिएर उत्कृष्ट प्रदर्शन गरेका हुन् । २.१ बलमा नेपालले एक विकेट गुमाएर १२ रन बनाएको अवस्थामा रोहित क्रिजमा आएका थिए । १८.५ ओभरमा नेपालले एक सय ९२ रन बनाएर ६ विकेट गुमाउँदा रोहित आउट भएका हुन् । रोहितले ५४ बलमा १० चौका र ६ छक्कासहित सर्वाधिक ११२ रन बनाएका हुन् । त्यसअघि, रोहितले १७.२ ओभरमा ४६ बल खेल्दै १० चौका र पाँच छक्कासहित शतक बनाउन सफल भए । यद्यपि, खेल आइसिसीको मान्यता नहुँदा रोहितको शतकले अन्तर्राष्ट्रिय मान्यता पाउनेछैन । रोहितले २७ बलमा ६ चौका र २ छक्कासहित ५१ रन बनाए । रोहितले अर्धशतक बनाउँदा तीन विकेट गुमाएको नेपालले १०.२ बलमा ९३ रन बनाएको हो । रोहित आउट हुँदा नेपाललाई १३ रन आवश्यकता थियो । क्रिजमा रहेको गुल्सन झा र प्रतिश जिसीले अन्तिम ओभरमा जित दिलाएका हुन् । गुल्सनले ४ बलमा ९ र प्रतिशले २ बलमा पाँच रन बनाए । त्यस्तै, दीपेन्द्रसिंह ऐरीले २४, कुशल मल्लले १६, कुशल भुर्तेलले १५ रनको योगदान गरेका थिए । ओपनर अनिलकुमार शाह भने पाँच रन बनाएर आउट हुँदा आफूलाई प्रमाणित गर्न सकेनन् । नेपालको इनिङ्समा रोहित र दीपेन्द्रले ३४ बलमा ६४ रनको साझेदारी गरेका थिए । रोहित र कुशल मल्लले ४४ रनको दोस्रो ठूलो साझेदारी गरेका हुन् । वेस्ट इन्डिजका म्याथु फर्ड र ओवेद म्याककोयले समान दुई विकेट हात पारे ।

कप्तान चेजको अर्धशतक

टस हारेर ब्याटिङ गरेको वेस्ट इन्डिजका लागि कप्तान रोस्टन चेजको अर्धशतक बनाए । वेस्ट इन्डिजबाट ४९ टेस्ट, ४५ एकदिवसीय र ११ टी-२० आई खेलिसकेका चेसले नेपालविरुद्ध ४५ बलमा ९ चौका र दुई छक्कासहित ७४ रन बनाएका हुन् । २५ वर्षीय ओपनर एलिक एथानजीले २५ बलमा पाँच चौका र तीन छक्कासहित सर्वाधिक ४७ रन बनाए । एलिकले वेस्ट इन्डिजबाट चार टेस्ट, १० एकदिवसीय खेल खेलिसकेका छन् । केयसी कार्टीले २६ बलमा दुई चौका र दुई छक्कासहित ३८ रन बनाए । उनी आउट हुँदा वेस्ट इन्डिज १४.२ ओभरमा ४ विकेट गुमाएर १४६ रनमा खेलिरहेको थियो । तेस्रो नम्बर क्रममा क्रिज आएका आन्द्रे फ्लेचरले ५ बलमा १३ रन बनाइरहेको अवस्थामा रोहितकुमार पौडेल र विकेट किपर अनिलले कुमार शाहबाट रनआउट हुन पुगे । केयसी र चेसबीच ६० तथा चेज र कदिम एलिनीबीच ५७ रनका साझेदारी भएको थियो । कदिमले १४ रन बनाए । नेपालका लागि कमल, रोहित, दीपेन्द्र र अभिनाश बोहरालेे समान एक विकेट हात पारे । टोलीमा कमब्याक गरेको कमलले तीन ओभरमा एक विकेट लिएर ५३ रन खर्चिए ।

खेल संक्षेप

मिल्स गोल्डकप उपाधि एपिएफलाई

विराटनगर/ विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले पकली सुनसरीले चौथो मिल्स गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । शनिबार विराटनगर जुटमिलको खेल मैदानमा भएको फाइनलमा घरेलु टिम पेमा युवा क्बललाई ३-१ ले हराउँदै एपिएफले उपाधि जितेको हो । जितसँगै एपिएफले नगद दुई लाख ११ हजार एक सय रुपैयाँ हात पारेको छ । एफिएफका लागि भरत कपाली, दिसन राई र धनबहादुर श्रेष्ठले समान एक गोल गरेका हुन् । पेमा युवा क्लबको तर्फबाट सान्त्वना गोल मिलन राईले फर्काए । ०७७ सालमा एफिएफले प्रथम संस्करणको उपाधि जितेको थियो । साइनो स्पोर्टस् क्लब रानी मोरङलाई टाइब्रेकरमा ४-३ गोलले हराउँदै एफिएफले उपाधि जितेको थियो । उपविजेता बनेको पेमाले एक लाख ११ हजार एक सय ११ रुपैयाँमा चित्त बुझायो ।

प्रदीप र अभिलाषा च्याम्पियन

काठमाडौं/ प्रदीप खड्का र अभिलाषा विष्ट १०औं सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिताको एकलतर्फ च्याम्पियन बनेका छन् । शनिबार डिफेन्डिङ च्याम्पियन प्रदीपले पुरुष तथा अभिलाषाले महिलातर्फ उपाधि जितेका हुन् । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को टेनिस कोर्टमा भएको पुरुष एकलफाइनलमा प्रदीपले प्रणव मानन्धरलाई ६-३ र ६-२ को सोझो सेटमा पराजित गरेका हुन् । महिलाको उपाधि भिडन्तमा अभिलाषाले सुनिरा थापालाई ६-० र ६-१ को सीधा सेटमा पराजित गरिन् । दुवै विधाका विजेताले ५० हजार तथा उपविजेताले २५ हजार नगद पुरस्कार पाएका छन् । शुक्रबार अभिलाषाले मिक्स डबल्समा ऋतिक राणासँग मिलेर स्वर्ण जितेकी थिइन् । प्रतियोगितामा विभिन्न ११ स्पर्धामा प्रतिस्पर्धा भएको थियो ।

उकेश र टार्जनलाई कांस्य

काठमाडौं/ जापान वाटाद्वारा आयोजित २०औं वाटा ओपन अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा नेपालले दुई कांस्य पदक जितेको छ । शनिबार टार्जन कायात मगर र उकेश थापा मगरले पुरुष ३० केजीमुनि तौल समूहमा कांस्य पदक जितेका हुन् । टार्जनले ६.६० र उकेशले ६.६३ स्कोर गरे । २४ देशको सहभागिता रहेको प्रतियोगितामा आइतबार वीरबहादुर महराले ७४ केजीमुनि प्रतिस्पर्धा गर्नेछन् । नीरज देउवा, चन्द्रबहादुर राना मगर, धनबहादुर तामाङ, सानी रानामगरलगायत अन्य खेलाडीको पनि पदकका लागि प्रतिस्पर्धा गर्नेछन् ।

महालक्ष्मी विजयी

काठमाडौं/ गोदावरी नगरपालिकामा प्रथम उपत्यकाव्यापी अन्तरपालिका खुला मेयर कप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा शनिबार महालक्ष्मी नगरपालकाले विजयी सुरुवात गरेको छ । झ्यालुन्टार खेल मैदानमा महालक्ष्मीले आयोजक गोदावरी नगरपालिकाको ए टिमलाई पेनाल्टी सुटआउटमा ४-२ ले हराएको हो । महालक्ष्मीका लागि सिद्धान्त अधिकारी, निसान राउत, सरोज राई र निसान बस्नेतले गोल गरे । पराजित गोदावरीका लागि सुवास तामाङ र सायर तामाङले एक-एक गोल गरे । गोदावरीका लागि सुरुवाती २ पेनाल्टी गोलमा परिणत हुन सकेन । दुई पेनाल्टी रोकेका महालक्ष्मीका गोलकिपर आर्यन महर्जन प्लेयर अफ दी म्याच घोषित भएका छन् । यसअघि निर्धारित ९० मिनेटसम्मको खेल बराबरी भएपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट भएको थियो ।

स्माइल र हान्निसदोतिर पहिलो

कास्कीमा रोहितराज पराजुली

इजिप्टका सिफिल्दिन स्माइल र इजरायलकी इड्डा हान्निसदोतिरले पोखरामा सम्पन्न एसियन ट्रायथलन कप २०२४ को उपाधि जितेका छन् । शनिबार नेपाल ट्रायथलन संघको आयोजनामा एसियन ट्रायथलन कपको उपाधि हान्निसदोतिरले तथा दक्षिण एसियन च्याम्पियनसिपमा स्माइलले जितेकी हुन् । निर्धारित ७५० मिटर पौडी, २० किलोमिटर साइक्लिङ र ५ किलोमिटर दौडको दूरी ५६ मिनेट ४५ सेकेन्डमा पूरा गर्दै पुरुषतर्फ स्माइल र १ घन्टा ६ सेकेन्डमा दूरी पूरा गर्दै महिलातर्फ हान्निसदोतिरले उपाधि जितेकी हुन् ।



प्रतियोगितामा १५ देशका ३८ पुरुष र २४ महिला गरी ६२ जना खेलाडीले प्रतिस्पर्धा गरेको गण्डकीका अध्यक्ष तथा प्रतियोगिता व्यवस्थापन कमिटीका संयोजक डिल्लीराज सुवेदीले जानकारी दिए । प्रतियोगितामा नेपालसँगै अस्ट्रेलिया, युनाइटेड अरब इमिरेट्स (युएई), प्यालेस्टाइन, उरुग्वे, अस्ट्रिया, अल्जेरिया, न्युजिल्यान्ड, लक्जम्बर्ग, जापान, भारत, मोरिसस, काजकस्तान, बंगलादेश र उज्वेकिस्तानका खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

पुरुषतर्फको अस्ट्रेलियाका ब्रोकलिन हेनरी दोस्रो, जापानका मित्सुहो मोचीजुकी तेस्रो, अस्ट्रेलियाका निक फ्रिसवाई चौथो र जापानका युया कोवायासीले पाँचौं स्थान प्राप्त गरे । महिलातर्फ गाम्बियाकी मानामी इजिमा दोस्रो, उज्बेकिस्तानकी एलिना खाकीमोभा तेस्रो, इन्डोनेसियाकी मार्टिना आयु प्रातिवी चौथो र जापानकी इक्युमी सेटोले पाँचौं स्थान हात पारिन् । प्रतिस्पर्धीहरूले फेवातालमा पौडीसँगै साइक्लिङ र दौड भने गौरीघाटबाट सुरु गरेर सहिदचोक, मुस्ताङचोक, विरौटाचोक, ड्यामसाइट, राष्ट्र बैंक चोक हुँदै पुनः गौरीघाटमा आएर सम्पन्न गरेका थिए । दुवैतर्फको विजेताले ६ सय ३०, दोस्रोले पाँच सय २५, तेस्रोले चार सय २०, चौथोले तीन सय १५ र पाँचौंले दुई सय १० अमेरिकी डलर पुरस्कार पाएका छन् ।

दक्षिण एसियाली ट्रायथलन पुरुषतर्फ भारतका आदर्श मुरलीधरण नायर सिनिमोल र महिलातर्फ भरतकै मान्सि मोहीतीले उपाधि जितेका छन् । सिनिमोलले उपाधिमा ह्याटिक गरिन् । पुरुषतर्फ भारतकै कौशिक विनय मालन्दकर दोस्रो, नेपालका विपिन खत्कत्वा तेस्रो र नेपालका प्रवीन थारूले चौथो स्थान हात पारे । महिलातर्फ नेपालकी श्रेवी महर्जन दोस्रो, नेपालकी शोभा बलामीले तेस्रो स्थान हात पारिन् । जुनियर साउथ एसियन च्याम्पियनसिपअन्तर्गत भारतका साइलोहितक केडी पहिलो, भारतकै कृषिभ पटेल दोस्रो र नेपालका यजु महर्जन तेस्रो भए । महिलातर्फ नेपालकी श्रेवी महर्जन पहिलो भइन् ।

राष्ट्रियतर्फ विपिन र श्रेवी पहिलो

राष्ट्रियतर्फ पुरुषमा विपिन खत्कत्वा र महिलामा श्रेवी महर्जन पहिलो भएका छन् । विपिनले एक घन्टा पाँच मिनेट २५ सेकेन्ड तथा श्रेवीले एक घन्टा ११ मिनेट ४५ सेकेन्डमा दूरी पूरा गरेका हुन् । पुरुषतर्फ प्रवीन थारू दोस्रो, मुकेश थारू तेस्रो र यजु महर्जनले चौथो स्थान हात पारे । महिलातर्फ शोभा बलामी दोस्रो, ज्ञानुकुमारी चौधरी तेस्रो र पुष्पा रोकाया चौथो भइन् । आइतबार दुवाथलन हुने भएको छ ।

एपिएफ छैटौंपटक च्याम्पियन



काठमाडौं/ विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले सातौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि जितेको छ । शनिबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा भएको फाइनलमा एपिएफले अर्को विभागीय टोली नेपाल पुलिस क्लबलाई सोझो सेटमा हरायो । लगातार उपाधि जित्ने क्रममा एपिएफले पुलिसलाई २५-२२, २६-२४ र २५-१९ ले हराएको हो । पूजा थारू, निरुता ठगुन्ना, कविता भट्टलगायत खेलाडीले सानदार प्रदर्शन गरे पनि एपिएफले सहज जित निकालेको हो । सातौंपटक प्रतियोगिता आयोजना हुँदा एपिएफ छैटौंपटक च्याम्पियन बन्यो । विजेता एपिएफले चार लाख ९९ हजार तथा उपविजेता पुलिसले दुई लाख ५० हजार नगद पुरस्कार पाएका छन् ।

प्रतियोगितामा साबिक विजेता न्यु डायमन्डले तेस्रो स्थानमा चित्त बुझायो । तेस्रो स्थानका लागि भएको खेलमा न्यु डायमन्डले आर्मीलाई ३-१ को सेटमा हरायो । पहिलो सेट आर्मीले २६-२४ ले जितेको थियो । त्यसपछि रिमा कुँवरसँगै अन्य खेलाडीले उत्कृष्ट प्रदर्शन गर्दा कमब्याक गर्दै न्यु डायमन्डले २५-२०, २५-१५ र २५-२० ले जितेको हो । लिग चरणमा न्यु डायमन्डले आर्मीलाई हराएको थियो । न्यु डायमन्डले एक लाख २५ हजार तथा आर्मीले ६२ हजार पाँच सय रुपैयाँ नगद पुरस्कार प्राप्त गरे । प्रतियोगितामा एपिएफकी निरुता ठगुन्ना सर्वोत्कृष्ट खेलाडी घोषित भएकी छिन् ।

VACANCY ANNOUNCEMENT

North Valley School invites applications from qualified & experienced candidates for the following posts:

S.N	Level	Qualification	No.
1	Secondary	M.A./M.Ed. in English	1
2	Primary Science & Math (Class 4 & 5)	+2 Science/Equivalent	1
3	Primary Coordinator	B.A./B.Ed./B.Sc. in English/ Math/Science	1
4	Grade 3	+2/Equivalent in any subject	1
5	Grade 2		1
6	Grade 1		2
7	Primary Computer	+2/Equivalent in Computer Science	1
8	Primary Nepali	+2/Equivalent in Nepali	1

Experience/Training: Minimum 2 years in related field.
Grade teachers require Level 1 Montessori training. For computer teacher, graphic design & videography training is preferred.

Salary:
17K (Primary) to 40K (Secondary) depending upon skill & training + Lunch. Interested candidates may send CV with academic certificate at nvess@yahoo.com / info@nvess.edu.np.

North Valley School
Tarkeshwar-6, Jaranku, Kathmandu
Tel: 9841833170, 9841868023, 4025521, 4025590
www.nvess.edu.np

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com